मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक

वर्ष २६ पूर्णाङ्क १०५ साउन २०८०

*संस्थापक*
**सुशील-प्रकाश**

*सल्लाहकार*
**डा. कुन्दन अर्याल**
अध्यक्ष, इन्सेक
**विजयराज गौतम**
कार्यकारी निर्देशक, इन्सेक

*सम्पादक*
**मदन पौडेल**

*व्यवस्थापक*
**शैलेश शर्मा**

*मुद्रक*
**भेराइटी प्रिन्टर्स**
**काठमाडौँ**

- यथावत २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ५
- नेपालको मानव अधिकार .../सुशील प्याकुरेल ९
- नेपाली मानव अधिकार /... तारक धिताल १४
- नेपालको मानव अधिकार .../कोमल भट्टराई २२
- अर्को साझा प्रयत्नको .../सुबोधराज प्याकुरेल २९
- प्रजातन्त्र पुर्नस्थापनाका .../प्रा. डा. राजेश गौतम ३८
- लोकतन्त्र, नागरिक समाज .../शोभाकर बुढाथोकी ४३
- मानव अधिकार : राजनीतिक ..../प्रा. पुरुषोत्तम दाहाल ५३
- २०४६ सालको जनआन्दोलन.../अच्युत आचार्य ५९
- पञ्चायतकालीन ..../रमेशप्रसाद तिमल्सिना ६६
- अपहरित नेपाल प्रहरीलाई .../भोला महत ७०
- सशस्त्र द्वन्द्व : केही अनुभूतिहरू/खड्कराज जोशी ७२
- राष्ट्रिय मानव अधिकार आयोग ..../कृष्ण गौतम ७४
- प्रकाश काफ्लेले निर्देशन गर्नु भएको मार्ग ७६
- स्थलगत प्रारम्भिक अध्ययन ७९
- फेरि पनि प्रकाशकै सम्झनामा ८३
- २९ औं प्रकाश मानव अधिकार पुरस्कार.... ८४
- अन्तर्वार्ता /दमननाथ ढुंगाना ८५

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा : २७२६ काठमाडौँ
टेलिफोन : ०१-५२१८७७०, फ्याक्स : ०१-५२१८२५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.insc.org.np; www.inseconline.org

## यथावत



न्यायालयप्रति आस्था, विश्वास र भरोसामा ह्रास आएको छ । त्यसलाई कसरी जनस्तरमा आशा र विश्वास भर्ने गरी काम गर्न सकिन्छ भनेर मेरै नेतृत्वमा एउटा कार्यदल बनेको थियो । त्यसले दिएको प्रतिवेदनका आधारमा हामीले सुधारका काम सुरु गरेका छौं ।

**हरिकृष्ण कार्की**, प्रधानन्यायाधीश, सर्वोच्च अदालत
https://nagariknews.nagariknetwork.com/interview/1208101-1687053394.html



हामीले अभ्यास गरिरहेको लोकतन्त्र सुन्दर र सही छ । अहिलेको संविधान लोकतन्त्रको मूल बाटो हो । हामी सबै लोकतन्त्रवादी यो मूलबाटोभन्दा बाहिर जान हुन्न । सजग भएर हिँड्नुपर्छ ।

**रामवरण यादव**, पूर्व राष्ट्रपति
https://www.himalkhabar.com/news/136012




हाम्रो संविधानमा स्वतन्त्रता छ । तर, त्यो भनेको अराजकता जे पनि गर्ने स्वतन्त्रता होइन । पहिला पहिला पनि यस्ता कुरा उठेका छन् । हामीले अभिव्यक्ति स्वतन्त्रतालाई जुन हदसम्म संविधानले स्वीकार गरेको छ । त्यो भन्दा बाहिर जानु हुँदैन ।

**महेश बर्तौला**, प्रतिनिधि सभासदस्य एवम् सचेतक, नेकपा एमाले
https://khabarhub.com/2023/03/520057/

जातीय विभेद, घरेलु हिंसा या अन्य कुनै पनि सामाजिक विसङ्गतिहरूमा प्रमाणित एवम् कुनै पनि प्रकृतिका मागहरू सारेर आन्दोलन गर्ने क्रममा अमर्यादित व्यवहार ( शारीरिक आक्रमण, मोसो दल्ने आदि) गर्ने पार्टी सदस्य एवम् भ्रातृ र शुभेच्छुक संस्थामा आबद्ध व्यक्तिको सदस्यता अविलम्ब खारेज गर्ने निर्णय गर्दछ ।

**नेपाली कांग्रेस केन्द्रीय समितिको निर्णय**
https://ekantipur.com/news/2023/07/29/169062662290625879.html

## कार्टून




साभार : कान्तिपुर दैनिक

## प्रिय पाठक !

तपाईंलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?
प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईंको अपेक्षा छ ?
कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।
email : prachi@insec.org.np

**सम्पादक**

# नेपालको मानव अधिकार आन्दोलनको गौरवमय परम्परा

नेपालको मानव अधिकारको इतिहास धेरै पुरानो छैन। संसारका अन्य मुलुकले मानव अधिकार, प्रजातन्त्र र स्वतन्त्रताका पक्षमा काम गर्दै गर्दा नेपालमा जहानियाँ राणाशासन कायम थियो। राणाशासनको अन्त्यपछि स्थापित प्रजातन्त्र लामो समय कायम रहेन। दश वर्ष नबित्दै पुनः निर्दलीय शासन व्यवस्थाको शुरुआत भयो। जुन शासन व्यवस्थाबाट नेपाली जनता ३० वर्षसम्म शासित हुन पर्‍यो।

सामाजिक न्यायका लागि जातीय छुवाछुत र विभेदको अन्त्य, नारी पुरुष समानताको सङ्घर्ष, बालविवाह प्रथाको अन्त्य र विधवा पुनर्विवाहको उद्घोष, विपन्नहरूकाप्रति न्यायको आग्रह जस्ता अनेक विषयमा राज्यसँग प्रत्यक्ष नैतिक आवाज उठाउने र आत्मबलिदान दिने योगमाया र उनका सहयात्रीहरूको जीवन गाथा नेपाली माटोमा मानव अधिकार आन्दोलनको महान् र ऐतिहासिक आधार हुन्। राजनीतिक आन्दोलनले मात्रै मानव अधिकारको पक्षपोषण हुन्छ भन्ने हुँदैन।

राजनीतिक अभियानको अभ्यास प्रचण्ड गोर्खाले १९८८ सालमा गरेको थियो। तर, विसं. १९९३ मा स्थापित र सक्रिय नेपाल प्रजा परिषद्ले चलाएको नागरिक स्वतन्त्रताको अभियान नै नेपालको मानव अधिकारको प्रथम सङ्गठित राजनीतिक पाइला मान्नुपर्ने हुन्छ। जहाँनिया राणा शासनकालमा योगमायाको विद्रोह, प्रजापरिषद्को स्थापना, नेपाली कांग्रेस पार्टीको स्थापनाजस्ता कार्य मानव अधिकारका बारेमा विश्वमा बढिरहेको चेतनाको प्रभावका रूपमा रहेको मान्न सकिन्छ। पञ्चायतको उत्तरार्द्धमा गठन भएका मानव अधिकार संरक्षण मञ्च, नेपाल मानव अधिकार सङ्गठनजस्ता संस्थाले मानव अधिकारको विषयमा सरकारी अवरोधकाबीच आवाज उठाएको पाइन्छ। यस्ता अभियानले प्रजातन्त्रका लागि आवाज उठाइरहेका राजनीतिक दलका अभियानलाई सहयोग पुग्नुका साथै नेपालको मानव अधिकारको खस्कँदो अवस्थाका बारेमा अन्तर्राष्ट्रिय समुदायलाई जानकार बनाउन मद्धत पुगेको थियो। त्यतिबेला मानव अधिकार, राजनीतिक स्वतन्त्रता, वाक स्वतन्त्रताका बारेमा अभियान सञ्चालन गर्ने अभियन्ताहरूले त्यसयता समाजको विभिन्न योगदान पुर्‍याउनु भएको छ।

२०४६ सालको जनआन्दोलनले नेपालमा मानव अधिकारहरूको बहालीको लागि प्रमुख आधारहरू तय गरेको थियो। नेपाल अधिराज्यको संविधान २०४७ को घोषणापछि नेपालमा बहुदलीय व्यवस्था, स्वतन्त्र न्यायपालिका, मौलिक हक तथा अधिकारहरू सहित उल्लङ्घनमा संवैधानिक उपचारको व्यवस्था, निरंकुश राजतन्त्रलाई संवैधानिक तथा कानुनी निकायका रूपमा रूपान्तरण, संसदलाई सार्वभौमसत्ता सम्पन्न बनाएको, राज्यको

शासनको स्रोत राजा भन्ने व्यवस्था हटाइ जनतालाई मानिएको, बन्दीप्रत्यक्षीकरणसहित अन्य असाधारण प्रकृतिका रिट्हरूको व्यवस्था गरी मानव अधिकारको बहालीका लागि महत्वपूर्ण आधारको रूपमा रहेको विषयहरूको सुत्रपात गरेको पाइन्छ। उक्त संविधानमा मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ मा भएका केही महत्वपूर्ण अधिकारहरू मध्ये समानताको हक, स्वतन्त्रताको हक, छापाखाना तथा पत्रपत्रिकासम्बन्धी हक, फौजदारी न्यायसम्बन्धी हक, सम्पत्तिको हक, धर्मसम्बन्धी हकहरूलाई समावेश गरी त्यसको उल्लङ्घनमा उपचार पाउने हक समेतलाई मौलिक हकको रूपमा समावेश गरी नागरिक तथा व्यक्तिका मानव अधिकारहरूको रक्षा गर्ने अवस्थाको बिजारोपण भयो।

मानव अधिकार प्रत्येक मानिसमा जाति, भाषा, धर्म, लिङ्ग, राष्ट्रियता, उत्पत्ति, सामाजिक र आर्थिक स्थिति, राष्ट्रिय सीमाना आदिको भेदभाव बिना प्राप्त हुने अधिकार हुन्। सबै मानिस सबै अधिकार र स्वतन्त्रताका हकदार छन्। सामान्य अर्थमा मानवलाई मानव भएका कारणले प्राप्त हुने सबै अधिकार मानव अधिकार हुन्।

मानव अधिकारलाई कसैले खोस्न, नास्न, मास्न वा मानव जीवनबाट छुट्याउन सक्दैन भन्ने पनि मानिन्छ। प्राकृतिक अधिकारको रूपमा मानव अधिकारलाई लिइने हुनाले पनि यसको महत्व अझ बढेको छ। मानव अधिकारलाई जुनसुकै विशेषणद्वारा विभूषित गरिएको भए तापनि वास्तवमा यो मानिसका लागि मानिस भएर बाँच्न अपरिहार्य रूपमा स्थापित भएको अधिकार हो। मानिसको जीवन, मर्यादा, समानता र स्वतन्त्रता मानव अधिकारको संरक्षणका मुख्य क्षेत्र हुन्। मानव अधिकार निर्वाध उपयोग गर्न सक्षम भएकोले नै मानव जाति अन्य प्राणीभन्दा भिन्न भएको हो भन्ने मानिन्छ।

यसै विकासक्रमको पछिल्लो उपलब्धि २०७२ सालमा जारी संविधानलाई लिन सकिन्छ। पहिलोपटक जनताका प्रतिनिधिको सभा संविधानसभाबाट जारी नेपालको संविधानमा मौलिक हकको बृहत् व्यवस्था गरिएको छ। संविधानमा उल्लेखित व्यवस्थाको कार्यान्वयन गर्न सकियो भने विगतदेखि नेपालका मानव अधिकारकर्मीले उठाउँदै आएको मानव अधिकार र सामाजिक न्यायका विषयमा हामी अगाडि बढ्न सक्छौँ। पञ्चायतकालीन कठोर सङ्घर्षका दिनदेखि लोकतन्त्रको सुन्दर बिहानीसम्म आइपुग्दा मानव अधिकार उपभोगमा प्राप्त उपलब्धिको रक्षा र संवैधानिक रूपमा गरिएका व्यवस्थाको पूर्ण कार्यान्वयनमा आआफ्नो ठाउँबाट जुट्नु जरुरी छ।

सशस्त्र द्वन्द्वको समाप्ति तथा लोकतान्त्रिक आन्दोलनका क्रममा नेपालका मानव अधिकारकर्मीले ठूलो योगदान गरेको पाइन्छ। नेपालको मानव अधिकार आन्दोलनको इतिहास लामो नभए पनि यसले निर्वाह गरेको गौरवमय परम्पराका कारण नेपालको मानव अधिकारप्रतिको प्रतिबद्धता संसारका लागि अनुकरणीय छ। नेपालले मानव अधिकार तथा सामाजिक न्यायका सन्दर्भमा प्राप्त गरेको उपलब्धि यसै प्राप्त भएको होइन तर यसका लागि मानव अधिकारकर्मी तथा राजनीतिक नेतृत्वको ठूलो योगदान रहेको छ। प्राप्त उपलब्धिको रक्षा र कानुन प्रदत्त अधिकारहरूको बहाली आजको आवश्यकता हो।

इतिहासको पानाबाट

# केवल पुलिस र अदालतको बलमा मानव अधिकारको रक्षा गर्न सकिँदैन

**प्राचीका तत्कालीन सम्पादक *कुन्दन अर्याल*ले विश्वविख्यात दक्षिण एशियाली मानव अधिकार योद्धा स्वामी अग्निवेशसँग प्राचीका लागि गर्नु भएको कुराकानी । यो कुराकानी पुस-माघ २०४९ मा प्रकाशित छ ।**



**स्वामी तपाईं तेस्रो पटक नेपाल आउनुभएको छ, तर प्रजातन्त्रको आगमनपश्चात् तपाईंको यो पहिलो नेपाल भ्रमण हो। मानव अधिकारको क्षेत्रमा तपाईँले यस पल्ट के परिवर्तन देख्नुभयो ? र तपाईंले के निष्कर्ष लिएर स्वदेश फर्कँदै हुनुहुन्छ ?**

नेपालमा आजभन्दा तीन वर्ष अघि कुनै सभा गर्न पनि अनुमति दिइँदैन थियो, आफ्नो सरकारको आलोचना गर्न पाइँदैन थियो। अखबारका सम्पादक सम्मलाई गिरफ्तार गरिन्थ्यो। आज मलाईलाग्छ यहाँका नौजवानहरूले गरेको बलिदानका कारण यहाँ ठूलो उपलब्धि भएको छ। जुन प्रजातन्त्र तपाईंहरूले प्राप्त गर्नुभएको छ, मानव अधिकारको लडाइँमा त्यो आफैँमा एउटा कोशेढुङ्गा बनिसकेको छ।

यहाँको प्रजातन्त्रको लडाइँले टाढाटाढासम्म प्रेरणा प्रदान गरेको छ। पञ्चायती शाहीको नामले चलिरहेको प्रत्यक्ष राजशाहीको अन्त्य भएको छ। पञ्चायती शाहीको नामले चलिरहेको प्रत्यक्ष राजशाहीको अन्त्य भएको छ। यहाँको संसदले जे काम गरिरहेको छ। त्यो ज्यादै सही ढङ्गले गरिरहेको छ। यद्यपि यसको अनुभव ज्यादै नयाँ रहेको छ। तर पनि त्यत्रो हङ्गामा जस्तो हिन्दुस्तानको संसदमा हुने गर्दछ, त्यो यहाँ देखिँदैन। त्यसैले हामी यो संसद, यो सरकार, यो संविधान यो न्यायपालिकाबाट यो आशा गर्न सक्दछौं कि यिनीहरूले मानव अधिकारलाई अधिक प्राथमिकता दिनेछन्।

म चार वर्ष अगाडि यहाँ आउँदा बधुँवा मजदुर प्रणाली नेपालमा विद्यमान छ कि छैन यो कुरा बताउन पनि कोही तयार थिएनन्। आज तीन वर्षमा यति फरक भइसक्यो कि बधुँवा कृषि मजदुरहरूमाथि अनुसन्धान भइरहेको छ, किताब छापिँदैछ। र बयान प्रकाशित भइरहेको छ। कार्पेटका बाल मजदुरहरूका बारेमा एक्सन भइरहेको छ। त्यसैगरी अरु पनि मुद्दाहरु उठिरहेका छन्। महिला र पुरुषको बराबरीको सवाल पनि उठिरहेको छ। यो एउटा शुभ लक्षण हो।

**के तपाईँले यहाँको नकारात्मक पक्ष पनि देखिरहनु भएको छ ?**

नकारात्मक पक्षमा मैले देखेको ताजा उदाहरण टनकपुरको रहेको छ। प्रजातन्त्रमा सरकारको खुलापनको ज्यादै आवश्यकता हुन्छ। कुनै पनि कुरो गोप्य राखिनु हुँदैन। हामी जनताको भलाइका लागि काम गर्दैछौं भने त्यसै कामलाई जनताबाट

छुपाउनु किन ? यो कुरा मलाई यस दुई दिनमा अनुभव भयो।

प्रजातन्त्र र मानव अधिकार ज्यादै राम्रो चित्र हो। तर हामीले सुरुदेखि नै मानव कर्तव्यका बारे पनि बकायदा अभियान चलाउनु पर्दछ- बहस विवादसहित। किनभने अन्तत्वगोत्वा मानव अधिकारको रक्षा हुनै पुलिस वा अदालतले गर्दैन। अन्त्य भन्दा अन्त्यमा मानव समाज, समाजका इकाइहरू, परिवार वा गाउँ समाजले नै हाम्रो रक्षा गर्दछ, हाम्रैं मानव अधिकारहरूको रक्षा गर्दछ।

***नयाँ-नयाँ मानव अधिकार संस्थाहरुको विकास भइरहेको छ। तिनीहरुमाथि कम निर्भर रहेर हाम्रा जो परम्परागत संस्थाहरू छन् ती संस्थाहरुलाई बलियो बनाउनु पर्दछ। जस्तो कि परिवारकै कुरा गरौँ- जो ज्यादै धनवान हुन्छ, ज्यादा पढि लेखी गर्दछन् उनीहरुको परिवार टुट्दछ। उनीहरुमा साथै मिलेर बस्ने भावना कम हुन पुग्दछ। त्यस्तो अवस्थामा केटाकेटीको जुन बाल अधिकार हुन्छ त्यसलाई कुनै सर्वोच्च अदालतले कहिल्यै बचाउन सक्दैन। जब आमाकै मनमा आफ्नो सन्तानका निम्ति माया हुँदैन सर्वोच्च अदालतले पुलिसको मद्दतले थोरै त्यसको प्रतिस्थापन गर्न सक्छ ?***

मेरो भनाइको तात्पर्य यो हो कि हाम्रो परम्परागत संस्कृतिमा मानव अधिकार रक्षाको कुरा छ। हामी गाईको रक्षाका लागि सोच्दथ्यौं। हाम्रो घरको कुकुर हाम्रो घरको सदस्य बन्न पुग्दछ। त्यसैले ती भावनाहरूद्वारा हामी मानव अधिकारहरूको रक्षा गर्न सक्दछौं।

केवल कानुन, अदालत पुलिस प्रशासनको बलमा पश्चिमबाट एउटा अवधारणाको विकास भएको छ- राज्य यन्त्रलाई शक्तिशाली बनाइयो भने त्यसैले सबै कुराको रक्षा गर्दछ। तर यो धारणा हाम्रो धर्तीको धारणा हुन सक्दैन्।

---

# यो संविधानमा लेखिइएकै कतिपय कुराहरू लागू भएनन्

***एम्नेष्टी इन्टरनेशनल, नेपाल शाखाका तत्कालीन सभापति*** **कृष्ण पहाडी*सँग*** **प्राचीका लागि तत्कालीन सम्पादक** ***कुन्दन अर्याल*****ले गर्नु भएको कुराकानी । यो कुराकानी कार्तिक-मङ्सिर २०४९ मा प्रकाशित छ ।**



***तपाईँले नै लुख्नुभएको छ- “संस्थाको कुनै पनि संविधान कागजी रूपमा मानव अधिकार विरोधी हुँदैन तर त्यसलाई व्यवहारमा उतारिएको आँकडाले मात्र त्यसको जीवन्त स्वरूप प्रस्तुत गर्दछ।” अहिलेको हाम्रो सरकारबाट संविधानद्वारा प्रत्याभूत गरिएका मौलिक अधिकारहरुलाई व्यवहारमा उतारिएको आँकडा चाहिँ कस्तो छ त ?***

यो व्यवहारमा उतारिएको आँकडा चाहिँ अब अहिले परिस्थितिबाट पनि कतिपय घटनाहरू राम्रा देखिएका हुन सक्दछन्।

मतलब हिजोको तुलनामा अहिले धेरै हिंसा त भएको छैन्। तर व्यवहारमा लागु गर्ने कुरामा सरकारको सदाशयतामा चाहिँ मलाई शङ्का छ। हिजोका पूर्व व्यवस्थाका अपराधीहरू यही व्यवस्थामा पनि कारवाही गर्नुपर्छ अथवा कोर्ट टु जस्टिस। आम माफी दिने हो भने पनि तिनीहरूलाई विशेष परिस्थितिमा विशेष निकायले- संसदले देओस् एउटा प्रक्रिया स्थापित गर्नुपर्छ। मानव अधिकारको क्षेत्रमा कुनै पनि कानुन कार्यान्वयन गर्ने अधिकारीलाई एउटा सेफ हेवेन भन्ने वातावरण हामीले उपलब्ध गराउनु हुँदैन, जे गरे पनि हुन्छ भन्ने। त्यसबाट ऊ स्वेच्छाचारी भएर जान्छ। र, कोही स्वेच्छाचारी भएर नजाओस् भन्नाको लागि मैले केही गल्ती गरेँ भने मलाई पनि कारवाही गर्ने निकाय छ है हिजो कारवाही भएको छ मलाई पनि हुन्छ भन्ने भयो भने उसले खराब काम गर्दैन। पुलिस र प्रशासनका मानिसहरू विशेष सुरक्षित व्यक्ति होइन। त्यसकारण कारवाही गर्ने पुनः प्रक्रिया चलाइनु पर्‍यो- कोर्ट टु जस्टिस् - तर यसमा सरकारले आँखा चिम्लेर समर्थन गर्ने नीति अपनायो। त्यसले गर्दा खेरी सरकारले दिएका अनावश्यक दबाबहरूले गर्दा राजनीतिक रूपमा तिनहरूलाई भोलि उपयोग गर्न सक्ने वातावरण पनि तयार हुन सक्छ। त्यो राम्रो च्यानलमा जाँदैन। त्यसैले जुन कुरामा लागू गर्नु पर्थ्यो त्यो सदाशयता नदेखाए म के आशयमा कुरा गर्दैछु भने संविधानमा व्यक्त मानव अधिकारका भावनाहरू र राष्ट्रसङ्घका विभिन्न सन्धि वा संविदाहरूलाई नेपालले हस्ताक्षर गरेको छ। त्यसको तुलनामा त यो सरकारले देखाएको सदासयता त एक-दुई प्रतिशत मात्र राख्नुस्। हिजोको तुलनामा भन्नु हुन्छ भने तुलना गर्न मिल्दैन। हामीले पूर्वाग्रही हुनु हुँदैन। हिजोको तुलनामा त असाध्यै माथि हुनुहुन्छ आजका सत्तासीनहरू।

***हाम्रो संविधानले अब खास अवधि बिताइसकेको छ, यस बीचका व्यवहारले यस संविधानलाई मानवको आधारभूत हकको संरक्षण गर्ने काममा कत्तिको प्रगतिशील पाउनुभएको छ ?***

यो संविधानमा लेखिइएकै कतिपय कुराहरू लागू भएनन्। नमूनाबाटै सुरु गरौं- यो संविधानमा के लेखिएको छ भने मृत्युदण्ड कुनै पनि अवस्थामा दिन पाईदैन फेरि ऐनहरू पनि संविधानसँग बाझिने खालका छन् भने खारेज भएर जान्छ भनिएको छ। एकातिर संविधानमा मृत्युदण्ड नदिने, ज्यान सजाय दिन पाईदैन भन्ने व्यवस्था गरिएको छ भने एकातिर अहिले पनि राजदरबार उत्तराधिकारी ऐनमा मृत्युदण्डको व्यवस्था छँदैछ। मैले यस सम्बन्धमा विश्वनाथ उपाध्याय विराटनगर जानुभएको बेला एलिट क्लबमा सोधेँ उहाँले भन्नुभयो- "यो चाहिँ महाराजधिराजले बाहेक अरुले फेर्न मिल्दैन, हामी महाराजधिराज कै प्रतिक्षामा छौँ। तैपनि मृत्युदण्ड चाहिँ दिन सकिँदैन।" त्यसो भए यस्तो संविधानसँग बाझिने ऐन किन जीवित छ त भन्दा यसले नै संविधानको लिखित आशयलाई सदासयतालाई बङ्ग्याएको छ। र यसले शंकास्पद किन बनाएको छ भने सार्वभौमसत्ता सम्पन्न जनताले बनाएको संसदले बनाएको (त्यो बेला अन्तरिम सरकारलाई संसदीय अधिकार पनि प्राप्त थियो।) संविधानमा परिवर्तन गर्न पनि राजा कहाँ नै जानुपर्छ भन्ने यो संविधान सार्वभौमसत्ता सम्पन्न कसरी भयो म त यही प्रश्न गर्न चाहन्छु। जस्तो मृत्युदण्ड कै कानुनको बारेमा। दोस्रो यहाँ कानुन सहायक

मन्त्री दीनबन्धु अर्याल एम्नेष्टि कै एउटा कार्यक्रममा आउनुभएको थियो। हामीले यही कुरा उठाएका थियौँ-उहाँले भन्नुभयो। “हामीले विन्तीपत्र र निवेदन लेखेर पनि हामी परिवर्तन गर्न लगाउँछौँ।” अहिले गएर तपाईंले संविधान मस्यौदा आयोगका सबै सदस्यलाई सोध्नुभयो भने- मृत्युदण्ड दिने व्यवस्था छैन भन्नु हुन्छ। अहिले यो भर्खर भर्खर प्रजातन्त्र आएको छ। पुनरुत्थानवादी शक्तिहरू बलिया भएका छैनन् होला छ। विस्तारै विस्तारै गएर त्यो ऐन जीवत हुँदैन होला भन्ने ग्यारेण्टी के छ त ? संविधान विपरित एक झापु त त्यै ऐनले दिएको छ। त्यो ऐनलाई परिवर्तन गरेर देखाउनु होस् न सरकारमा बसेका मानिसहरूले संसदमा अहिलेसम्म यातानाका विरुद्ध क्षतिपूर्ति दिएको कुनै उदाहरण छैन। नेपाल स्वर्गीय राम राज्य त होइन। यहाँ यातना नै दिने प्रचलन नभएको होइन। कानुन यसकारण छ तर कति जनाले क्षतिपूर्ति पाए ? कति पुलिस अफिसरलाई कारवाही गरियो ? कति आयोग बनाइयो ? त्यो सबै आँकडा हेर्नुभयो भने चाहिँ संविधानमा व्यक्त भावनाहरू कागजमा मात्र सीमित हुने त होइनन् भन्ने कताकता देखिएको छ। मानव अधिकारका बारेमा कुरा उठ्दा सीमित हुने त होइनन् भन्ने कताकता देखिएको छ।

मानव अधिकारका बारेमा कुरा उठ्दा बाल अधिकारको पनि कुरा उठ्छ। खानीमा काम गर्ने बालमजदुर आदिका बारेमा पनि कुरा उठेका छन् तर गम्भीरतापूर्वक हामीले हेर्ने हो भने आइसीसीपीआरमा के लेखिएको छ- सरकारमा बसेका मान्छेलाई थाहा छैन म च्यालेन्ज गरेर भन्न सक्छु। यहाँका कानुन अधिकृत र विशिष्ट सचिव र मन्त्रीहरूलाई पनि त्यो विषयमा थाहै छैन। अनि त्यो लागू गर्नुपर्छ नि त यहाँ त यस्तो लेखिएको छ भन्दा पुलिस प्रशासनका मानिसहरू त्यस कुराको पूर्णत: खिलापमा ओर्लन्छन्। त्यसलाई पूर्ण रूपले लागू गर्ने कुरामा राज्यले प्रतिबद्धता जनाउँछ तर त्यो कार्यान्वयन गर्ने निकाय त्यसको खिलाफ छ भने त केही पनि हुन सक्दैन। बाझिने खालको स्थिति पैदा हुन्छ। यस्ता अष्ठ्याराहरू छन् हेर्नुस्। यो परिस्थितिमा भोलि एक्स्ट्रा जुडिसिएल एक्सेप्सनहरू हुन सक्ने, कस्टडी मै यातना दिइने, मान्छे गुम हुने जस्ता घटनाहरू भोलि घट्न सक्छन्। त्यसैले त्यस्तो स्थिति आउन नपाओस् भनेर अफै सच्याउने ठाउँ छ। र व्यवहारको धरातलाई बलियो बनाउनु पर्छ र यो संविधानले प्रत्याभूत गरेका अधिकारहरू व्यवहारमा लागू भयो भने चाहि यो उत्कृष्ट स्थितिको सिर्जना हुन जान्छ। कागजमा लेखिएको कुरालाई जस्ताको त्यस्तै राखियो भने अथवा त्यसलाई फलोअप गरियो भने त्यो पनि कम छैन।

**प्राची**का हालसम्म


**प्रकाशित अङ्क तपाईंले चाहेका बेला पढ्न मिल्ने गरी इन्सेकअनलाइनमा उपलब्ध भएको छ। प्राचीको पीडीएफ तथा इपेपर इन्सेकअनलाइनमा पढ्न तथा डाउनलोड गर्न सकिन्छ।**

# नेपालको मानव अधिकार आन्दोलनमा प्रकाश काफ्ले



सुशील प्याकुरेल

प्रकाशसँगको मेरो भेट महोत्तरीमा भएको हो। म पढ्नका लागि ठूलोबुबाको घरमा र प्रकाश ठूलो मामाको घरमा आएको थियो। २०१९/२० सालतिरको कुरा हो। हामी महोत्तरीको गौशालाबाट जनकपुर पढ्न जान्थ्यौं। प्रकाशको घर सिन्धुली। मेरो सप्तरी। तर, हामी दुवैको एउटै उद्देश्य थियो पढ्नु। त्यही पढ्ने क्रममा नै हाम्रो भेट भएको हो। पढ्न जाने बेलामा हिँडेरै जाने हो। म बुबाको देहान्तपछिको पीडामा थिएँ भने प्रकाशको बुबाले अर्को विवाह गरेकाले उसको पनि



*मानव अधिकार आयोग गठन गर्न माग गर्दै आयोजित धर्ना कार्यक्रम स्थलबाट गिरफ्तार गरिएका इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेल*

पीडा थियो। तर पनि विद्यालय जाने आउने क्रममा हामी दुःखका कुरा खासै गर्दैनथ्यौँ। रेलको लिकबाट दुईतिर हात समातेर हामी हिँड्थ्यौँ। त्यतिखेर कक्षा ७ मा पढ्थ्यौँ। हामीले पानीमा करेन्ट हुन्छ भनेको सुनेका थियौँ। हामीलाई टर्बाइन् हुन्छ भन्ने त थाहा थिएन। रेलको लिकमा पानी बगिरहेको थियो। हामीसँग तार र 'गुलुप' (बल्ब) भएको भए हामी पनि बिजुली निकाल्थ्यौँ। अरुबेलामा जे जे भएपनि बर्खाको बेलामा त बत्ति बाल्न सक्थ्यौँ नि ! ओहो ! यो पानी त खेर पो गयो भन्ने लाग्थ्यो। यो भनेको हाम्रो सृजनात्मकता हो।

शुक्रबार विद्यालयमा अतिरिक्त क्रियाकलाप हुन्थ्यो। त्यसमा धेरैजसो वादविवाद प्रतियोगिता हुन्थ्यो। एकपटक त छातालाई सानो बनाएर झोलामा राख्न सकिन्छ कि सकिँदैन भन्ने विषयमा वादविवाद प्रतियोगिता गरिएको थियो। त्यतिबेलाको हाम्रो सृजनशीलताले रोमाञ्चक

# प्रकाश: मानव अधिकारको दियो

मानिसको जीवन कसैको लामो हुन्छ कसैको छोटो हुन्छ। त्यो भनेको भौतिक रूपमा बाँच्ने कुरा हो। तर, मानिसका योगदान चाहिँ सधैँ बाँचेकै हुन्छन्। २०४९ साउन १६ गते। नेपालको मानव अधिकार आन्दोलनका लागि अविस्मरणीय दिन हुन पुग्यो। जुन दिन हाम्रो प्रकाश योगदानका पोका छाडेर विलिन हुन पुग्यो। यतिका वर्ष बिते पनि इन्सेकले प्रकाशको निधन भएकै दिनमा प्रकाश मानव अधिकार पुरस्कार वितरण गर्ने गरेको छ। यसैबाट बुझिन्छ कि प्रकाशका योगदानहरू चीरस्थायी छन्। प्रकाशकै अगुवाइमा नेपालको पहिलो मानव अधिकार संस्था मानव अधिकार संरक्षण मञ्चको स्थापना भएको हो। त्यो पनि पञ्चायतकालमै ! त्यो गरेबापत प्रकाश, म र अरू साथीहरूले धेरै दुःख पनि पायौँ। मानव अधिकार संस्था खोलेकै कारण जेल जानु पर्ने स्थितिसम्म आयो। आज नेपालमा धेरै मानव अधिकार संस्थाहरू छन्। प्रकाशको निधन भएको वर्षमा गन्दा लामै अवधि भए पनि मलाई साथै भएजस्तो लाग्छ। धेरै समय भएजस्तो लाग्दैन। प्रकाशले छाडेर गएका मानव अधिकारका कामहरू अझै चुनौतीपूर्ण बन्दै आएका छन्।


प्रकाशको भनाई थियो-'जब मानव अधिकार घरघरमा पुग्दैन तबसम्म आम नागरिकले मानव अधिकार उपभोग गर्न पाउँदैनन्। त्यसैले मानव अधिकारको चेतना भनेको घरघरमा हुनुपर्छ। यो सरकारले मात्रै गर्ने काम होइन। हरेक व्यक्ति मानव अधिकारप्रति सचेत हुनुपर्छ।' आज देशभर सयौँ मानव अधिकार संस्थाहरू मानव अधिकार सचेतनाका कार्यक्रम सञ्चालन गर्न क्रियाशील छन्। र, नेपालमा सामान्य नागरिक पनि मानव अधिकारको विषयमा धेरै सचेत र चनाखो छन्। प्रकाशले समाजमा के योगदान गरेको छ भनेर केलाउनकै लागि हामी उसको देहान्त भएको दिन विविध कार्यक्रम गरी स्मरण गर्छौं। मान्छे जन्मनु नै महान कुरा होइन। बाँचेको अवधिमा उसले गरेका योगदान चाहिँ महान हो। आज हामी तिनै कामलाई स्मरण गरिरहेका छौँ।

यो कुनै अतिशयोक्ति कुरा गरिरहेको छैन मैले 'जहाँ मानव अधिकार त्यहाँ प्रकाश।'

बनाउँछ। साहित्यमा मेरोभन्दा ज्यादा रूची प्रकाशकै थियो। हिन्दी भाषामा लेखिएका साहित्य रचना पढ्थ्यौं। नेपाली साहित्यलाई पनि हिन्दीमा रूपान्तरण गरिएको हुन्थ्यो। महाकवि लक्ष्मीप्रसाद देवकोटाको यात्री कविता मैले सुरुमा हिन्दीमा नै पढेको हुँ।

त्यसपछि हामी दुवैले त्यहाँबाट पढाइ छाड्यौं। हामी दुवै हरायौं। को कता ? कता ? पुग्यौं। सम्पर्क भएन। पारिवारिक अवस्थाले टाढिएका हामीलाई त्यतिबेला जोड्नका लागि अहिलेको जस्तो सञ्चारको कुनै सुविधा थिएन। यसबिचमा मेरो पढाइ धरानमा हुँदै थियो। एकदिन प्रकाशले हवाइपत्र पठाएको रहेछ। तर, त्यसमा उसको ठेगानाको कुनै जानकारी थिएन। उसको याद त निकै नै आइरहन्थ्यो। उच्च शिक्षाका लागि काठमाडौं आएपछि एकदिन उसँग त्रिचन्द्र क्याम्पस अगाडि अचानक भेट भयो। यो २०२५ सालको कुरा हो। भेट हुने बित्तिकै हाम्रो कुरा मुलुकका लागि केही गर्नुपर्छ भन्नेतिर गयो। राजनीतिका कुरा पनि अलिअलि बुझिसकेका थियौं। के, कसरी हुन्छ

नेपालको सन्दर्भमा यति भन्ने बाटो राखेर मात्रै प्रकाश विदा भएको हो। नेपालमा मानव अधिकारका कुरा गर्नेहरू अरु पनि हुनुहुन्थ्यो। प्रकाशले हाम्रो मानव अधिकार बहालीका लागि हामी आफैंले नै काम गर्नुपर्छ। संस्था बनाउनु पर्छ भनेर दृढताका साथ काम गरेकै हो। त्यसमा अरु पनि सँगसँगै छौं।


रेखाचित्र : जीवन राजोपाध्याय

२०४६ सालको जनआन्दोलनमा बाम मोर्चाका तर्फबाट साहना प्रधानले र नेपाली कांग्रेसका तर्फबाट कृष्णप्रसाद भट्टराईले संयुक्त आन्दोलन गर्न बनाइएको सहमतिमा मानव अधिकारको शब्दावली राख्नु भएको छ। त्यसका लागि प्रकाशको योगदान अतुलनीय छ। हामीले नेताहरूलाई कन्भिन्स गर्न निकै प्रयत्न गऱ्यौं। त्यो पहिलो दस्तावेज हो जहाँ राजनीतिक पार्टीहरूले पनि मानव अधिकारको मागलाई लिएर आन्दोलनमा होमिए। त्यसैले नेपालको मानव अधिकार आन्दोलन भनेको राजनीतिक आन्दोलन पनि हो। प्रजातान्त्रिक आन्दोलन सँगसँगै हात्तेमालो गरेर हिँडेको आन्दोलन हो।

प्रकाश हुँदैखेरि मानव अधिकार आयोग चाहिन्छ भनेर संसदको माथिल्लो सदन (राष्ट्रिय सभा) मा सुभाषचन्द्र नेम्वाङबाट पहिलो प्रस्ताव पेश गरिएको हो। त्यो काम प्रकाश काफ्लेले गरेरै भएको हो। आज मानव अधिकार आयोग संवैधानिक भइसकेको छ। त्यति मात्रै होइन विषयगत आयोग पनि बनाइसकेका छौं। प्रकाशसँगका पल र उसका पहललाई एकैछिनमा भन्न सकिँदैन। यसरी हेर्दा प्रकाशलाई हरेक दिन भेट हुन्छ। त्यही भएर म जहाँ छु प्रकाश त्यहिँ छ। प्रकाश मानव अधिकारको क्षेत्रमा उज्यालो बनेर रहिरहेको छ। प्रकाश साँच्चै प्रकाश हो। उज्यालो प्रकाश !



***२०४८ सालमा थाइल्याण्डमा आयोजित एक कार्यक्रम इन्सेकका संस्थापक महासचिव प्रकाश काफ्ले र अध्यक्ष सुशील प्याकुरेल***

मुलुकमा हाम्रो योगदान भन्ने प्रश्नले पिरोलिरहन्थ्यो। दुःख पाउनेका लागि कम्युनिष्ट हुन्छन् भन्ने थाहा पाएकाले हाम्रो झुकाव कम्युनिष्टतिर भइसकेको थियो। यो सबै भूमिका बाँधेको चाहिँ 'प्राची'प्रकाशनको सुरुवातको प्रसङ्गलाई हो।

यसबिचमा प्रकाशहरूले जनकपुरमा घर बनाउन थाले। २०२७ सालमा हामीले जनकपुरबाटै प्राची प्रकाशन थाल्यौँ। केही न केही युनिक नाम राखौँ भनेर हामी छटपटिएका थियौँ। कुनै सङ्गठनमा थिएनौँ। तर, हामी पनि कम्युनिष्ट भइसकेका थियौँ। हाम्रो गहिरो झुकाव भइसकेको थियो। प्रकाशले भन्यो-'उदाउँदो सुर्य ! हामीले त क्रान्ति गर्नुपर्छ।' सूर्यको लाली। त्यो भनेको आशा हो। त्यो भनेको क्रान्ति हो। उदाउँदो सूर्य भनेर सूर्य मात्रै किन राख्ने भनेर साहित्यिक नाम खोज्दै जाँदा 'प्राची' नाम जुरेको हो। २०२७ सालबाट ३०-३१ सालसम्म विभिन्न अङ्क प्रकाशन गर्‍यौँ। तर, त्यतिखेर पैसा पनि हुँदैनथ्यो। राजा, रानी र युवराजको जन्मोत्सवमा विज्ञापन आउँथ्यो। त्यही विज्ञापन लिएर पत्रिका निकाल्थ्यौँ। कहिले चाँडै कहिले वर्षमा एकपटक प्रकाशन गर्थ्यौँ। 'प्राची' प्रकाशनको अवधिको कुनै ठेगान हुँदैनथ्यो। साहित्यका माध्यमबाट मानव अधिकार र प्रजातन्त्रका कुरा गर्नु निकै चुनौतीपूर्ण थियो। त्यसलाई हामीले चलाखीपूर्ण रूपमा 'प्राची' मा समावेश गर्थ्यौँ।

हामी पञ्चायत विरोधी हौँ। जे जे गरेपनि जे जे भने पनि हामीलाई पञ्चायत ढाल्नु थियो। हाम्रो भित्री उद्देश्य भनेकै पञ्चायतको अन्त्य र जनअधिकारसहितको प्रजातन्त्रको स्थापना थियो। हामी मानव अधिकारका कुरा त गर्थ्यौँ। तर, संस्थै खोल्ने कुरा चाहिँ भएको थिएन। नेपालमा मानव अधिकारको कुरा गर्ने चाहिँ एमनेष्टी इन्टरनेशनल हो। तर, उसले नेपालको मानव अधिकारको कुरा गर्दैनथ्यो। अर्काको देशको




***मानव अधिकार उल्लङ्घनका घटनाका बारेमा २०५६ सालमा आयोजित पत्रकार सम्मेलन***

राजनीतिक बन्दीको मात्रै कुरा गर्ने एमनेष्टीको दायरा थियो। एमनेष्टीको स्थापना नै कम्युनिष्ट विरोधीका रूपमा भएको पाइन्छ। सोभियत सङ्घको राजनीतिक परिवर्तनले एम्नेष्टीको स्थापना भएको पाइन्छ। पछि भने एमनेष्टीले मानव अधिकारका अरु विषयमा पनि काम गरेको छ। निकै ठूलो काम गरेको छ। मैले स्थापनाको विषयको मात्रै कुरा गरेको हो। हाम्रा साथीहरू जेलमा थिए। राजनीतिक बन्दी थिए। उनीहरूका बारेमा एमनेष्टी नबोल्ने भएपछि मानव अधिकार संस्था बनाउन हामीलाई तातो लागेको हो। वीपी कोइरालाका बारेमा बोल्ने त संसार थियो। तर, बामपन्थीका बारेमा बोल्ने कोही थिएन। मानव अधिकार संस्थाको अंकुरण यस्तो प्रकरणबाट भएको हो। तर, हामीले त्यस्तो बुझेको झण्डै एक दशकपछि मात्रै संस्था बनायौं। संस्थागत रूपमा मानव अधिकारको आवाज उठाइएको २०४०/०४१ सालतिरबाट मात्रै हो। त्यतिबेला मानव अधिकारको कुरा गर्नु भनेको बाम पार्टीहरूले त सिधै अमेरिकन साम्राज्यवादीको पोषण गर्नु, उनीहरूको सेवा गर्नु हो भन्ने किसिमले आरोप लगाउँथे। यसलाई हामीले चुनौतीका रूपमा लियौं। यो चुनौतीलाई पार लगाउन हामीले पत्रकारिता, साहित्य र मानव अधिकारको बाटोलाई समयक्रमसँगै तय गऱ्यौं। २०४० सालमा मानव अधिकार संरक्षण मञ्च र ०४१ सालमा प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्च गठन गऱ्यौं।

पर्साका गोपाल गोतामेको घरमा बैठक गरेर बद्रीप्रसाद खतिवडाको अध्यक्षतामा मानव अधिकार संरक्षण मञ्च गठन गऱ्यौं। गोपाल गोतामे उपाध्यक्ष

हुनुहुन्थ्यो। डा. मथुरा श्रेष्ठ पछि महाधिवेशनबाट अध्यक्ष बन्नु भएको हो। मार्सल जुलुम शाक्यलगायत धेरै साथीहरू यसैमा हुनुहुन्थ्यो। त्यसको दुई वर्षपछि ऋषिकेश शाहको नेतृत्वमा नेपाल मानव अधिकार सङ्गठन गठन भयो। यो संस्था मानव अधिकार दिवसको दिन घोषणा भएको हो। त्यसपछि हामी मिलेर राजबन्दी रिहाइ अभियान घोषणा भनेर सुरु गरेका थियौँ। त्यो सभामा सबै पार्टीका प्रतिनिधिहरूलाई बोलाएका थियौँ। त्यसैले यो अभियान एउटा चुनौतीबाट जन्मिएको हो।

यो इतिहासको कुरा बताउन पाउँदा रमाइलो पनि लाग्छ। हामीले के गऱ्यौँ ? त्यसको एउटा मूल्याङ्कन पनि हुन्छ। अहिले कहाँ पुगेका छौँ भन्ने कुरो पनि हुन्छ। हामी बामपन्थी आन्दोलनमा लाग्दाखेरीको अवस्थामा नेपालको कम्युनिष्ट आन्दोलन छिन्नभिन्न थियो। तर, केही युवाहरू, जस्तो प्रकाश काफ्ले र मलगायत, हामीहरूले अलि पञ्चायतकै बेला पनि अलिअलि खुला गतिविधिहरू अघि बढायौँ। कहिले पत्रिका निकाल्ने, कहिले स्कुलमा पढाउने र शिक्षकहरूलाई सङ्गठित गर्ने। जस्तो हेटौंडामा म पढाउँथे र त्यहाँको शिक्षक हित क्लब भनेर बनाएको थिएँ। यी सबैमार्फत् हामी अधिकारको कुरा गर्थ्यौँ। ०३७ सालमा एक किसिमले आममाफी जस्तो




***मानव अधिकार आयोग स्थापनाको माग गर्दै काठमाडौँमा आयोजित विरोध प्रदर्शनमा इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेल***



***कास्की कारागारको अनुगमन गर्दै इन्सेकका संस्थापक अध्यक्ष अध्यक्ष सुशील प्याकुरेल, सबैभन्दा दायाँ माओवादी नेतृ आशा खनाल***

दिइयो र धेरै जनमत संग्रहका बेलामा निस्किए। विशेषगरी झापा विद्रोहमा लागेका मोहनचन्द्र अधिकारी, केपी ओलीहरू कसैलाई पनि छोडिएन। त्यतिखेर नेपाली कांग्रेससँग आबद्ध धेरैलाई छोडियो। प्राय:जसो छुटे। बामपन्थी पनि कतिपय छुटे तर ती साथीहरू जो झापा आन्दोलनबाट आउनुभएको थियो, उहाँहरू छुट्नुभएन। त्यसले हामीलाई बराबरीको व्यवहार भएन भन्ने लाग्यो। राज्यले समान व्यवहार गरेन। यहाँनेर मानव अधिकार भन्ने कुरो कुण्ठित भयो भन्ने लाग्यो। त्यहीबेला ०३७ सालदेखि हामीले मानव अधिकारको कुरा गर्न थाल्यौँ। उनीहरू पनि राजबन्दी हो। उनीहरूलाई किन नछोडेको भन्ने कुरा हुन थाल्यो।

अन्तरिम सरकार बन्दा नागरिक समाजका दुई जना मन्त्री हुनु भएको छ। मानव अधिकार संगठनको उपाध्यक्ष देवेन्द्रराज पाण्डे अर्थमन्त्री र मानव अधिकार संरक्षण मञ्चका अध्यक्ष डा.मथुरा श्रेष्ठ स्वास्थ्यमन्त्री हुनुभयो। त्यसले राम्रो के गऱ्यो भन्नुहुन्छ भने विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजमा सहमति जनायो। प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई पनि अलि खुला स्वभावको हुनुहुन्थ्यो। अन्तरिम सरकारको काम संविधान बनाउने भए पनि संविधान कस्तो हुनुपर्छ भनेर ग्राउण्डसेट गर्ने क्रममा मानव अधिकार मुख्य विषयवस्तु हो भन्ने कुरो हामीले राख्यौँ। जसकाकारण सो सरकारले थुप्रै महासन्धिको पक्ष राष्ट्र हुने बाटो लियो। अहिले मानव अधिकारका ठूला नौ महासन्धिमध्ये नेपाल सात ओटाको पक्ष राष्ट्र भइसकेको छ। यसको आधार तत्कालीन अन्तरिम सरकार नै हो।

*(रमेशप्रसाद तिमल्सिनासँग गरिएको कुराकानीमा आधारित)*




# नेपाली मानव अधिकार आन्दोलनका एक नक्षत्र पद्म दाइ



तारक धिताल

नेपालको मानवअधिकार आन्दोलन पद्मरत्न तुलाधरको नाम उल्लेख नगरेसम्म अपूरो हुन्छ। छयालीस सालअघि मानवअधिकार संरक्षण मञ्च, बन्दी विमोचन समितिजस्ता संस्थागत पहलमा मात्र होइन, बहुदलीय कालमा भएको दस वर्ष लामो द्वन्द्वका क्रममा पनि उहाँको मानवअधिकार रक्षक व्यक्तित्व सशक्त थियो। उहाँको सम्झनामा आज यी अक्षरहरू कोरिरहँदा ती दिनहरूको झल्झली सम्झना आइरहेको छ, जतिखेर हामी मानव अधिकारको पर्यवेक्षण गर्ने क्रममा सडक सडकमा, आन्दोलनका बीच बीचमा, प्रहरी र प्रदर्शनकारीहरूको घेरामा बसेर आन्दोलनलाई हिंसात्मक हुन नदिन, भड्किन नदिनका निमित्त सहजीकरण गरिरहेका हुन्थ्यौं, आन्दोलनकारीका आक्रोशलाई मत्थर पार्न पद्म दाइले सम्झाइरहनु भएको हुन्थ्यो र आफै मानव अधिकारका लागि आन्दोलनका विविध गतिविधिहरू गरिरहेका हुन्थ्यौं।

आज म पद्म दाइको बौद्धिकता, राजनीतिक चेत र क्रियाशीलता, उहाँको शालीन र मध्यस्तकर्ता भुमिका निर्वाह गर्ने शैली तथा क्षमता, उहाँको साहित्यिक पक्ष, भाषा आन्दोलन लगायतका विषयमा कुनै चर्चा गर्ने छैन। म उहाँसँगको सङ्गतको क्रममा भएका केही अनुभूतिजन्य कुरालाई मात्र पस्कन्छु, जसबाट मलाई पनि थुप्रै प्रेरणा, हौसला मिलेको छ- सामाजिक परिवर्तनको लागि, मानव अधिकारको आन्दोलनको निरन्तरताका लागि। यथास्थितिको परिवर्तनको भोक कसरी जाग्दछ र त्यो परिवर्तनका निम्ति कसरी निरन्तर लागिरहनु पर्दछ भन्ने अनुभूतिका केही पाटाहरू केलाउने प्रयासमात्र हो यो सङ्क्षिप्त आलेख, पद्म दाइको सम्झनामा।

पद्मदाइसँगको चिनजान केही पुरानै, म स्कुले विद्यार्थी हुँदादेखिकै हो। मूलत: मानव अधिकारको सन्दर्भमा विशेषत: मानव अधिकार पर्यवेक्षणका सिलसिलामा होस् वा मानव अधिकार आन्दोलनका क्रममा सँगसँगै हिँडिएका धेरै सम्झना रहेका छन्। घरनजिकै हुनु, पारिवारिक चिनजान र केही सामान्य व्यवसायिक सम्बन्धले समेत उहाँसँगको सामिप्यता, उहाँसँगको खुला र मित्रवत् सम्बन्ध सधैं स्मरणीय रहेको छ। पञ्चायतकालमा जनपक्षीय उम्मेदवारका रूपमा पद्म दाइको निर्वाचनमा दिनभरी टोलटोल घुमिसकेपछि साँझदेखि रातभर कालिमाटीमा जीवन मानन्धरको घरमा 'दालमोठ चिउरा' खाँदै चुनावका निम्ति झण्डाहरू बनाएको र बिहानीपख घर फर्किएको सम्झना पनि ताजै छ। परिवर्तनको चाहनामा चुर्लुम्मै डुबेको

त्यसबेला शारीरिक उर्जा कहाँबाट आउँथ्यो, अहिले सम्झँदा रमाइलो लाग्दछ।

पञ्चायतकालमा धेरै गतिविधिहरू गर्न प्रतिबन्ध थियो, विद्यार्थी सङ्गठनको नाममा केही गतिविधिहरू हुन्थे। यसै प्रसङ्गमा तिहारमा हरेक वर्ष देउसी भैलो कार्यक्रमको आयोजना हुने गर्थ्यो र आयोजना गर्ने केही जिम्मेवारीहरू ममा पनि आइपर्थ्यो। रातभर देउसी खेलिन्थ्यो र बिहानपख नेपाल सम्वत्को 'न्हुँदया भिन्तुना'को जुलुसमा हामी सोझै पुग्थ्यौँ। त्यो साँस्कृतिक जुलुस पञ्चायतकालमा एउटा विद्रोहको स्वरूपका रूपमा पनि रहेको थियो। त्यतिखेर रातभर देउसी खेलेर थकित भएका हामी गैर नेवारहरू पनि 'न्हुँदया भिन्तुना'को स्वर गुञ्जाउँदै जुलुसमा हिँडिरहँदा हँसिलो अनुहारका पद्म दाइलाई भेट्दा नयाँ उर्जा मिल्थ्यो।

पञ्चायतको उत्तरार्धतिर, विद्यार्थीकालमा अझ भनौं विद्यालय भर्खर सकेका क्याम्पसका प्रारम्भिक चरणमा हाम्रो एउटा समूहले हातेमालो त्रैमासिक पत्रिका प्रकाशनको थालनी गरेको थियो। त्यसबेलामा खासगरी युवाहरूलाई केन्द्रित गरेर पढ्ने सामग्रीहरूको अभाव थियो। अझ मूलत: भन्ने हो भने मावि तहका विद्यार्थीहरू देखि भर्खरै कलेज पुगी त्यतिखेरको प्रवीणता प्रमाणपत्र तहमा पढ्ने उमेरका व्यक्तिहरूलाई केन्द्रित गरेर पढ्ने सामग्रीको अभाव थियो। हामी खासगरी त्यतिखेरको पञ्चायती निरङ्कुशताका विरुद्धमा केही गर्नुपर्छ भन्ने भावनाले ओतप्रोत भएका व्यक्तिहरू, विद्यार्थी आन्दोलनमा केही सक्रिय भएर लागिरहेका तारक धिताल, कुन्दन अर्याल, मधुसुदन पन्त, अनिल मिश्र, आत्मराम शर्मा, रामकुमार गिरी मिलेर त्यो पत्रिकाको प्रकाशन शुरु गरेका थियौँ। हातेमालो युवा सहचर नामक त्यो पत्रिका पद्म दाइकै प्रेसमा छापिने भएकाले पत्रिका छाप्ने क्रममा बारम्बार हामी प्रेसमा पुगिरहन्थ्यौं। त्यतिखेर थुप्रैपटक पद्म दाइसँग गफिने अवसर मिली राख्थ्यो। गाईजात्राको




***नेपाल मानव अधिकार वर्ष पुस्तक १९९५ विमोचन समारोह***



***प्रजातान्त्रिक आन्दोलनका योद्धा साकेतचन्द्र मिश्र र दिलीप चौधरीको स्मृति सभामा मन्तव्य राख्दै पद्‌मरत्न तुलाधर***

अवसरमा विशेषाङ्क निकाल्थ्यौँ, जसमा पद्म दाइको व्यङ्ग्य पनि रुन्चे पद्म दाइ भनेर कार्टुन समेत बनाएर छापेका थियौँ। त्यसताका राष्ट्रिय पञ्चायतमा बोल्दा बोल्दै उहाँ रोएको प्रसङ्ग निकै चर्चित थियो। त्यो गाईजात्रे अङ्क प्रज्ञा प्रतिष्ठानबाट पुरस्कृत समेत पनि भएको थियो। उहाँले रङ्गीन कलेवरमा छापिएको हातेमालोको गाईजात्रे अङ्कका लागि राष्ट्रिय पञ्चायतमा नवरस शीर्षकमा जोडदार व्यङ्ग्य पनि लेख्नु भएको थियो।

हातेमालोको प्रकाशनताका अहिलेको जस्तो अफसेट प्रेसको चलन धेरै थिएन, त्यतिखेर लेटर प्रेस भन्ने गरिन्थ्यो। जहाँ हरेक अक्षर, इकार, उकार, आकार आदि हातले टिपेर कम्पोज गर्नुपर्थ्यो अर्थात् लहर मिलाएर राख्नु पर्दथ्यो। धेरैपटक हामी त्यो पत्रिकाको छपाइको क्रममा चाहे सामग्री पुऱ्याउन होस् वा त्यसको प्रुफ हेर्नका निम्ति होस् बारम्बार प्रेसमा गइरहनु पर्थ्यो। प्रायः फुर्सद हुने बित्तिकै पद्म दाइ प्रेसमा झर्नुहुन्थ्यो। त्यहाँ तख्तैतख्ता भएको कम्पोज रुम थियो, जहाँ काठको तख्तामा भएका स-साना खोपी खोपीमा धातुले बनाएका अक्षरहरू राखिएको हुन्थ्यो। पद्म दाइलाई धेरैपटक त्यहाँ कम्पोज गरिरहेको देख्थ्यौँ। कतिपय अवस्थामा बाबु र छोरा सुजनसँगै नै बसेर कम्पोज गरिरहेको अथवा छोराले प्रेस चलाइरहेको भेटिन्थ्यो। कतिपय पटक भाउजुले ल्याइदिएको कालो चिया हामीले पनि खान पाउँथ्यौँ। पद्म दाइको पारिवारिक वातावरण कति सहज थियो भन्ने अनुमान मैले पहिलो पटक देखेको एउटा दृष्यबाट गर्न सकिन्छ। त्यतिखेर बाबु छोराको सम्बन्धको दृष्य मलाई निकै अनौठो पनि लागेको थियो। पद्म दाइले 'चुरोट निकाल' भनेपछि छोराले एउटा चुरोट पद्म दाइलाई दिएर अर्को आफ्नै मुखमा च्याप्थे। पद्म दाइले लाइटर बालेर छोराको चुरोट पहिले सल्काइ दिएपछि आफ्नो चुरोट सल्काउनु हुन्थ्यो। त्यो बाउ छोराको मैत्रीपूर्ण व्यवहार देख्दा मलाई बेग्लै अनुभूति हुन्थ्यो।

म समयक्रममा राजनीतिक गतिविधिभन्दा मानवअधिकार वा सामाजिक गतिविधिमा बढी रमाउन थालें। बहुदलीय व्यवस्थाको सुरुआतकालमा आन्दोलनहरू प्रशस्त भइराख्थे। हामी मानव अधिकारको पर्यवेक्षण गर्ने सन्दर्भमा पटक पटक स्थलगत रूपमा जहाँ आन्दोलन हुन्छ, त्यहाँ उपस्थित हुने गर्थ्यौं। त्यतिबेला सवारी साधनको उपलब्धता धेरै थिएन। तत्कालीन अवस्थामा म कार्यरत रहेको सिविन संस्थामा पनि कुनै सवारीसाधनको व्यवस्था थिएन। सिविनमा जम्मा हामी दुई जनाको मोटरसाइकल थियो, एकजना साथी जो आर्थिक प्रशासनमा काम गर्नुहुन्थ्यो र मेरो। विभिन्न कार्यक्रममा गइरहनु पर्ने भएको हुँदा मेरो मोटरसाइकल नै अत्यधिक रूपमा कुद्ने गर्थ्यो, जसले पद्म दाइलाई पनि धेरै पटक बोकेको थियो। आन्दोलनका क्रममा मानवअधिकार पर्यवेक्षणका लागि पद्म दाइ र म प्रायः सँगसँगै हुने गर्थ्यौं। मलाई सम्झना भएसम्म थापाथली माइतीघरमा एउटा अग्लो घरको माथिल्लो तलामा मानव अधिकार संरक्षण मञ्च अर्थात मासमको कार्यालय थियो र हामी प्रायः पर्यवेक्षणमा जानुभन्दा अगाडि पनि त्यहाँ भेला हुन्थ्यौं। पर्यवेक्षणबाट फर्किसकेपछि त्यहाँ भेला भएर प्रतिवेदन तयार गर्थ्यौं। खासगरी मानवअधिकार पर्यवेक्षणको सन्दर्भमा पद्म दाइ र मेरो सामिप्यता धेरै बढ्थ्यो, मोटरसाइकलमा आउँदा जाँदा हुने वार्तालापले मानव अधिकारको क्षेत्रमा निरन्तर क्रियाशील हुन उत्साह थपिन्थ्यो।

एकपटक मानव अधिकार पर्यवेक्षणकै क्रममा कोटेश्वरतिर एकदमै तनावको स्थिति छ भन्ने खबर आएपछि पद्म दाइ र म दुई जनामात्रै कोटेश्वरमा पुगेका थियौं। त्यो आन्दोलन नेविसङ्घले आयोजना गरेको थियो। हामी कोटेश्वर पुग्दा प्रहरीहरू अलिक वरै थिए, आन्दोलनकारीहरू रिङरोडतिरबाट आउँदै थिए, जो उग्र रूपमा थिए। हाम्रो त्यतिखेरको भूमिका भनेको प्रहरी र आन्दोलनकारीहरूबीच झडप नहोस् र त्यहाँ कुनै मानवीय क्षति नपुगोस् भन्ने नै हुन्थ्यो। कतिपय अवस्थामा प्रहरीलाई संयम रहन हामी अनुरोध गर्दथ्यौं। त्यो सँगसँगै आन्दोलनकारीलाई पनि संयम रहन र आफ्ना विरोधलाई व्यवस्थित ढङ्गले जनाउनका निम्ति सहजीकरण गर्ने गर्दथ्यौं। हामी मेरो मोटरसाइकलमा गएका थियौं, मोटरसाइकलमा पनि मानव अधिकार अनुगमन भनेर लेखेर टाँसिएको थियो भने हामीले पनि मानव अधिकार पर्यवेक्षण लेखिएको कपडा भिरेका हुन्थ्यौं। प्रहरीसँगको सम्भावित झडप हुन नदिन आन्दोलनकारी आएतिर हामी बढ्यौं। नजिकै पुग्ने बित्तिकै केही आन्दोलनकारीहरूले दौडेर आई घेरेर "यो मोटरसाइकल जलाइदे, जलाइदे" भन्न थाले, उनीहरू अति उग्र भइरहेका थिए। पद्म दाइ मोटरसाइकलबाट ओर्लिनु भयो र "म पद्मरत्न तुलाधर बोल्दैछु, हामी तपाईंहरूकै मानव अधिकार उल्लङ्घन नहोस् भनेर पर्यवेक्षणमा आएका हौं" भन्दै हुनुहुन्थ्यो। पछाडि भीडबाट कसैले "यो बामेलाई ठोक्दे, मोटारसाइकल जलाइ दे.." भनेर चिच्याउँदै पनि थिए। त्यसबेला पद्म दाइको संयमता र बोल्ने शैलीले भीडलाई थप उत्तेजित हुनबाट रोकेको थियो। पद्म दाइले बोल्दै गरेको केही क्षणमा भीडको केही पछाडिबाट अलि 'सिनीयर' देखिने व्यक्ति 'छोड छोड' भन्दै भीड छिचोल्दै आए र मोटरसाइकल जलाउन भनेर वरिपरि बसेकालाई केही पर पन्छाए। त्यही व्यक्तिसँग केही समयको वार्तालापमा विरोध जारी राख्न सकिने तर, अगाडि बढेमा झडप हुनसक्ने भएकाले शान्तिपूर्वक त्यही विरोध जारी राख्न अनुरोध गरियो। अत्यन्त तनावपूर्ण अवस्थामा वार्तालापपछि घेराबाट बाहिर निस्किन सम्भव भएको थियो। सायद त्यतिखेर त्यो आन्दोलनकारी भित्रको केही बुझ्ने मान्छे नभएको भए र त्यहाँ पद्मरत्न तुलाधर

नभइदिएको भए जे पनि हुन सक्ने अवस्था रहेको थियो।

आन्दोलन चर्किरहेका बेला सडकमा मानवअधिकार पर्यवेक्षण गर्ने क्रममा मात्रै हैन मानव अधिकार बहालीका निम्ति आफै आन्दोलित हुनु परिरहेको अवस्थामा पनि पद्मदाइको क्रियाशीलता सदैव सक्रिय र शालीन रहन्थ्यो। मानवअधिकार आयोगको स्थापनाका लागि मानवअधिकारकर्मीहरूको तर्फबाट चरणबद्ध आन्दोलनहरू भएका थिए। त्यतिखेर विभिन्न स्वरूपका नारा जुलुससहित सडकमा हिँड्नेदेखि रिले अनसनसम्मका गतिविधिहरूमा पनि पद्म दाइसँगका थुप्रै अनुभवहरू रहेका छन्।

पञ्चायतकालमा होस् कि छयालीसको जनआन्दोलनका क्रममा र त्यसपछिको केही राजनीतिक परिवर्तन पछिका दिनहरूमा पनि मानवअधिकार आन्दोलनमा होस् अथवा सशस्त्र द्वन्द्वको सुरुआतदेखि शान्ति प्रक्रियासम्ममा होस्, या शान्ति प्रक्रियापछिको गणतन्त्र नेपालका सन्दर्भ होस् पद्म दाइको भूमिका सधै अत्यन्त महत्वपूर्ण रहँदै आयो, नेपालको राजनीतिक क्षेत्रमा र नेपालको मानव अधिकारको आन्दोलनमा। तर, उतारचढावहरू सबैले बेहोर्नु नै पर्दछ, जसबाट पद्म दाइ पनि अछुतो रहने कुरा भएन। पञ्चायतकालमा अत्यधिक मतले विजयी भएपश्चातको त्यो जनपक्षीय उम्मेदवारको विजय जुलुस त्यस भन्दा अगाडि कहिल्यै देखिएको थिएन र पछि पनि सायदै भएका होलान्।

समय बित्दै जाँदा धेरै परिवर्तन भए र एकपटक काठमाडौंमा नै पद्म दाइ निर्वाचनमा पराजित हुन पर्ने अवस्था पनि आयो। जसबाट सधैँभर मान्छेको एकै खालको स्थिति हुन्छ, सधैँभर एकै खाले 'क्रेज' रहिरहन्छ भन्ने भ्रम लिन नहुने महसुस भएको छ। नेपालमा सशस्त्र द्वन्द्वको शुरुआतपछि यसलाई शान्तिपूर्ण निकास ल्याउने क्रममा र सशस्त्र द्वन्द्वकै क्रममा पनि मानव अधिकारको दृष्टिकोणबाट कम भन्दा कम क्षति होस् भन्ने सन्दर्भमा सदैव पद्म दाइको भूमिका अहम् रहन गयो। सशस्त्र द्वन्द्वकै क्रममा 'प्रचण्ड भनेको




***दण्डहीनताका विरोधमा भएको एक ऱ्यालीमा सहभागी हुँदै पद्मरत्न तुलाधर र मानव अधिकारकर्मी***

पद्मरत्न' हो भन्ने समेतको हल्ला पनि चल्यो। शान्ति प्रक्रियामा पद्म दाइको भूमिकादेखि त्यसपछिका क्षणहरूमा मानव अधिकारको निम्ति उहाँको सधै स्पष्ट र सहज सहजीकरणको भूमिका सरहानीय रह्यो।

विगतमा जातीय छुवाछुतको विरुद्ध एक सामाजिक अभियानका रूपमा सहभोज गर्ने कार्यक्रमहरू भइरहन्थ्ये। त्यस्ता सहभोजमा मानवअधिकारकर्मीहरूको उपस्थिति महत्वपूर्ण हुने गर्थ्यो। यसैक्रममा एक पटक पद्म दाइसँग सिन्धुपाल्चोकमा भएको सहभोजमा हामी सँगै पनि गएका थियौं र जातीय विभेद विरुद्धको ऐक्यवद्धता प्रभावकारी बनेको थियो। अर्को एक स्मरणीय घटना, मानव अधिकार पर्यवेक्षण गरी हामी फर्कदै थियौं, भानु मावि नजिक पुग्नै लाग्दा रत्नपार्कबाट आन्दोलनकारीले रानीपोखरीको बारमा रहेका थोरै प्रहरीमाथि ढुङ्गामुढा गर्न थाले। ढुङ्गा वर्षिन थालेपछि केही प्रहरी घाइते पनि भए। पद्म दाइलाई भानुमाविकै गेटमा बसिरहन भनें र मचाहिँ हेलमेट लगाएकाले पारी गएर ढुङ्गा 'नहान नहान' भन्दै चोट लागेको प्रहरीलाई तानेर गणेशस्थानको ओझेलमा सुरक्षित पुऱ्याएँ। पुनः सडकमा निस्केर हात उठाउँदै ढुङ्गा नहान्न अनुरोध गरेँ। त्यतिखेर मानव अधिकार पर्यवेक्षणको नीलो ज्याकेट लगाएको वा कपडा भिरेको परैबाट चिनिथ्यो र कतिपय आन्दोलनकारीले सोको सम्मान पनि गर्थे। केही समयपछि अवस्था सामान्य भयो। फर्किएर पद्म दाइलाई बोकेर घर आएँ। साँझ समाचार हेर्दा पो कान्तिपुर टीभीमा रत्नपार्क गणेश मन्दिर अगाडि 'ढुङ्गा नहान नहान' भनेको मेरो क्लीप र ढुङ्गाका वर्षा देख्दा झसङ्ग बनायो, धन्न मलाई कुनै ढुङ्गाले लागेनछ र त्यो भिडन्तमा हेल्मेट छैन तपाई नजानुस् भनेर पद्म दाइलाई भानुमाविको गेटमा नै छोडेकोमा आफैँलाई धन्यवाद भन्न पनि मन लाग्यो।

अब आन्दोलनका कुरा हैन, केही व्यक्तिगत अनुभूतिका कुरा। पद्मदाइको जङ्कुको सन्दर्भमा विभिन्न कार्यक्रमको आयोजना भयो। त्यतिबेलासम्म शारीरिक रूपमा विभिन्न समस्याहरू देखिँदै आएका थिए तर उहाँ सधै मानसिक रूपमा दह्रो देखिनुहुन्थ्यो, स्पष्ट देखिनु हुन्थ्यो। जङ्कुको सन्दर्भमा आयोजना गरिएको भोजमा अत्यन्त प्रसन्न मुद्रामा बसिरहनु भएको थियो। फोटो खिच्नेहरूको भीडभाड निकै थियो। म र मित्र कुन्दन सपरिवार गएका थियौं, मलाई देखेपछि 'ए तारक यता आऊ, यता आऊ' भन्नु भयो र नजिक पुगेपछि तानेर 'हेर न मलाई त कानमा गहना लगाई दिए' भनेर अत्यन्त प्रसन्नताका साथ र बालसुलभ ढङ्गले देखाउनु भएको थियो। मलाई उहाँको त्यतिखेरका मनै भित्रबाट निस्किएका शब्द, र प्रफुल्लित अनुहार अहिले पनि झल्झली सम्झना आउँछ। मैले 'पद्मदाइलाई एकदम सुहाएको छ नि ! कस्तो राम्रो देखिएको छ !' भनें र सँगै बसेर फोटो पनि खिच्यौं। पद्म दाइसँग निरन्तर भेटेर पुराना केही गतिविधिहरूको अभिलेख राख्ने मेरो चाहना थियो र पद्मदाइसँग यसबारे सामान्य कुरा पनि भएको थियो, जङ्कु सकेपछि गफ गरौंला नि भन्ने कुरा पनि भएको थियो। त्यसपछिको अवधिमा तत्कालै भेटघाटलाई निरन्तरता दिन सकिएन, जाउँला नि जाउँला नि भन्दा भन्दै दिनहरू घर्किए। केही समयपछि बिरामी हुनु भयो र हामीबाट अलग्गिनु भयो। मात्र अब हामीसँग उहाँको हँसिलो अनुहार, सरल व्यवहार र उहाँले देश र जनताका निम्ति पुऱ्याउनुभएको योगदान, मानवअधिकार र शान्ति प्रक्रियामा उहाँको अहम् भूमिका, उहाँसँगका व्यक्तिगत घटनाका रमाइला क्षणहरू सम्झनामा छन्। अजम्बरी त को छ र ?, बाँचिरहने त केवल उसका सत्कर्महरू मात्रै न हुन्।

# नेपालको मानव अधिकार र प्रजातान्त्रिक आन्दोलनमा डा. मथुराप्रसाद श्रेष्ठ

मथुराप्रसाद श्रेष्ठ एक चिकित्सक, तर उहाँ जनस्वास्थ्य विज्ञ, मानवअधिकारवादी, तथा एक सम्मानित शिक्षकका रूपमा प्रख्यात हुनु भयो। उहाँ विज्ञ त हुँदै हुनुहुन्थ्यो, साथसाथै अभियानकर्ता र आन्दोलनकारी हुनु हुन्थ्यो। उहाँ आफूलाईं वाम पक्षधर भन्ने गर्नु हुन्थ्यो तर पार्टी सदस्य बन्ने प्रस्तावलाई उहाँले कहिल्यै स्वीकार गर्नु भएन। उहाँका विद्यार्थीहरूले मात्र होइन, समाजका सबै क्षेत्रका अभियानकर्ताहरूले उहाँलाई मथुरा सर भन्ने गर्दथे।



कोमल भट्टराई

१९९२ साल वैशाखमा जन्मिनु भएका मथुरा सरको ८६ वर्षको उमेरमा २०७९ फागुन ८ गते निधन भयो। निधन हुनु दुई हप्ता अघिसम्म मथुरा सर सामाजिक सञ्जालमा सक्रिय हुनुहुन्थ्यो।

म औपचारिक रूपमा मथुरा सरको विद्यार्थी थिइन। तर, मथुरा सरको मातहतमा रहँदा मैले उहाँबाट जनस्वास्थ्य र जनअधिकारका चासो/ मुद्दाहरूलाई राष्ट्रिय तथा विश्वस्तरीय आयाम र दृष्टिबाट बुझ्नुपर्ने कुरा सिकें। खासगरी, उहाँबाट मैले अनुसन्धान- प्रकृया विधि र इपिडेमोलोजीबारे आधारभूत जानकारी पाउनुका साथै त्यसको अभ्यास गर्न सिकें। मैले करिब १२ वर्ष उहाँ अध्यक्ष रहेको प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्रमा उहाँको अपरोक्ष र डा. शरद वन्तको परोक्ष मातहत भई काम गरें। उहाँ दुवैबाट मैले जनस्वास्थ्य र स्वास्थ्य सञ्चारबारे प्रशिक्षण पाएँ। बुढ्यौलीमा प्रवेश गरिरहनु भएका मथुरा सरसँग मेरो ज्यादै घनिष्टता कायम रह्यो। आफ्ना ज्यादै नजिकका विद्यार्थीका नाम बिर्सने सरले मलाई नामबाट नै बोलाउनु गर्नु हुन्थ्यो।

उहाँ २००८/०९ सालको विद्यार्थी आन्दोलनमा आफू संलग्न भएको पटक पटक बताउनु हुन्थ्यो र सामाजिक सञ्जालमा पनि लेख्नु भएको पढेको हुँ। एक दुईपटक मसँग तत्कालीन अखिल नेपाल विद्यार्थी फेडरेशनको जिल्ला स्तरीय कार्यकर्ता भएको कुरा गर्न हुन्थ्यो। यसैबारे एकपटक अनेरास्ववियुका तत्कालीन अध्यक्ष ठाकुर गैरेले पद्म कन्या क्याम्पसमा आयोजना गर्नु एक अन्तरक्रिया कार्यक्रममा तत्कालको फेडरेशनले सङ्गठन र आन्दोलन गर्दा गर्ने चालबाजीबारे प्रकाश पार्नु भएको थियो। नेकपाका संस्थापक पुष्पलाल र निर्मल लामाले मार्क्सवादी दर्शन र लेनिन तथा माओ लिखित दस्तावेज साहित्यबारे प्रशिक्षण दिएको बताउनु भएको थियो। विद्यार्थी आन्दोलनप्रतिको उहाँको लगाव पछिसम्म कायम थियो।

विद्यार्थी आन्दोलनपछि वाम पार्टीमा उहाँ कसरी सङ्गठित हुनु भएको थियो- सो बारे उहाँबाट मैले सुन्न पाइनँ। चिकित्सक भएर चितवन अस्पतालमा कार्यरत रहँदा

भरतपुर क्याम्पसका तत्कालीन प्राध्यापक आनन्ददेव भट्टसँग उहाँले सहकार्य गरेको कुरा बुझेको थिएँ।

म चिकित्सा शास्त्र अध्ययन संस्थानमा अध्ययनरत रहेको बेला सर उच्च शिक्षाका लागि बेलायत जानु भएको रहेछ। त्यसकारण म उहाँको विद्यार्थी हुन पाइन। मेरो भेट उहाँसँग २०४० सालमा भएको थियो। जुनबेला हामीहरू एमनेस्टी इन्टरनेशनलको स्थानीय शाखाहरू निर्माण गरी तत्कालीन माले पार्टीबाट लखेटिएका कमरेडहरूलाई सङ्गठित गर्दै थियौं। त्यसैबेला एमनेस्टी इन्टरनेशनल, लण्डनले क्यानाडामा एक विचार गोष्ठी गर्दै थियो। सो विचार गोष्ठीमा मथुरा सरलाई पठाउनुपर्ने कुरा एमबीबीएस अध्ययनरत अर्जुन कार्की (हाल प्रख्यात फोक्सो रोग विशेषज्ञ) ले प्रस्ताव राख्नु भयो। सो बमोजिम क्यानाडामा उहाँले 'दी अनाटोमी अफ टर्चर' विषयकमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। त्यहाँबाट फर्केर आएपछि विचार गोष्ठीको उपलब्धिका बारेमा 'ल क्याम्पसमा' प्रवचन दिनुभएको थियो। त्यसैबेला एक मानव अधिकारवादीका रूपमा उहाँलाई मैले चिन्ने मौका पाएँ।

मथुरा सर कुनै वाम पार्टीमा नभए पनि सबै वामहरूबीच स्वीकार्य हुनुहुन्थ्यो। मलाई के लाग्छ भने उहाँलाई तत्कालको मालेका स्वास्थ्यकर्मी र चिकित्सकहरूले घेरामा पारेका थिए। बुढ्यौलीसँगै बाल स्वभाव बन्दै गएका कारणले मथुरा सरलाई वशमा पार्न सजिलो थियो। त्यसैले कैयन् मित्रहरूबाट उहाँको स्वभावको भरपूर प्रयोग र दुरुपयोग भएको मैले महसुस गरेको छु। त्यसमाथि वाम आन्दोलनप्रति उहाँको निष्ठा र विश्वासका कारण आफूलाई के हुन्छ भन्ने ख्याल नराखी वाम समूहका हरेक गतिविधिहरूमा सलग्न भएको देख्दथेँ। ०४५/०४६ सालको जनआन्दोलनमा मात्र होइन, सशस्त्र द्वन्द्वमा संलग्न माओवादीलाई शान्तिवार्तामा ल्याउने पहल बौद्धिक व्यक्तिमात्र नभई वामपन्थी भएर नै गर्नु भएको थियो। उहाँ मधेसीहरूप्रति पहाडियाले



***गौरहत्या काण्डका बारेमा अनुगमन गर्दै डा. मथुरा श्रेष्ठ***

गर्ने विभेदप्रति रुष्ट हुनुहुन्थ्यो तर उहाँले मधेस आन्दोलनका क्रममा भएको गौर हत्याकाण्डको खुलेर विरोध गर्नु भएको थियो।

उहाँ पञ्चायतकालदेखि नै मानव अधिकारको वकालत र सङ्गठित गर्ने काममा संलग्न हुनुहुन्थ्यो। यो ३० को दशकको अन्त्य र ४० को दशकको शुरुआती दिनहरूको कुरा हो जुनबेला वाम पार्टीहरू चारतिर फर्किएका थिए। यसबेला सबैजसो वाम पार्टीहरूलाई पञ्चायतीहरूले राष्ट्रियताका नाममा काङ्ग्रेसका विरुद्ध भड्काएका थिए भने काङ्ग्रेसीहरूमा कम्युनिष्ट फोबिया थियो। त्यसैकारण ०३७ सालमा भएको जनमत सङ्ग्रहमा काङ्ग्रेसले वामपक्षसँग सहकार्य गरेन। केही वामहरूले 'सुधारिएको पञ्चायत र बहुदलीय व्यवस्था' समान काँटामा राख्दै बहिष्कार समेत गरे। त्यसबेला दुवै पञ्चायती विरोधी भए पनि एकले गरेको कार्य अर्कोले विरोध गर्ने गर्थे। ०३८ को पञ्चायती निर्वाचनमा काङ्ग्रेसले केही स्थानहरूमा उम्मेदवार उठायो भने वाम दलहरूले निर्वाचन बहिस्कार गरे। २०४२ को निर्वाचनमा सत्याग्रह र रामराजा प्रसादको बमकाण्डको नाममा काङ्ग्रेस र स्वतन्त्र राजनीतिक कार्यकर्ता गिरफ्तार गरिएका बेला वामहरूले जनपक्षीय उम्मेदवार उठाइ निर्वाचनमा भाग लिएका थिए।

४० को दशकमा नेकपा चौथो महाधिवेशनभित्र हतियार बन्द सङ्घर्ष गर्नेहरू हावी हुँदै गएका थिए भने मालेका जनमत सङ्ग्रहको बहिष्कार गर्नेहरू वैधानिक सङ्घर्ष र आन्दोलन चलाउन त्यस




*पाँचथरमा आयोजित शान्ति र्‍यालीमा डा. मथुरा श्रेष्ठलगायत र कार्यक्रमा भनाइ राख्नु हुँदै इन्सेकका तत्कालीन महासचिव कुन्दन अर्याल*




***२०४३ सालमा सम्पन्न मानव अधिकार संरक्षण मञ्चको प्रथम अधिवेशनमा डा. स्वामी अग्निवेश, डा. मथुरा श्रेष्ठ र प्रकाश काफ्ले लगायत***

अनुसारका सङ्गठन बनाउन सकृय थिए। यसैबिच ०४१ सालमा माले पार्टीको आडमा सुशील प्याकुरेल र स्व. प्रकाशराज काफ्लेको सक्रियतामा मानव अधिकार संरक्षण मञ्च स्थापना गरियो। यसमा मथुरा सरको समेत संलग्नता थियो। उहाँ यसको अध्यक्ष पनि हुनुहुन्थ्यो। उहाँले मानव अधिकारवादी आन्दोलनमा आफूलाई यसबाटै समाहित हुनु भएको जस्तो लाग्छ। उहाँ आफूलाई मानवअधिकारवादी भन्न रुचाउनु हुन्थ्यो। उहाँले आफूलाई स्वास्थ्य मन्त्री र चिकित्सक भनेर देशभित्र र बाहिर चिनाएको मैले सुनिन।

२०४३ मा हुनसक्छ, मलाई वर्ष एकीन भएन, उहाँको नेतृत्वमा "सामाजिक उत्तरदायीका लागि स्वास्थ्यकर्मी, नेपाल"( Health Professional for Social Responsibilty, Nepal) को गठन भएको थियो। यो "इन्टरनेशनल फिजिसियन फर प्रिभेन्सन अफ न्युक्लियर वार" नामक जर्मनीको एक संस्थाबाट प्रेरित भएर गठन गरिएको थियो। यसले दोस्रो विश्वयुद्धमा जापानको हिरोसिमा र नागासाकीमा अमेरिकाले आणविक बम खसालेको दिन अगस्ट ६ र अगस्ट ९ मा साम्राज्यवादका आततायी कार्यहरूको विरुद्ध र स्वास्थ्यकर्मीहरूका कर्तव्यबारे विचार गोष्ठीलगायत विविध प्रचार कार्य गर्ने गर्दथ्यो। हाल यो सङ्गठन "सामाजिक उत्तरदायीका लागि चिकित्सक, नेपाल" (Physician for Social Responsibility, Nepal) छोटकरीमा पीएसआरएन का नामले प्रख्यात छ। मथुरा सरले यस सङ्गठनको धेरै वर्ष नेतृत्व गर्नु भयो। यसै फोरममार्फत् उहाँले वाम पक्षधर चिकित्सकहरूको अभिभावक भइरहनु भयो।

मथुरा सरले चिकित्सकीय पेशा भारतबाट शुरु गर्नु भएको थियो। भारत रहँदाका कुरा उहाँले गर्नु हुन्नथ्यो। तर वीर अस्पताल, चितवन अस्पताल रहँदाका केही


प्रसङ्ग उठाउनु हुन्थ्यो। उहाँको शुरुआती चाहना शल्यचिकित्सक बन्ने थियो रे तर चिकित्सा शास्त्र अध्ययन संस्थानमा प्रवेश गरेपछि जनस्वास्थ्यतर्फ मोडिएको थियो। त्यसैकारण उहाँ बेलायतमा कम्युनिटी हेल्थ अध्ययन गर्न जानु भयो। र यसै विषयको नेपालको दोस्रो प्रोफेसर बन्नु भएको थियो। यही शिक्षण पेशाका दौरान उहाँले नेपाल र नेपाली जनताको साक्षात्कार गर्नु भयो।

उहाँसँगका हरेक कुराकानीमा महाकाली देखि मेचीसम्मका नेपालबारे सुन्न पाइन्थ्यो। उहाँले चिकित्सक पेशामा रहँदा चितवनको सर्पदंशका घटना र केही उपचार गर्दाका सफलताबारे सुनेको थिएँ, अरु प्रसङ्ग मैले सुनेको छैन। तर, शिक्षण पेशामा रहँदाका बारे अनगिन्ति भोगाइ र देखाइबारे सुनेको थिएँ। मलाई लाग्छ- त्यही देखाइ र भोगाइका कारण उहाँलाई जनता र समुदायको स्वास्थ्यको पक्षका लागि अधिवक्ता बन्नु भयो होला। यही क्रममा उहाँबाट अनेकन अध्ययन अनुसन्धान कार्यहरू भएका छन्। दुःखद कुरा के भने उहाँको स्वभावजन्य कारण उहाँले गरेका अनुसन्धान रिपोर्टहरू सङ्ग्रह भएनन्। नेपाली जनताको स्वास्थ्यमा पहुँच, स्वास्थ्य उपचारमा प्रतिव्यक्ति आय खर्च आदिबारे उहाँ र उहाँको सहयोगीहरूले गरेका अनुसन्धान प्रतिवेदनहरू फेला परे हालको स्वास्थ्य पहुँचबारे तुलनात्मक अध्ययन गर्न सहज हुन्थ्यो।

२०४६ को आन्दोलनमा उहाँले नागरिक समाज र पूरै स्वास्थ्य क्षेत्रको अगुवाइ गर्नुभयो। यसबारे त्यस आन्दोलनबारेका अभिलेखमा उहाँका योगदानहरू प्रशस्त पाइन्छन्। ती अभिलेख अध्ययन गरेर उहाँको योगदानलाई वर्गीकरण गर्नु आवश्यक ठान्छु। परिवर्तनपछि उहाँ स्वास्थ्यमन्त्री बन्नु भयो। त्यो काल मुख्यतः संविधान निर्माणकाल भएकाले स्वास्थ्य सङ्गठन तथा बनावटमा परिवर्तन ल्याउन सक्नु भएन। खासगरी एलोपैथिक उपचार प्रणालीको स्वास्थ्यलाई जीवविज्ञानीय दृष्टिबाट बुझ्ने कुरामा हस्तक्षेप गर्न नसकेको कुरा गर्नु हुन्थ्यो। तथापि उहाँले नेपाल स्वास्थ्य अनुसन्धान परिषद् गठन गराउनु भएको थियो। उहाँ मन्त्रीबाट हटेपछि यसको अध्यक्ष बन्न राजी हुनु भएको कुराले यसप्रति उहाँको कस्तो लगाव थियो अनुमान गर्न सकिन्छ। यसमा आयुर्वेद र सामाजिक विज्ञानीय दृष्टिले स्वास्थ्यलाई बुझ्ने अनुसन्धानशास्त्रीहरू पनि संलग्न गरिएका थिए। तर पछि क्लिनिकल जमातले यसलाई परम्परा बनाउन चाहेन।

उहाँको सक्रियतामा मस्यौदा भएको राष्ट्रिय स्वास्थ्य नीति २०४८ मा ग्रामीण तहमा स्वास्थ्य सुविधाका सञ्जाल फैलाउन ध्यान दिइएको देखिन्छ। यसको कारण मथुरा सरमा सन् १९७८ को अल्माआटा-घोषणाप्रतिको कटिबद्धता हो। उहाँ मन्त्री हुनु अघि नै विश्व पूँजीवादी मुलुकहरूले रकफेलर फाउण्डेशनमार्फत् अल्माआटा घोषणामा उल्लेखित समग्र स्वास्थ्य सेवाको प्याकेजलाई सेलेक्टिभ स्वास्थ्य सेवाको प्याकेजमा बदली रहेका थिए। तर, २०४८ मा प्रसारित स्वास्थ्य नीतिमा सन् २००० सम्म सबैका लागि स्वास्थ्यको लक्ष किटानी हुनुलाई यसप्रति मथुरा सरको हस्तक्षेप भएको बुझिन्छ।

अल्माआटा सम्मेलनमा नेपाल पनि सहभागी थियो र अल्माआटा घोषणामा पनि हस्ताक्षार गरेको थियो। विडम्बना अल्माआटा घोषणापत्र नेपाली भाषामा रूपान्तरण समेत गरिएको थिएन। यस घोषणापत्रलाई नेपाली भाषामा उल्था गराउन उहाँले दामोदर उपाध्यायलाई अनुरोध गर्नु भएको थियो र






***गौर हत्याकाण्डका बारेमा आयोजित पत्रकार सम्मेलनमा डा. मथुरा श्रेष्ठ, डा. गौरीशंकर लाल दास र अर्जुन कार्की***

यसको प्राविधिक शब्दहरूलाई सकेसम्म सरल बनाउन मथुरा सरले ४-५ दिन खर्चनु भएको सम्झन्छु। पछि यो प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्रको भलाकुसारी अङ्क ५० मा प्रकाशन गरिएको थियो।

प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र मथुरा सर, डा. अर्जुन कार्की र अन्य मित्रहरूको सक्रियतामा स्थापना गरिएको एक संस्था हो। उहाँको स्वास्थ्य सक्रिय रहुन्जेल उहाँ यसको अध्यक्ष रहनु भयो। यसैबेला उहाँको मातहतमा निरन्तर स्वास्थ्य शैक्षिक सामग्रीका रूपमा प्रकासित हुने भलाकुसारीको सम्पादकका रूपमा मैले कार्य गरेँ। यसैबेला नै मैले उहाँबाट जनता-उन्मुख स्वास्थ्यबारे बुझ्न पाएँ।

मथुरा सरले पछिल्लोकालमा मानव अधिकारको समग्र पक्षबाट स्वास्थ्य अधिकारबारे बढी केन्द्रिकृत गर्दै हुनुहुन्थ्यो जस्तो लाग्छ। उहाँमा अल्माआटा घोषणापत्रलाई कार्यान्वयन गर्ने हुटहुटी थियो। बीसौं शताब्दीको अन्तिम वर्षहरूमा विश्वका जनता उन्मुख चिकित्सकहरू, नागरिक समाज र व्यक्तिहरू अल्माआटा घोषणालाई पुनर्जीवित गर्ने आन्दोलन सङ्गठित गर्दै थिए। त्यसमा मथुरा सर पनि सामेल हुनुहुन्थ्यो। यसै सिलसिलामा उहाँ

नेपालमा विश्व स्वास्थ्य भेला २००० तयारी समितिको संयोजक बन्नु भएको थियो। यस समितिमा नेपाली समाजका विभिन्न क्षेत्रका अभियन्ताहरू संलग्न थिए। ४-८ डिसेम्बर २००० मा बङ्गलादेश ढाकामा ९० भन्दा बढी देशहरू र करिब २५ सय प्रतिनिधिहरू सहभागी विश्व जनस्वास्थ्य भेला भएको थियो। जसमा नेपालका ८४ जनाको प्रतिनिधि मण्डलको अगुवाइ सरले गर्नु भएको थियो। यो भेलामा मथुरा सरले विश्व बैङ्कले हाम्राजस्ता कम विकसित मुलुकको स्वास्थ्य नीतिमा गरेको हस्तक्षेपबारे एक कार्यपत्र पेश गर्नु भएको थियो। यसलाई विश्व बैंकबाट आएका प्रतिनिधिहरूले विरोध गरेका थिए।

यो भेला अल्माआटा १९७८ को घोषणालाई पुनर्ताजगी गर्न सफल भयो। यसले एक "जनताको स्वास्थ्य बडापत्र - २०००" जारी गरेको थियो। समता, पर्यावरणीय, दिगो विकास र शान्ति, समुन्नत विश्व निर्माण पूर्वसोचको आस्थाको आधारमा तयार गरिएको सो बडापत्रमा स्वास्थ्यलाई सामाजिक आर्थिक र राजनीतिक विवषयवस्तु मात्र नभई मूलत मानवको मौलिक अधिकारका रूपमा व्याख्या गरिएको थियो। यस्तो व्याख्यामा मथुरा सर बहुत् स्पष्ट र अडान लिनु हुन्थ्यो। यसकारण आफू मानसिकरुपमा सक्रिय रहुन्जेल सबैका लागि स्वास्थ्य' साकार पार्न शक्ति सम्पन्न राष्ट्र र वर्गका स्वार्थहरूलाई चुनौती दिइरहनु पर्छ भन्ने र लेख्ने गर्नुहुन्थ्यो। विश्वलाई एक गाउँ भन्दै साम्राज्यवादी नङ्ग्राहरू हाम्रा जस्ता गरीब मुलुकका जाति र वर्ग चुस्ने तथा भाँड्ने विश्वव्यापीकरणको विरोध गर्न हुन्थ्यो। त्यसैले उहाँ विद्यमान राजनीतिक र आर्थिक प्राथमिकताहरूमा आमूल परिवर्तन चाहनु हुन्थ्यो।

मथुरा सरलाई मैले पटकपटक आफ्ना अनुसन्धान लेखहरू र जनस्वास्थ्यसम्बन्धी सिकाइहरूबारे अभिलेख गर्न भनिरहें। तर, उहाँले त्यो गर्नु भएन। उहाँले खस साम्राज्यको ऐतिहासिक मिथकबारे एक उपन्यास लेखिरहनु भएको थियो । तर कम्प्युटर बिग्रिँदा सो पनि नष्ट भयो। उहाँको जीवनलाई पछ्याउन मेडिकल आन्थ्रोपोलोजीका प्राध्यापक डा. मधुसुदन सुवेदीले मलाई साथ लिन एकदुई पटक कोसिस गर्नु भए पनि त्यस काममा हामी लाग्न सकेनौँ। मैले थाहा पाए अनुसार अरुबाट भएको जस्तो लाग्दैन। त्यसैले मथुरा सरबाट नेपाल, नेपाली समाज र जनताका लागि भएगरेका योगदानबारेको अभिलेख गरिनु पर्छ भन्ने लाग्छ। उहाँका मानवअधिकारसम्बन्धी नेपाली र अङ्ग्रेजी भाषामा लेखिएका र प्रवचन गरिएका कैयन्



# अर्को साझा प्रयत्नको आवश्यकता



सुबोधराज प्याकुरेल

पहिले आफैंबाट थालौं। मानव अधिकार संरक्षण मञ्चको परिषद् सदस्य र प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्चको केन्द्रीय सदस्यको नाताले राजनीतिक बन्दीको रिहाइ र नागरिक अधिकारको क्षेत्रमा जननेता मदन भण्डारीले परिचालित गर्नु भएअनुसार नै म मानव अधिकारको क्षेत्रमा क्रियाशील बन्न पुगेको हुँ। त्यतिबेला मानव अधिकारको विश्व घोषणापत्र गम्भीरतापूर्वक अध्ययन गरिन्थ्यो र नेताहरू विशेष गरी भूमिगत रहनु भएका मदनसँगै अनेक कोणबाट प्रश्न गर्ने र स्पष्ट हुने प्रयत्न गरिन्थ्यो। सोभियत सङ्घ, चीन र अन्य समाजवादी देशको क्रान्ति तथा त्यससम्बन्धी विश्लेषणका पुस्तक खोज्न कलकत्ता, पटना जानुपर्ने बेला थियो। यहीक्रममा थाहा पाइयो कि मानवको भ्रुणको अवस्थादेखि मृत्युपर्यन्त मौलिक अधिकार हुन्छ। देशको हकमा सीमानाभित्र रहने नागरिकको राष्ट्रिय मामिलामा सार्वभौम अधिकार हुन्छ। अन्तर्राष्ट्रिय मामिलामा असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनद्वारा पारित पञ्चशीलका सिद्धान्त छन् जो गौतम बुद्धद्वारा दीक्षित सिद्धान्तमा आधारित छ।

भूमिगत अवस्थामा रहेकै बेलादेखि पार्टीको सिपाही र ०३६ यताको अलि खुकुलो अवस्थामा ०४२ देखि खुला राजनीति र खुला भाइचारा सङ्गठनमा आबद्ध मान्छे भएकोले बारम्बार थुना र जेलमा परेता पनि मलाई राजनीतिक काम गर्न साह्रै कठिन थिएन। तथापि वाम राजनीतिमा आर्थिक पक्ष प्रबल महत्वको रहेको र जनताले आफ्नो लागि आफै बाटो निर्धारण गर्छन् र विभिन्न वर्गबिच साझा सवालमा साझा प्रयत्न गर्न सकिन्छ भन्ने कुरामा राजनीतिक ऐक्यबद्ध चिन्तन नआइसकेको अवस्थामा राजनीतिक काम गर्न अप्ठ्यारो चाहिँ थियो। महेन्द्र मोरङ कलेजका विद्यार्थीहरू आ-आफ्नो वैचारिक विभाजन अनुसार झडपमा संलग्न हुने गर्थे। आजित भएर स्वर्गीय चिरञ्जीवि रिजाल र मैले नेविसङ्घ र अखिलका विद्यार्थी नेताहरूलाई बोलायौं र लामो छलफल गर्‍यौं। अभिप्राय के थियो भने हाम्राबिच अनेक मतभिन्नता छ तर, साझा लक्ष्य के छ भने हामी जनताले आफ्नो बारेमा आफै फैसला गर्न पाउने राजनीतिक व्यवस्था हुनु पर्छ। जनताको रोजाइ अनुरूपको राज्य सञ्चालन हुनुपर्छ अभिमत भन्दामाथि जन्म वंश वा अन्य कुनै कारणले सर्वोपरि रहने वंशीय हैकम हामीलाई मान्य छैन भन्ने कुरामा हामीबिच साझा मान्यता छ।

हामी तत्कालीन पञ्चायती व्यवस्था विरोधीहरूबिचको द्वन्द्वले पञ्चहरूलाई फाइदा भइरहेको थियो। त्यो बैठकपछि राम्रो चलन बस्यो। कलेजमा



*जनआन्दोलन २०६२-०६३ मा इन्सेकका तत्कालीन अध्यक्ष सुबोधराज प्याकुरेल*

नेपाल विद्यार्थी सङ्घ वा अखिल जसले पनि सार्वजनिक कार्यक्रम गर्दा हामी दुबैजनालाई निम्ता गर्न थाले। यसले असल संस्कारको सिर्जना पनि गऱ्यो। यही प्रयत्नको सिलसिलामा साझा मिलन बिन्दु खोज्ने क्रममा मानव अधिकारका सबै सिद्धान्तको अध्ययन गर्ने र शान्ति स्वतन्त्रता र समृद्धिको लागि साझा प्रयत्नलाई अगाडि बढाउन मानव अधिकार प्रभावकारी औजार हुनसक्छ भन्ने कुरामा आत्मविश्वास बढ्दै गयो। हाम्रो प्रयत्नमा अन्तर्राष्ट्रिय समर्थन जुटाउन पनि मानव अधिकारको सवाल आधारभूत माध्यम हुने कुरामा बहुदल पक्षीय राजनीतिक दलहरूका बिचमा सामञ्जस्यता थियो।


बहुदलीय व्यवस्था स्थापनाको लगत्तै इन्सेकले घटनाहरूको व्यवस्थित अभिलेख हुनुपर्ने विषयलाई गम्भीरतापूर्वक लिएको थियो। यसका संस्थापक महासचिव प्रकाश काफ्ले यसका लागि प्रयत्नरत हुनुहुन्थ्यो। ०४८ सालदेखि गरिएको प्रयत्नमा नर्वेजियन संस्था नोराडले सकारात्मक आश्वासन दिएपछि प्रकाश विराटनगर जानु भएको बेलामा मलाई यो कुरा बताउनु भएको थियो। ०४९ सालको असार महिनामा उहाँ आउनु भयो र सबै कुरा बेलिबिस्तार लगाएपछि भन्नु भयो, 'गुरु, यो काम हामीबाट मात्र पार लाग्दैन। तपाईंले यसको जिम्मा लिनु पर्छ।' मैले भनें, 'म कसरी मानव अधिकार जस्तो बिहङ्म विषयमा आधारित भएर देशको वार्षिक अभिलेख तयार गर्ने कामको नेतृत्व लिन सकौँला ?' उहाँले भन्नु भयो, 'तपाईं पढालु मान्छे। विश्व मानव अधिकारको घोषणापत्र, मानव अधिकार सम्बन्धी महासन्धिहरू, विभिन्न मानव अधिकार समितिले गरेको टिप्पणी, अहिलेलाई यत्ति काफी छ। त्यसको आधारमा देशमा घटेका घटनाको अभिलेख गर्ने र तिनै अभिलेखको आधारमा देशको मानव अधिकार

स्थितिको बारेमा वर्ष पुस्तक निकाल्ने। तपाईंको वचन चाहियो। म यहाँबाट फर्किएर विदेश जान्छु। उताबाट फर्किएपछि तपाईंलाई खबर गर्छु। अनि तपाईं काठमान्डु आइदिनु पर्छ। कुनै कुनै महिना दुई चार दिनलाई र पुस्तक निकाल्ने बेलाको अन्त्यमा दुई महिनाको समय दिनु पर्‍यो।' मैले नाइँ गर्न सकिनँ। विदेशबाट फर्किने क्रममा ०४९ सालको साउन १६ गते हवाइजहाज दुर्घटनामा परेर उहाँको निधन भयो। म आफूले दिएको बचनको बन्धनमा परेँ। कहिल्यै नगरेको कामको बोझ मेरो काँधमा आयो। त्यतिबेला विश्वभर मानव अधिकारका घटनाको अभिलेख गर्ने साझा प्रणाली थियो, ह्युरिडक्स फारम तर त्यो यति विस्तृत थियो कि त्यस अनुसार गर्न सक्ने हाम्रो क्षमता पुग्दैन थियो। र, नेपालको व्यवहारिकताको हिसाबले पनि मिल्दैनथ्यो। उक्त फारमले थोरै पीडक र धेरै पीडितको कल्पना गर्थ्यो। जबकि हामीकहाँ थोरै पीडितलाई धेरै पीडकले दु:ख दिने गरेका थिए।

भर्खर बहुदल आएको थियो। पहिलो निर्वाचित सरकार बनेको थियो। अन्तरिमकालमा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले थुप्रै मानव अधिकार महासन्धिमा नेपाललाई पक्ष राष्ट्र बनाइसक्नु भएको थियो। तर ०४८ सालको निर्वाचनबाट स्थापित गिरिजाप्रसाद कोइरालाको सरकारको बेलामा समाजमा वामपन्थी र कांग्रेसका बिचमा प्रशस्त फाटो आयो। गाउँघरमा सत्ता पक्षका मानिसलाई लाग्थ्यो कि केन्द्रमा सरकार कांग्रेसको भएकोले स्थानीय प्रशासन सबैले स्थानीय कांग्रेस पार्टीको आदेश मान्नुपर्छ। पूर्वपञ्चहरूको ठूलो सङ्ख्या कांग्रेसमा प्रवेश गरेको थियो। र, स्वभावैले उनीहरू आफूले व्यवहार गरिआए अनुसारको व्यवहार गर्न चाहन्थे। गाउँघरमा ठूला



*जनआन्दोलन २०६२-०६३ मा इन्सेकका तत्कालीन अध्यक्ष सुबोधराज प्याकुरेल*



*दक्षिण एशियाली मानव अधिकार संयन्त्रका बारेमा तत्कालिन मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीसँग भेट गर्दै दक्षिण एशियाका मानव अधिकारकर्मी*

किसानको आम्दानीको मुख्य स्रोत ब्याजमा लगानी गर्नु थियो। ब्याजदर अचाक्ली बढी त थियो नै त्यसमा बेठ बेगारी पनि गाँसिएको थियो। गरिब किसान ऋण तिर्न नसकेर घर खेत बुझाउनुपर्ने अवस्थामा थिए। सरकार तीस वर्षदेखिको पञ्चायती अवशेषलाई अध्ययन गर्ने, सुधार्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापन सिर्जना गर्नुपर्ने काममा व्यस्त थियो। तर, जनता सबै खाले शोषण अत्याचारबाट तत्काल मुक्ति चाहन्थे। स्वार्थीहरू राजनीतिक आवरणमा आफ्नो थिचोमिचो शोषण कायम राख्न प्रहरी प्रशासन र सरकारी संयन्त्रको दुरुपयोग गरिरहेका हुन्थे। प्राकृतिक प्रकोपबाट विस्थापितहरूको ठूलो सङ्ख्या थियो। विद्यालयहरूको बेहाल थियो । जहाँ पञ्चायतकालमा गठित सञ्चालक समितिको मनपरी थियो। स्वास्थ्य संस्थाहरू थिएनन्। मालपोत, नापी, जिल्ला प्रशासन र वन विभागमा जनताले प्रताडित हुनुपर्थ्यो। सरकारको प्रयत्न खुला अर्थनीति अन्तर्गत राज्यको दायित्व घटाउने र स्रोतको उपयोग आधारभूत संरचनातर्फ केन्द्रित गर्नेतर्फ थियो। परिणामस्वरूप निजीकरण थालियो। सरकारी संस्थानहरू सस्तोमा बेचेर भए पनि राज्यले आफ्नो दायित्व घटाउने नीति लिएको थियो। तर, सार्वजनिक क्षेत्रबाट बेरोजगार बनाइएकाहरू बेहालमा परे। सत्तापक्ष र विपक्षबिचमा प्रजातन्त्र मानव अधिकार र नागरिकको समृद्धिको विषयमा साझा दृष्टिकोण निर्माण होला भन्ने जुन अपेक्षाका साथ नागरिकको सबै पक्षका तप्काले जन-आन्दोलनमा सहभागिता जनाएका थिए उनीहरूमा पनि अविश्वास निराशा र आक्रोश बढ्दै गएको थियो। त्यस्तो अवस्थामा मानव अधिकारको अभिलेखमा कस्ता पात्रको भूमिकालाई कसरी अभिलेख गर्ने भन्ने विषयमा द्विविधा हुनु स्वभाविक थियो।

इन्सेकका पुराना शुभेच्छु र मानव अधिकारको क्षेत्रमा ख्यातिप्राप्त डाक्टर क्लेरेन्स डाइससँग फोन वार्ता गरेँ। उहाँले भन्नुभयो, राज्यले भन्दा धेरै बढी अधिकारको उल्लङ्घन गैरराज्य पक्षबाट हुने गरेको छ। सत्ता पक्षका मानिस, समुदायिक र धार्मिक नेताहरू जो औपचारिक सरकार होइनन् तर उनीहरूको कारण मानव अधिकारको उल्लङ्घन गरिने हुँदा पीडितले न्याय पाउने गुञ्जायस समाप्त पारिएको हुन्छ। त्यसकारण जताबाट भएको होस् जनताको अधिकार उपरको जबर्जस्तीलाई मानव अधिकारको उल्लङ्घनको रूपमा उजागर गरौँ। हामीले त्यसैअनुसार गऱ्यौँ। पछि त्यसलाई मानव अधिकारको उल्लङ्घन र ज्यादतीको रूपमा फरक अभिलेख गर्न थालिएको छ।

आफ्नो सीमित ज्ञान, देशको आक्रोशित मानसिकता, पञ्चायतकालीन अव्यवस्थाको उत्तरार्धको अवस्थामा इन्सेकले मानव अधिकार वर्ष पुस्तकको प्रकाशनको आरम्भ गरेको हो। इन्सेकका पूर्व महासचिव डा. राजेश गौतमसहित हामी देशका विभिन्न भागमा पुग्यौँ। हरेक जिल्लाका लागि घटनाको अभिलेख गर्न स्वयम्‌सेवकहरूको चयन गऱ्यौँ। घटनालाई विभिन्न शीर्षकमा विभक्त गरेर अभिलेख गर्न प्राज्ञ नरनाथ लुइँटेल, विष्णु प्रभात लगायत थुप्रै साथीहरू अहोरात्र खट्नु भयो।

वर्ष १९९२ देखि १९९६ सम्मका पुस्तकमा हामीले प्राकृतिक प्रकोपमा परेका र आर्थिक सामाजिक कारणले आत्महत्या गरेका मामिलासमेत अभिलेख गरेका छौँ। किनकि हामी विश्वास गर्थ्यौँ कि प्रकोप, बाध्यता र रूढिवादबाट नागरिकको रक्षा गर्ने दायित्व राज्यको हो। वर्ष पुस्तक १९९२ र १९९३ ले नेपाल सशस्त्र अशान्तिको सङ्घारमा पुगेको अवस्थाका बारेमा सचेत पार्ने प्रयत्न भूमिका र कार्यकारी सारांशमा प्रस्टताका साथ उल्लेख गरेको छ।



*नेपाली कांग्रेसका तत्कालीन सभापति तथा पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग कुराकानी गर्दै इन्सेकका तत्कालीन अध्यक्ष सुबोधराज प्याकुरेल*



***इन्सेकका तत्कालीन अध्यक्ष सुबोधराज प्याकुरेल नेपाली कांग्रेसका नेताहरू शेरबहादुर देउवा, डा. मिनेन्द्र रिजाल र डा. प्रकाशशरण महतसँग कुराकानी गर्दै***

प्रजातन्त्रपछि पनि जारी रहेको आधुनिक दास प्रथाको अवशेष रूपी कमैया प्रथा, मन्दिरमा चढाइने देउकी प्रथा, देह व्यापार गर्न बाध्य पार्ने वादी प्रथा, गाउँघरमा धनीमानीले गर्ने ऋणको चर्को ब्याज र अरू बेठ बेगारी, हलीया चरुवा प्रथा आदिका बारेमा सुरुका वर्ष पुस्तक केन्द्रित रहे। यसले देशमा अत्यावश्यक सुधार परिमार्जन र परिवर्तनका एजेन्डालाई उजागर गरेपछि थुप्रै प्रयत्न राज्यबाट भयो।

यसरी, मानव अधिकार वर्ष पुस्तक अभिलेखको भूमिकाबाट रूपान्तरणको औजार बन्न पुग्यो। यहीकारण हो कि संविधान मस्यौदा समितिका अध्यक्ष विश्वनाथ उपाध्यायदेखि गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी, माधवकुमार नेपाल, शेरबहादुर देउवा, केपी शर्मा ओली, पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठदेखि सुशीला कार्की र राष्ट्रिय मानव अधिकार आयोगका सबै अध्यक्षहरूले पुस्तकको विमोचन गर्नुभएको छ। यो यात्रा अहिले पनि जारी छ। ०४६ सालको जनआन्दोलन र त्यसको सफलता लगत्तै देशलाई सामाजिक न्याय र आदर्श प्रजातान्त्रिक समाजमा रूपान्तरण गर्न देशव्यापी चलायमान मानव अधिकार आन्दोलनमा ०५२ सालमा माओवादीले सुरु गरेको हिंसात्मक विद्रोहले ठूलो चुनौती थपिदियो। संसदमा देखिएको बेथिति, राज्यमा देखिएको असन्तुलन, दलहरूबिचको द्वन्द्व र जनतामा व्याप्त चरम निराशाको फलस्वरूप माओवादीको आन्दोलन सुरुमा समाजमा व्याप्त शोषण अत्याचार विरुद्धको जनस्तरको प्रतिकारको रूपमा र पछि विरोधी उपरको दुर्दान्त अत्याचारको रूपमा फैलँदै गयो। कमैया मुक्ति, हलिया चरुवा, देउकी, वादी प्रथाको उन्मुलन, भूमिसुधार, स्थानीय सरकारको प्रभावकारिता, आधारभूत आवश्यकताको परिपूर्ति लगायत सबै विकास निर्माण र संरचनाको काममा बाधा पुग्न

थाल्यो।

सरकारले २०५५ सालमा 'किलो सेरा टु' नामको क्रूरतापूर्ण दमन अभियान चलायो। भदौ महिनामा माओवादीको केन्द्रीय समितिको चौथो विस्तारित भेलाले आधार इलाका निर्माण गर्दै अगाडि बढ्ने कार्यदिशा पारित गरेपछि सरकार र माओवादीबिचको द्वन्द्वले उग्र रूप धारण गऱ्यो। त्यसयता बारम्बार शान्तिको प्रयास नभएको होइन।

०४६ देखि ०४८ सम्म नेपालको मानव अधिकार क्षेत्रमा कार्यरत व्यक्तिहरू असल प्रतिनिधि निर्वाचित होउन् भनेर कस्तालाई भोट दिने, कसरी निर्वाचनमा सहभागी हुने आदि विषयमा सचेतना जगाउन र निर्वाचन पर्यवेक्षणमा संलग्न रहे। ०४६ को अन्तरिम सरकारको पालामा नेपाललाई अन्तर्राष्ट्रिय मानव अधिकार समुदायको इज्जतिलो सदस्य बनाउन मानव अधिकारको अन्तर्राष्ट्रिय कानुनको पक्षधर राष्ट्र बनाउन सफल भए। ज्ञानेन्द्रको शाही कब्जाको विरुद्ध संयुक्त राष्ट्रसङ्घमा विरोध जनाउने, मानव अधिकार परिषद्बाट प्रतिनिधि कार्यालयको स्थापना गराउने काममा हामीले पाएको सफलता त्यसैको परिणाम थियो।

तर, २०५१ देखि २०५५ सालसम्म नेपाल प्रहरी र माओवादीबिच रहेको सशस्त्र लडाइँ २०५८ मङ्सिर ११ गते देखि सङ्कटकालको घोषणापछि नेपाली सेनासहितको संलग्नतामा दुर्दान्त हुन पुग्यो। त्यही बेला थियो हामीले पनि खतरा मोलेर भए पनि मानिसको ज्यान बचाउनु पर्ने। दुवै पक्षलाई आआफ्नो मर्काको बारेमा संसारमा खबर पुऱ्याउनका लागि हाम्रो जरुरत थियो। कहिले सेनाको ब्यारेकमा गएर सेनालाई थुनछेक गर्ने अधिकार छैन भन्दै समातिएकालाई प्रहरी मार्फत कारागार पठाउन लगाउने, कहिले सुरक्षा फौजले खोजीमा राखेको पीडितका आफन्तलाई लुकाएर जोगाउने अनि हुँदा हुँदा माओवादीले अपहरण गरेको विदेशी दूतावासको गाडी



***जनआन्दोलन २०६२–०६३ को पर्यवेक्षण गर्दै इन्सेकका तत्कालीन अध्यक्ष सुबोधराज प्याकुरेल, पत्रकारद्वय महेन्द्र बिष्ट र रमेश बिष्ट***

छुटाउनेदेखि उनीहरूद्वारा अपहरित भारतीय सेनाका जवानलाई छुटाउनेसम्मका काम गर्नु पऱ्यो।

देशव्यापी खोप कार्यक्रम गर्नु पर्दा हाम्रो पहलमा बाल अधिकारको सवाल भनेर माओवादी समेतको सहयोगमा खोप कार्यक्रमलाई सफल बनाउन सक्यौँ। जनआन्दोलनको बेलामा मानव अधिकार कानुनको आधारमा ज्ञानेन्द्रको सत्ता कब्जाको वैधानिकतालाई अन्तर्राष्ट्रियस्तरमा चुनौती दिन सक्यौँ। संविधान निर्माणको बेलामा जनताका सवाललाई मुखरित गर्ने काम पनि गऱ्यौँ। भारतीय नाकाबन्दीको विरुद्धमा संयुक्त राष्ट्रसङ्घमा उजुरी पनि दर्ता गरियो।

शान्ति प्रक्रियामा पीडितको पक्षमा सर्वोच्च अदालतदेखि सबै तह तप्कामा उजुरी हाल्ने र न्यायको लागि वकालत गर्ने काम गऱ्यौँ। द्वन्द्वपीडितको पार्श्वचित्र निकालेर सबै पीडितको विवरण इन्सेकले सार्वजनिक गरेको हो। त्यसलाई आधार मानेर संयुक्त राष्ट्रसङ्घले आफ्नो प्रतिवेदन सार्वजनिक गरेको छ। उक्त प्रतिवेदन अनुसार १३ हजार २ सय ४८ मारिएका तथा ९ सय ३१ जना बेपत्ता पारिएका छन्। इन्सेकले घर घरैको विवरण लिएकाले हामी यो अभिलेखको शुद्धता बारेमा विश्वस्त छौँ। अहिलेसम्म सरकारले मारिएका १५ हजार १ सय २८ जना र बेपत्ता १ हजार ५ सय ३५ जना तथा घाइते अङ्गभङ्ग ८ हजार १ सय ९१ जना अपहरित ५ हजार ६ सय ५९ जना, टुहुरा ७ सय ५८ जना लगायत नियमित भत्ता पाउने ७ सय ४४ जना समेत भनेर २१ अर्ब २८ करोड राहतको शीर्षकमा खर्च गरिसकेको छ। अहिले नेपालको मानव अधिकार समुदाय द्वन्द्व पीडितहरूको सवालमा न्यायको लागि लडिरहेको छ। बेवारिसे छाडिएका बाल सेनादेखि कल्पना गर्न नसकिने यातना, दुर्दान्त हत्या लगायत यौनदासीका सवालहरू जीवित छन्।

सर्वोच्च अदालतले सन् २०१५ र २०२० मा दुईपटक गम्भीर प्रकृतिको मुद्दामा माफी मिनाहा दिन सकिन्न भन्दाभन्दै हाम्रो कारणले गणतन्त्र आएकोले हामी उपर सवाल उठाउन पाइँदैन भन्ने कुरा माओवादीले गरिरहेका छन्। सरकारको आदेशमा परिचालित भएकोले हामी उपर प्रश्न गर्न पाइन्न भन्ने दाबी सुरक्षा फौजको छ। तर, दुवैले आफ्नो प्रतिबद्धता र देशको तथा अन्तर्राष्ट्रिय कानुन बमोजिमको जवाफदेहीतालाई बेवास्ता गरिरहेका छन्। महान्यायाधिवक्ता र कतिपय अवस्थामा तल्ला न्यायालयले समेत सबै कुरा विगत १७ वर्ष देखि निरीह रहेको सङ्क्रमणकालीन न्यायका संरचनाको टाउकोमा पन्छ्याउने गरिरहेका छन्।

सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगले थलोमा गएर पीडित, पीडक र उनीहरूको छरछिमेक प्रत्यक्षदर्शीसँग सोधपुछ गरेकै छैनन्। न त पीडक पक्षलाई सान्त्वना दिने स्मृति सम्मान लगायतका कुनै तत्काल थलोमा गर्नुपर्ने कुनै योजना नै बनाउन सकेका छन्। द्वन्द्व रूपान्तरणको धारणा स्पष्ट हुन नसकेकै अवस्थामा केवल कर्मचारीतन्त्रको भद्दा कार्यविधिले पाता कसेर आयोगहरूलाई अशक्त बनाइएको अवस्था छ।

थलोमा जाने, पीडितलाई सान्त्वना दिने, कानुन बमोजिम कारबाही गर्न दबाब दिने, पीडक पक्षको सार्वजनिक रूपमा विरोध भण्डाफोर गर्ने काममा हामी संलग्न भइरह्यौँ। फलस्वरूप द्वन्द्वरत पक्षले मानवीय कानुन र मानव अधिकारको सम्मान गर्ने पनि भने। शायद कतै कुनै घटनामा ज्यादती रोकियो पनि होला तर मूलतः उनीहरूको



*जनआन्दोलन जनआन्दोलन २०६२-०६३ को अनुगमन गर्दै मानव अधिकारकर्मीहरू*

प्रवृत्तिमा परिवर्तन आएको देखिएन।

अर्को पक्षको ज्यादती देखाउँदै आफ्नो अपराधको पक्षधरता जनाउने महारोग अझै व्याप्त छ। यो नै आजको मुख्य चुनौती हो। अर्थात् मानव अधिकार संस्कृतिको जगेर्ना गर्नु आजको मुख्य चुनौती हो। देशको लोकतन्त्र र जनताको हैसियत अनुसार संसारले हामीलाई इज्जत गर्छ। सन् २००५ को जनआन्दोलनको सफलता लगत्तै फोरम एसियाको अधिवेशन बैङ्ककमा भएको थियो। त्यसले मलाई सर्वसम्मतिले अध्यक्ष पदमा चुन्यो। त्यतिबेला सबैको चासो र प्रशंसा नेपालको लोकतान्त्रिक आन्दोलनप्रति थियो। तिनै साथीहरू अहिले बारम्बार प्रश्न गर्छन्, आन्दोलनको बेलामा तिमीहरूको बोली र प्रभाव जुन थियो त्यो अहिले के भएर कमजोर भयो? अहिले मलाई लाग्छ इतिहासले फेरि हामीलाई पुकारी रहेको छ।

देशको राजनीति अन्यमनस्कको स्थितिमा छ। नेताहरू बिचारको होइन व्यक्तिको राजनीति गरिरहेका छन्। योजनाविद्हरू जनताको होइन चकाचौँध हुने ठूला ठूला संरचनाको योजना बनाइरहेका छन्। आधारभूत नागरिकको आत्मनिर्भरता, उन्नति, नेतृत्वदायी गुणको विकास, सामाजिक न्याय र नागरिक मर्यादाजस्ता सामाजिक विकासको जगप्रति राज्य सञ्चालकहरूको ध्यान पुग्न सकेको छैन। विचार र दर्शनको राजनीतिबाट व्यक्तिको राजनीतिमा हामी झरेका छौँ। त्यसैले अरूलाई खुइल्याएर आफू माथि पुग्ने दूषित मनसाय हाबी भएको छ। प्रवृत्तिको मूल्याङ्कन हुन छोडेको छ। मानव अधिकारको आँखाले प्रगतिशील राज्यको स्थापना गर्ने हाम्रो सपनामा तगारो लागेको छ। त्यसकारण नेपालको संविधानको मौलिक अधिकार र अन्य आधारभूत अधिकारको मामिलामा साझा धारणासहित सुधार र रूपान्तरणको अभियानमा फेरि जुट्नुपर्ने आवश्यकता छ। आशा छ, नेपालको नागरिक समाजले यसतर्फ आगामी दिनमा मौलिक निडर समावेशी र प्रभावकारी कदम चाल्नेछ।

# प्रजातन्त्र पुनःस्थापनाका लागि मानव अधिकारकर्मीको योगदान




**प्रा. डा. राजेश गौतम**

पञ्चायतकालमा मानव अधिकारकै विषयमा उल्लेख गरेर जनताको अधिकार कायम गर्नुपर्छ भनेर बोल्न सक्ने अवस्था थिएन। मानव अधिकारका विषयलाई अप्रत्यक्ष रूपबाट जनताका बिचमा पुऱ्याउनेमा थुप्रै व्यक्तिहरू देखा पर्छन्। खुला रूपबाट, राजनीतिक रूपबाट अथवा मानव अधिकारकै एउटा इतिहासलाई स्थापित गर्नुपर्छ भन्ने दृष्टिकोणले अगाडि बढ्न सक्ने स्थिति त्यतिखेर थिएन। त्यतिखेर मानव अधिकारका कुरा गर्नु भनेको एक किसिमले अपराधकै रूपमा तत्कालीन सरकारले व्यवहार गर्दथ्यो। पछिल्लो समयमा खासगरी २०३६ साल (जनमत संग्रह भइसके)पछिको अवस्थामा केहीकेही खुकुलोपनहरू देखिएको हो। देशमा त्यतिखेर मानव अधिकारका विषयलाई स्थापित गर्नुपर्छ र जनताको अधिकार स्थापित गर्नुपर्छ भनेर सङ्गठनात्मक रूपबाट अगाडि बढ्नेमा दुई/तीन जना व्यक्तिहरू अगाडि देखा परे। एकजना नेपाल मानव अधिकार सङ्गठनको अध्यक्षको रूपमा ऋषिकेश शाह हुनुहुन्थ्यो। मानव अधिकार संरक्षण मञ्चमा प्रकाश काफ्ले र सुशील प्याकुरेल हुनुहुन्थ्यो। त्यतिखेर मानव अधिकार संरक्षण मञ्चको हस्तीका रूपमा सुशील र प्रकाश हुनुहुन्थ्यो।

व्यक्तिका हिसाबले दुवै सङ्गठनमा त्यस्तो किसिमको दूरी थिएन। नेपाल मानव अधिकार संरक्षण मञ्चमा पनि थुप्रै बामपन्थी विचार भएका नेताहरू थिए। पद्मरत्न तुलाधर, भरतमोहन अधिकारी त्यसको संस्थापक हुनुहुन्थ्यो भने सङ्गठनमा हामी जस्ता प्रजातान्त्रिक धारका व्यक्तिहरू पनि थियौं। दुवै सङ्गठनको बिचमा एक आपसमा मिलेर काम गर्ने कुरामा सहमति थियो। त्यस्तो कुनै किसिमको दुरी थिएन। दुई ओटा सङ्गठन स्थापना भइसकेपछि मानव अधिकारको कुराहरू जनतामा अलिकति व्यापक रूपबाट स्थापित हुन थाल्यो। यी संस्थाको उद्देश्य नै मानव अधिकार स्थापित गर्नुपर्छ, जनताले बोल्न पाउनु पर्छ, जनताले लेख्न पाउनु पर्छ भन्ने थियो। संस्थाको दृष्टिकोणहरू विस्तारै परिमार्जन र थप हुँदै आयो। रोजगारीका कुराहरू क्रमिक रूपबाट अगाडि बढ्दै गयो। यसरी अगाडि बढ्ने क्रममा साना साना पर्चाहरू, पुस्तिकाहरू पनि निकाल्ने क्रम त्यतिखेर थियो। मानव अधिकारका कुराहरूलाई स्थापित गर्ने कुराहरूमा दुवै सङ्गठनहरू त्यसरी नै अगाडि बढे।

यो कांग्रेसकै नामबाट स्थापना भएको, यो कम्युनिस्टकै नामबाट स्थापना भएको भन्ने दृष्टिकोण यदि यहाँ राखियो भने फेरि मानव अधिकार हनन् हुन्छ। बामपन्थी विचार बोकेकाहरूले पनि जनताको अधिकार स्थापना गर्नुपर्छ भनेर आफ्नो सङ्गठन खोलेर

लागे। त्यस्तैगरी प्रजातान्त्रिक विचारहरू बोकेर पनि जनताको अधिकार स्थापित गर्नुपर्छ भनेर लागे। बामपन्थी र प्रजातन्त्रवादीहरूको बेग्लै संस्था हो भन्ने दृष्टिकोण चाहिँ त्यतिखेर थिएन। इतिहास तोडमोड गर्नेले जे पनि भन्न र गर्न सक्छन्। खासमा प्रजातन्त्र ल्याउनका लागि, मानव अधिकारका आधारभुत विषयलाई राज्यको दायित्वमा समेट्नका लागि पञ्चायतकालमा नै दुई ओटा संस्था सक्रिय भएका हुन्। दल नै प्रतिबन्धमा भएका बेलामा खुलेका सङ्गठनलाई दलगत निकटताका दृष्टिकोणबाट हामीले हेर्‍यौँ भने फेरि जनताको अधिकार हनन् भएको मान्नुपर्छ।

पञ्चायतको अन्त्यका लागि यिनीहरूको भूमिका महत्त्वपूर्ण छ। त्यो चाहिँ निश्चित हो। किनभन्दा दुवै सङ्गठनको मुख्य उद्देश्य नै देशमा बहुदल स्थापना गर्ने थियो। बहुदलको लागि जे जस्ता कामहरू अगाडि बढ्थे त्यसमा यिनीहरूको भूमिका भइहाल्थ्यो। यद्यपि कयौँ कुराहरूमा आफ्नो एउटा नीति भएको कारणले गर्दा आ-आफ्नो किसिमले अगाडि बढ्ने दृष्टिकोण थियो। तर, त्यति हुँदाहुँदै पनि राजनीतिक अधिकारको लागि अगाडि बढ्ने कुरामा दुवै सङ्गठनहरू सँगसँगै नै अगाडि बढेका हुन्।

पञ्चायतकालको कुरा गर्नुअघि प्रजातन्त्रको स्थापना र त्यसको अवसानका बारेमा थोरै चर्चा गर्नु सान्दर्भिक होला। २००७ सालमा देशमा प्रजातन्त्र आयो। देशमा प्रजातन्त्र आइसकेपछि जुन किसिमले प्रजातान्त्रिक धारणा र व्यवस्था अगाडि बढ्नु




*मानव अधिकार शिक्षा प्रवर्धन गर्दै इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेल र तत्कालीन महासचिव डा. राजेश गौतम*


पर्ने हो त्यो किसिमले अगाडि बढ्न नसकेको सत्य हो। सबै राजनीतिक दलका नेताहरूमा सत्तामुखी स्वभाव देखा पऱ्यो। सबैले कसरी सत्तामा जाने भन्ने दृष्टिकोण नै अपनाए। त्यसैले २००७ देखि २०१७ सम्मको अवधि हेर्ने हो भने पनि कांग्रेस आउनुभन्दा अगाडिको अवधिलाई हेर्ने हो भने पनि राजाले सबै व्यक्तिहरूलाई प्रयोग गरेको देखिन्छ। त्यो सबै प्रयोग हुनु भनेको राजाले मात्र प्रयोग गरेको होइन व्यक्ति आफू पनि प्रयोग भएको मान्नु पर्छ। टङ्कप्रसाद आचार्यजीलाई माथि ल्यायो कुरो नमिलेपछि फ्याँक्यो। डा. केआई सिंहलाई चिनबाट झिकाएर ल्यायो। उनलाई पनि १ सय दिनमै हटाए। त्यो भन्दा अगाडिका कयौं नेता जस्तै मातृका र वीपीका बिचका केही कुराहरूमा भिन्नता देखिए। कांग्रेस पार्टीलाई फुटाएर मातृकाजीकै नेतृत्वमा पार्टी खोलेर अगाडि बढ्ने कुरा भए।

यी सबैका पछाडि राजाको राजनीतिक उद्देश्य प्रमुख थियो। त्यतिखेर त्रिभुवनको त अन्त्यजस्तै भइसकेको थियो। खासगरी महेन्द्र प्रजातन्त्रलाई रुचाउँदैनथे। २००७ सालकै क्रान्तिदेखि उनी प्रजातन्त्रका विरोधी थिए। उनी कांग्रेसका त कट्टर विरोधी थिए। यस्तो किसिमको स्थितिबाट हेर्ने हो भने त्यहाँ राजाको पनि आफ्नो स्वार्थ देखिन्छ। त्यस्तैगरी नेताहरूको पनि आफ्नो स्वार्थ देखिन्छ। नेताहरूको स्वार्थ के भन्दा टङ्कप्रसादजी अगाडि बढ्न लाग्यो भने उनकै विरोध गरेर मोर्चाहरू गठन गरेर अगाडि बढ्ने। कांग्रेसकै समयमा पार्टी अगाडि बढ्न थाल्यो भने अर्को मोर्चाहरू गठन गरेर उसको विरोध गर्ने गतिविधि भए। सबै राजनीतिक दलहरूको उद्देश्य व्यक्तिगत स्वार्थ मात्र रह्यो। तर, प्रजातन्त्रलाई यो भर्खर आएको प्रजातन्त्र हो, यो कलिलो छ, यसलाई हामी सबै मिलेर स्थापित गर्नुपर्छ, बलियो बनाउनु पर्छ भन्ने दृष्टिकोण चाहिँ २०१५ सालभन्दा अगाडि नेताहरूमा कमी नै देखियो। त्यसकारणले गर्दा राजालाई खेल्ने मौका प्रशस्त रह्यो।

पछाडि गएर चुनाव पनि त्यति सजिलोसँग भएको पनि होइन। राजाले नचाहँदा नचाहँदै पनि चुनाव भएको हो। यो चुनावको घोषणा गर्नुभन्दा अगाडि राजाले एउटा गोप्य कमिटी बनाएका थिए। त्यो कमिटीको उद्देश्य नै चुनाव भयो भने कांग्रेस सत्तामा आउँछ कि आउँदैन भनेर देशैभर त्यतिखेरका बडाहाकिममार्फत् एउटा रिपोर्ट तयार गर्नु थियो। रिपोर्ट प्राप्त गरिसकेपछि मात्र राजाले २०१५ सालमा चुनावको घोषणा गरे। यतिखेर चुनाव गरायो भने नेपाली कांग्रेस सत्तामा आउँदैन भन्ने रिपोर्टको निश्कर्ष पाइसकेपछि मात्र राजाले चुनावको घोषणा गरेका हुन्। यसले गर्दा त्यति सजिलोसँग चुनाव घोषणा भएको होइन। तर, राजाको दुर्भाग्य जनताको भाग्य नेपाली कांग्रेस सत्तामा आयो। राजालाई त चित्त बुझेको थिएन। यसले गर्दा सरकार बनाउन पनि ढिलो भयो। सरकार करिब करिब महिना दिन डेढ महिनासम्म त त्यसै लिङ्गरिङ गरे। त्यसको अर्थ के भने राजा असन्तुष्ट थिए। त्यसैले प्रत्येक क्रियाकलापहरू राजाको प्रजातन्त्रको विरुद्धमा रह्यो। र, २०१७ सालमा उनले 'कू' गरे।

मानव अधिकार संरक्षणका लागि त कम्युनिस्ट र कांग्रेस भएर केही फरक पर्दैन। किनभने त्यहाँ प्रजातन्त्रका कुरा गर्ने हो। तर, अहिले हाम्रा व्यक्ति अब देशमा भएका संघसङ्गठनलाई हेर्ने हो भने सबैले एउटा एउटा झण्डा, आफ्नोआफ्नो झण्डा बोकेर हिँडेका छन्। त्यस अर्थमा चाहिँ यो दुर्भाग्य हो। पञ्चायतकालमा एकातिर मानव






***मानव अधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा आफ्नो भनाइ राख्दै इन्सेकका तत्कालीन महासचिव डा. राजेश गौतम***

अधिकार संरक्षण मञ्च थियो अर्कोतिर नेपाल मानव अधिकार सङ्गठन थियो। मानव अधिकार र प्रजातान्त्रिक आन्दोलनमा दुवैको योगदान थियो। सरकार बनाउने बेलामा चाहिँ कृष्णप्रसाद भट्टराईले दुवै संस्थाबाट एक एक जना राख्ने भनेर बनाए। एकातिरबाट देवेन्द्रराज पाण्डे र अर्कोतिरबाट डा. मथुराप्रसाद श्रेष्ठलाई मन्त्री बनाइयो। यो मानव अधिकारवादीलाई नै सम्मान गरेर बनाइएको थियो। आन्दोलनमा मानव अधिकारवादीहरूको संलग्नता, उनीहरूको सहयोग, उनीहरूको भूमिकालाई महत्त्व दिएर मन्त्री बनाइएको थियो। प्रजातन्त्र पुनर्स्थापनाको लागि यी दुई सङ्गठनहरूको भूमिका उल्लेखनीय नै छ। त्यसमा विवादै छैन।

प्रजातन्त्रको पुन:स्थापनामा राजनीतिक दलहरूको भन्दा यी संस्थाको योगदान पक्कै पनि कम छैन। यसलाई दुई दृष्टिकोणले पनि हेर्न सकिन्छ। मेरो दृष्टिकोणमा त्यतिखेर शुद्ध रुपले आन्दोलनमा मानव अधिकारवादीहरूको पनि भूमिका महत्त्वपूर्ण थियो। त्यसको अर्थ राजनीतिक दलहरूको भूमिका थिएन भन्न खोजेको होइन। त्यो मुद्दा त राजनीतिक दलहरूको मुद्दा थियो। राजनीतिक मुद्दाभित्र पनि मानव अधिकार स्थापित हुनुपर्छ भन्ने लडाई मानव अधिकारवादीहरूकै हो। यसमा खण्डन गर्ने




अर्को कुनै तथ्य छैन।


मानव अधिकारकै कुरो गर्दाखेरी म हिजोको मात्र हैन आजको पनि भन्छु नेताहरूमा मानव अधिकार छैन। नेताहरू मानव अधिकारका कुरा गर्छन् तर बोलेको केही क्षणपछि उनीहरूले नै मानव अधिकारको उल्लङ्घन गरेर हिँड्छन्। कुरा गर्छन् काम गर्दैनन्। मानव अधिकार प्रजातन्त्रलाई बेग्लै छुट्याएर हेर्न सक्ने स्थिति होइन। मानव अधिकार भन्नु नै प्रजातन्त्र हो। प्रजातन्त्र भन्नु नै मानव अधिकार हो। जहाँ प्रजातन्त्र हुँदैन त्यहाँ मानव अधिकार हुँदैन। जहाँ मानव अधिकार हुँदैन त्यहाँ प्रजातन्त्र हुँदैन। यी दुवै एक अर्काका परिपूरक हुन्। तर, यथार्थमा हाम्रा सबै नेताहरूले, अब त कतिसम्म भन्नु पऱ्यो भने मानव अधिकार आन्दोलनमा संलग्न भएका नेताहरूले पनि मानव अधिकार भन्ने कुरोलाई मागी खाने भाँडो बनाउन थाले।

हाम्रा नेताहरूको क्रियाकलाप हेर्ने हो भने पनि मानव अधिकार र प्रजातन्त्रका कुरा गर्छन् मानव अधिकार हनन् भइरहेको देख्छन्। मानव अधिकारका कुरा गर्छन् तुरुन्त बाहिर निस्कने बित्तिकै त्यहाँ प्रजातन्त्रमाथि कुठाराघात भइरहेको हुन्छ। यो किसिमको स्थितिमा अब यथार्थमा राजनीतिक रुपबाट भन्ने हो भने जुन रुपबाट प्रजातन्त्र र मानव अधिकार अगाडि बढ्नु पर्ने हो त्यही रुपबाट सही अर्थमा यसको प्रयोग हुन सकेको छैन। त्यसको अर्थ जनतामा, समाजमा त्यसको लागि प्रयासहरू नभएको पनि होइन। प्रयासहरू हुन्छन्। किनभन्दा निष्पक्ष रूपबाट लाग्ने व्यक्तिहरू पनि छन् नि ! नभएका त होइनन् ! तर, तिनीहरूको महत्त्व छैन। तिनीहरूको आवाज ओझेल परेको छ।

*(इतिहासविद् प्रा. डा. गौतम इन्सेकका पूर्व महासचिव हुनुहुन्छ। उहाँसँग प्राचीका लागि गोविन्दप्रसाद त्रिपाठीले गर्नुभएको कुराकानीका आधारमा यो लेख तयार पारिएको हो।)*

# लोकतन्त्र, नागरिक समाज र द्वन्द्वउप्रान्त परिवेश

शोभाकर बुढाथोकी*



**पृष्ठभूमि**

नागरिक समाजको चरित्र र स्वभाव दुवै दृष्टिकोणमा स्वतन्त्र, निष्पक्ष, गैरराजनीतिक र मुनाफारहित हुनुपर्दछ। सामान्यतया: नागरिक समाज भन्नाले दलीय अनुशासनमा नबाँधिएका स्वतन्त्र व्यक्तिहरू सङ्गठित भएको स्वार्थरहित समूहलाई बुझ्नुपर्ने हुन्छ भने यस्ता समूहहरू सामूहिक हितको क्षेत्रमा कार्यरत रहनुपर्ने मान्यता रहेको छ। विश्वव्यापी रूपमा नागरिक समाजलाई एकातिर राज्यको निगरानी गर्ने निकायको रूपमा बुझिन्छ भने अर्कोतिर राज्यलाई सही दिशामा दिशानिर्देश गर्ने सहयोगी समूहका आत्मसात् गरिएको हुन्छ। नागरिक समाजले मुलुकमा जवाफदेहिता सुनिश्चित गर्न, पारदर्शिता कायम गर्न, नागरिकका अधिकार सुनिश्चित गर्न, विकासको वातावरण बनाउन उपयुक्त वातावरण तयार गर्न मद्दत गर्दछ।

नेपालमा नागरिक समाजको संस्थागत विकासक्रमको इतिहास एकीनसाथ भन्न नसकिए पनि राणाकालमा धार्मिक संस्थाहरूका रूपमा सङ्गठित केही संस्था तथा समूहहरूलाई यस प्रकृतिका संस्थाका रूपमा लिन सकिन्छ। राणाकालमा तुलसी मेहर श्रेष्ठको नेतृत्वमा स्थापित श्री चन्द्र कामधेनु चर्खा प्रचारक महागुठी (सन् १९२७) का अलावा प्रजातन्त्र स्थापनाको लगत्तै स्व. दयाविरसिंह कंसाकारको नेतृत्वमा स्थापित परोपकार (सन् १९५२) र पूर्व प्रधानमन्त्री स्व. कृष्णप्रसाद भट्टराईको नेतृत्वमा गठित नेपाल पत्रकार महासङ्घ (सन् १९५६) लाई नेपालमा नागरिक समाजको प्रारम्भकालीन युग मान्न सकिन्छ। त्यसलगत्तै नेपालले जेनेभा महासन्धि (सन् १९४९) मा हस्ताक्षर गरेपछि सो को सिद्धान्तमा आधारित रहेर मानवीय सङ्कटका क्षेत्रमा काम गर्ने उद्देश्यले नेपाल रेडक्रस सोसाइटी (सन् १९६३) स्थापना भएको थियो।

३० वर्ष लामो पञ्चायत शासनकालमा सङ्गठित हुनका लागि दरबारसँगको सामिप्यता जरुरी हुन्थ्यो। नागरिक तहका सङ्घ-संस्थाहरू स्वतन्त्र रूपमा सञ्चालन हुनसक्ने र नागरिकको अधिकार तथा उनीहरूको पहुँचका विषयमा आवाज उठाउनसक्ने सम्भावना पनि थिएन। राणाकाल र पञ्चायती व्यवस्थामा सर्वसाधारण नागरिकले सङ्गठित हुने र

* *इन्सेक कार्यसमितिका पूर्व सदस्य बुढाथोकी द्वन्द्व समाधान, नागरिक सुरक्षा, लोकतन्त्र र मानव अधिकारसम्बन्धी विषयमा विशेषज्ञता राख्नुहुन्छ ।*




# नेपालको मानव अधिकार आन्दोलनमा इन्सेक

| | |
|---|---|
| १, २ | मानव अधिकार संरक्षण मञ्चको कार्यक्रममा आफ्नो धारणा राख्दै इन्सेकका संस्थापक महासचिव प्रकाश काफ्ले |
| ३, ४, ५ | जातीय छुवाछूत विरुद्ध गरिएको आमसभा, आन्दोलन तथा सहभोज कार्यक्रम |
| ६, ७ | कमैया मुक्तिका लागि गरिएको एक कार्यक्रममा इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेल |
| ८ | कमैया बालबालिकाका लागि सञ्चालित बाल शिक्षा |
| ९ | कृषि मजदुरको न्यूनतम ज्यालासम्बन्धी सभामा आफ्नो भनाइ राख्दै इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेल |
| ११ | दण्डहीनता अन्त्यका लागि गरिएको विरोध सभामा स्व. पद्मरत्न तुलाधर लगायत मानव अधिकारकर्मीहरू |
| १२ | बेपत्ता पारिएका व्यक्तिहरूको न्याय प्राप्तिका लागि गरिएको आन्दोलनमा आफ्नो भनाइ राख्दै इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेल |
| १३ | दण्डहीनता अन्त्यको माग गर्दै आयोजित र्‍याली |
| १४, १५, १६ | कमैया मुक्तिका लागि तत्कालीन श्रम मन्त्री सुरेन्द्र हमाललाई ज्ञापन पत्र बुझाउनुका साथै छलफल गर्दै इन्सेककर्मीहरू |
| १७, १८, १९ | मानव अधिकार आयोगको गठनका लागि धर्ना तथा कालो पहिरनसहित दबाब कार्यक्रममा इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेल |
| २० | मानव अधिकार आयोगको गठनका लागि गरिएको दबाब कार्यक्रममा प्रहरीले इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेलाई गिरफ्तार गर्दै |
| २१ | मानव अधिकार आयोगको माग गर्दै आयोजित र्‍यालीमा इन्सेकका पूर्व अध्यक्ष सुबोध प्याकुरेल |
| २२ | जनआन्दोलनको अनुगमन गर्दै इन्सेकका पूर्व अध्यक्ष सुबोधराज प्याकुरेल |
| २३ | जनआन्दोलनमा घाइते भएकाको उद्धार गर्दै इन्सेककर्मीहरू |
| २४ | गौर घटनाका सम्बन्धमा आयोजित पत्रकार सम्मेलनमा डा. मथुराप्रसाद श्रेष्ठ लगायत मानव अधिकारकर्मीहरू |




३

४

५

६

७

८

९
घोषणा सभा

१०
कृषि मजदुर संघ नेपाल

११

१२
बेपता परिएकाहरुको
सत्य, न्याय र

१३

१४

१५

१६

१७
२४घण्टेअनशन

१८

१९

२०

२१

२२

२३

२४

फोटो संयोजनः गीता माली



*जनआन्दोलन जनआन्दोलन २०६२–०६३ को अनुगमन गर्दै अधिकारकर्मीहरू*

मानव अधिकारको उपभोग गर्न पाउने राजनीतिक स्वतन्त्रता थिएन। केवल यो सुविधा राजदरबार नजिक वा उनीहरूका आशिर्वाद प्राप्त सीमित व्यक्तिहरूका लागि उपलब्ध थियो। त्यसैले नागरिक समाजको संस्थागत विकास हुन सकेन र लामो समयसम्म राज्य प्रणाली जवाफदेही एवं पारदर्शी हुने आधारहरू तयार हुन सकेन।

पञ्चायती शासनको अन्तिम समयमा निरङ्कुश पञ्चायतको दमनलाई चुनौती दिँदै प्रजातन्त्रको पक्षमा वकालत गर्ने परिवर्तनका पक्षधर राजनीतिक रूपमा सचेत युवाहरूले खासगरी २०३६ सालको जनमत सङ्ग्रहपछि मानव अधिकार र राजनीतिक स्वतन्त्रताका क्षेत्रमा देखाएको सक्रियताले नागरिक समाजको सङ्गठित हुने स्वतन्त्रतालाई व्यवहारमा उतार्ने प्रयत्न गरेको पाइन्छ। उदाहरणका लागि सुशील प्याकुरेल र प्रकाश काफ्लेको सक्रियतामा राजनीतिक बन्दीहरूको रिहाइको उद्देश्यसहित बन्दी विमोचन समिति (२०३७), गोपाल गोतामे, प्रकाश काफ्ले, सुशील प्याकुरेलको अगुवाइमा मानव अधिकार संरक्षण मञ्च (२०४०) र ऋषिकेश शाहको नेतृत्वमा नेपाल मानव अधिकार सङ्गठन (२०४५) को स्थापना र सक्रियताले नेपालमा नागरिकहरू सङ्गठित हुने र सङ्गठित हुने अधिकार उपभोगका लागि आधारहरू तयार गरेका थिए। यसैगरी पेशागत संगठनका रूपमा स्थापित नेपाल बार एशोसियसन ( सन् १९५६), बद्रिप्रसाद खतिवडाको नेतृत्वमा नेपाल राष्ट्रिय शिक्षक सङ्गठन (वि.सं.



२०३७) जस्ता संस्थाहरूले पनि नेपालमा नागरिक समाजको क्षेत्रलाई व्यापक पार्न मद्दत पुऱ्याएको पाइन्छ। यसरी नागरिक तहमा मानव अधिकारको अनुगमन वा पेशागत हक-हित संरक्षणका लागि गठित संस्थाहरूले नेपालको प्रजातन्त्र पुर्नस्थापनाको आन्दोलन (वि.सं. २०४६) र लोकतन्त्र स्थापनाको आन्दोलन (वि.सं. २०६२/६३) लाई सफल बनाउन महत्वपूर्ण भूमिका खेलेका थिए।

**बहुदलीय शासन पद्धतिमा नागरिक समाज**

नागरिक समाज लोकतान्त्रिक शासन पद्धतिमा मात्र चलायमान हुन सम्भव छ। नेपालमा बहुदलीय शासन पद्धतिको स्थापनासँगै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नागरिक संस्थाहरूका गतिविधिहरू सञ्चालन गर्ने वातावरण निर्माण भएको थियो। नागरिक समाज राज्यका निम्ति खबरदारी गर्ने मात्र नभई पहरेदारी गर्ने निकाय पनि हो। यसले राष्ट्र निर्माणका क्षेत्रमा अहम् भूमिका खेल्न सक्दछ। नागरिक समाजका गतिविधिहरू स्वतन्त्र रूपमा सञ्चालन हुनु भनेको आम नागरिकको आधारभूत मानव अधिकार सुनिश्चित हुनु पनि हो।

त्यसैले नागरिक समाजको उपस्थिति बिना राज्य सञ्चालनको परिकल्पना गर्नु असम्भव प्राय: हुन्छ। यस नीतिलाई आत्मसात गर्दै संयुक्त राष्ट्रसङ्घ लगायत प्राय:जसो लोकतान्त्रिक मुलुकले नीति निर्माणदेखि कार्यान्वयनको तहसम्म नागरिक समाजको अर्थपूर्ण सहभागितालाई अनिवार्य सर्तको रूपमा समावेश गरेको पाइन्छ। विशेषत: विकसित मुलुकहरू लगायत अन्तर्राष्ट्रिय अर्न्तसरकारी निकाय, दातृ संस्थाहरू र वैदेशिक सहयोगमा पनि नागरिक समाजको उल्लेखनीय भूमिका, उनीहरूको अर्थपूर्ण सहभागिता र नागरिक समाजसँग सम्बन्धित संस्थाहरूको कार्यगत स्वतन्त्रताको विषयलाई महत्वपूर्ण सर्तका रूपमा समावेश गरेको पाइन्छ। साथै, हाम्रो परिवेशमा पनि राज्यको नीतिगत तहमा नागरिक समाजको सहभागितालाई स्वीकार गरिएको छ र साङ्केतिक रूपमा भए पनि उनीहरूको उपस्थिति अनिवार्य ठानिएको छ। तर, नागरिक समाजको प्रभावकारी उपस्थिति, अर्थपूर्ण सहभागिता र प्रभावकारी भूमिकाका लागि लामो यात्रा गर्नुपर्ने परिस्थिति छ।

नेपालमा नागरिक समाजको संस्थागत विकास र बिस्तारको श्रेय २०४६ सालको जनआन्दोलन र यसबाट स्थापित बहुदलीय शासन व्यवस्थालाई दिनुपर्ने हुन्छ। नेपालको संविधान २०४७ ले अभिव्यक्ति स्वतन्त्रताको हक, सङ्गठित हुन पाउने हक लगायत लोकतान्त्रिक पद्धतिमा आधारभूत मानिने सबैजसो मौलिक हकको सुनिश्चितता गरेपछि गैरसरकारी संस्थाको रूपमा नागरिक समाजका संस्थाहरू स्थापना हुन पाउने अधिकार कार्यान्वयनमा द्रुतता आएको थियो। यद्यपि सङ्घसंस्था गठनका लागि पञ्चायतकालमा जारी भएको संस्था दर्ता ऐन, २०३४ लाई प्रयोगमा ल्याइएको र सोका आधारमा प्रशासनिक तहबाट गैरसरकारी संस्थाको हैसियतमा नागरिक अधिकार र स्वतन्त्रतासँग सम्बन्धित संस्थाहरूलाई दर्ता गर्ने र नियमन गर्ने गरिएको थियो, जुन हाल पनि कायम छ। साथै, पञ्चायतकालमा रानी ऐश्वर्यको अध्यक्षमा गठित राष्ट्रिय सामाजिक

सेवा समन्वय समितिलाई समाज कल्याण परिषद्‌को रूपमा नाम परिवर्तन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको केन्द्रीय निमयन गर्ने गरिएको छ। यसले अन्तर्राष्ट्रिय संस्थाहरूले नेपालमा भित्र्याउने सहयोग र राष्ट्रिय संस्थाहरूले परियोजनाका रूपमा प्राप्त हुने अनुदान रकमलाई पनि स्वीकृति दिने गर्दछ, जुन सामान्यतया नियमन भन्दा नियन्त्रणको सोचबाट सञ्चालित छ।

नागरिक तहमा सङ्घसंस्था गठन गर्न पाउने स्वतन्त्रता नेपाल अधिराज्यको संविधान, २०४७ ले सुनिश्चित गरेपनि राजनीतिक विचारको पक्षपोषणका अलावा समाजमा घृणा-द्वेष फैलाउन सक्ने, सामाजिक सद्‌भावमा खलल पुऱ्याउने, र राष्ट्रियता तथा सार्वभौमसत्तामा आँच पुऱ्याउने खालका संस्थाहरूको गठनमा निषेध गरेको छ। तर, देशको कानुनले बर्जित गरेका कार्यमा सक्रिय हुसक्ने बाहेक अन्य सबै प्रकारका कार्यहरू- शिक्षा, स्वास्थ्य, गरीवी निवारण, वातावरण, खानेपानी, सरसफाइका अलावा मानव अधिकारदेखि सामाजिक विकास तथा उत्थान, आर्थिक सशक्तिकरणदेखि आयआर्जनसम्मका क्षेत्रमा सक्रिय हुनसक्ने सबै खालका संस्थाहरू स्थापना भएको पाइन्छ। यसले मूलतः नागरिकका आधारभूत अधिकार सुनिश्चित गर्न सहयोग पुऱ्याएको पाइन्छ भने देशको पुर्नस्थापित प्रजातन्त्रको संस्थागत विकास र मानव अधिकारको बहालीमा टेवा पुऱ्याएको थियो। त्यसैले नेपालका नागरिक समाजको विकासक्रमका सन्दर्भमा सन् १९९० को दशकलाई स्वर्णिमकालका रूपमा लिइन्छ।

नेपालमा नागरिक समाजले राजनीतिक परिवर्तनदेखि सामाजिक रूपान्तरण र आर्थिक सशक्तिकरणमा उल्लेखनीय भूमिका खेलेको छ। मूलतः सिमान्तकृत समुदायको अधिकारको सुनिश्चितता लगायत उनीहरूको सशक्तिकरण, उत्थान र आत्मनिर्भरका क्षेत्रमा कार्यरत नागरिक समाजका संस्थाहरूले राज्यका सेवालाई प्रभावकारी बनाउन ठूलो योगदान पुऱ्याएका छन्। यस्ता सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता र नीति निर्माण तहमा उल्लेखनीय सहभागिताको सुनिश्चितताका लागि कानुनी आधारहरूको निर्माण र यसको संस्थागत विकासमा पनि महत्वपूर्ण भूमिका रहेको छ। यस्ता संस्थाहरूले दवावमूलक मात्र नभई चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, विद्यमान नीतिहरूको कार्यान्वयन गर्ने र सशक्तिकरणको सवाललाई राज्यको मूलधारमा ल्याउन मद्दत पुऱ्याउने गरेका छन्। यस अर्थमा मुलुकमा बहुदलीय शासन व्यवस्थाको पुर्नबहाली पश्चातको सन् १९९० को दशकमा नागरिक आन्दोलन, अधिकार केन्द्रित अभियान र सशक्तिरणको सार्वजनिक बहस एवं पैरवीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता भएको पाइन्छ। यसले मुलुकको लोकतन्त्र, कानुनी शासन र मानव अधिकारप्रतिको प्रतिबद्धतालाई अन्तर्राष्ट्रिय तहमा स्थापित गर्न मद्दत पुऱ्याएको थियो भने देशमा जवाफदेही, जिम्मेवार र पारदर्शी शासन प्रणाली स्थापनामा पनि सहयोग पुऱ्याएको छ।

**द्वन्द्वकालमा नागरिक समाजको सक्रियता**

प्रजातन्त्रको पुर्नस्थापनासँगै चलायमान हुन थालेको नागरिक समाजका गतिविधिहरूको यात्रा २०५२ फागुनमा





*जनआन्दोलन २०६२-०६३ का क्रममा घाइतेलाई उद्धार गर्दै इन्सेककर्मीहरू*

तत्कालीन नेकपा (माओवादी) बाट घोषणा गरिएको सशस्त्र द्वन्द्वका कारण केही हदसम्म अवरुद्ध हुन पुगेको थियो। प्रारम्भिककालमा द्वन्द्वरत पक्षहरूबाट नागरिक सङ्घ-संस्थाका गतिविधिहरूमा कुनै रोक नलगाइए पनि द्वन्द्वको विस्तारसँगै भएका अवरोधहरू, राज्यपक्ष र विद्रोही पक्षबाट विभिन्न बहानामा आउने दवावका कारण यस्ता गतिविधिहरू सञ्चालनमा समस्या देखा परेका थिए। मूलत: समुदायस्तरमा सञ्चालित नागरिक सङ्घ-संस्थाका गतिविधिहरू प्रभावित हुन पुगेका थिए। विद्रोही नियन्त्रणमा क्षेत्रमा गतिविधिहरूको सञ्चालनमा उनीहरूबाट लिनुपर्ने अनुमति र त्यस्ता प्रभावित क्षेत्रहरूमा गतिविधिहरू सञ्चालन गर्दा विद्रोही पक्षहरूलाई सहयोग पुऱ्याएको भन्ने जस्ता राज्य पक्षबाट लगाइने आरोपका कारण नागरिक समाजका संस्थाहरू प्रताडित हुनु परेको थियो।

द्वन्द्वरत पक्षहरूको दोहोरो चपेटामा परेका कारण नागरिक सङ्घ-संस्थाहरू ग्रामीण र दुर्गम क्षेत्रबाट शहरी क्षेत्रमा केन्द्रित हुने र आयआर्जन, सीप विकासका अलावा सामाजिक तथा आर्थिक रूपान्तरण सशक्तिकरणका क्षेत्रमा कार्यरत संस्थाहरूले पैरवीमूलक, चेतनामूलक र अभियानमूलक क्षेत्रमा केन्द्रित गर्न बाध्य भएको अवस्था थियो। तथापि नागरिक समाजका संस्थाहरू निस्क्रिय भएको अवस्था पक्कै पनि होइन।

उक्त विषम परिस्थितिमा राज्य तथा विद्रोही दुवैका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संयन्त्रबाट सुनिश्चित गरिएको बाँच्न पाउने

हक लगायतका आधारभूत मानव अधिकारको बहालीका लागि बलियो आधार भनेको नागरिक समाजका क्षेत्रमा कार्यरत मानव अधिकार संस्थाहरू थिए। राष्ट्रिय मानव अधिकार आयोगजस्ता सरकारबाट स्थापित संस्थाहरू केही हदसम्म सक्रिय भएपनि उनीहरूका गतिविधिहरू प्रभावकारी बनाउने र नागरिक तहका सूचना प्राप्त गर्ने माध्यम भनेको नागरिक समाजका संस्थाहरू थिए। यसको मतलव द्वन्द्वकालमा नागरिक समाजका संस्थाहरूको सक्रियता हुन नसकेको भए थप कैयौँ हजार नेपाली नागरिकहरू द्वन्द्वबाट प्रभावित हुने निश्चित थियो र मुलुक द्वन्द्वका कारण कहिल्यै फर्कन नसक्ने अवस्थामा पुग्ने निश्चित थियो। यसर्थ, द्वन्द्वका प्रभावहरूको न्यूनिकरण गर्न र यसबाट नागरिकहरूको जीउज्यान जोगाउन र निजी तथा सार्वजनिक सम्पत्तिको जगेर्ना गर्नमा नागरिक समाजका संस्थाहरू निर्विकल्प माध्यम मानिएका थिए। यसले अन्तत्वगत्वा द्वन्द्व समाधान र शान्ति प्रक्रियाका आधारहरू पनि तयार गरेको मान्न सकिन्छ।

**शान्ति प्रक्रियामा नागरिक समाजको अगुवाइ**

इन्सेकका अनुसार १३ हजार २ सय ४८ जना मानिसहरू मारिएको र ८ सय २४ जना मानिसहरू बेपत्तामा पारिएका छन्। यसैगरी, हजारौँको सङ्ख्यामा मानिसहरू घाइते भएको र विस्थापनमा परेको पाइन्छ भने हजारौँ मानिसहरूको जग्गा कब्जा भएको देखिन्छ। द्वन्द्वका कारण मुलुकको आर्थिक अवस्था क्षतविक्षत हुनुका साथै राज्य असफलतातर्फ उन्मुख भइरहेको समयमा द्वन्द्वरत पक्षहरूका बिचमा विश्वासको वातावरण तयार गर्ने, वार्ताका लागि आवश्यक सूचना आदान-प्रदान गर्ने र वार्ताका लागि सहजीकरण गर्ने जस्ता जोखिममूलक कार्यहरूमा नागरिक समाजका संस्थाहरू र यस क्षेत्रमा कार्यरत व्यक्तिहरूबाट अगुवाइ लिएका थिए।

सरकार र विद्रोहीकाबीचमा सम्पर्क सुत्रका रूपमा नागरिक समाजका स्थापित व्यक्तिहरू गोप्य तथा अर्धगोप्य रूपमा सक्रिय हुनुका साथै शान्ति वार्ताको आवश्यकताको बारेमा सार्वजनिक बहस प्रारम्भ गर्ने र द्वन्द्वरत पक्षहरूलाई वार्ताको वातावरण बनाउन दबाब दिने कार्य नागरिक समाजबाट भएको हो। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा समेत नि:शर्त वार्ताका लागि वातावरण बनाउने, यसका लागि राजनीतिक तथा कुटनीतिक तहमा समर्थन जुटाउने र आवश्यकता अनुसार सहमति जुटाउने कार्यमा पनि नागरिक समाजको उल्लेखनीय भूमिका रहेको छ। यसका अलावा शान्ति वार्ताको सहजीकरण गर्ने र यसका लागि आवश्यक विश्वासको वातावरण बनाउने जस्ता कार्यमा पूर्व सभामुख दमननाथ ढुंगाना र मानव अधिकारवादी अगुवा स्व. पद्मरत्न तुलाधरले शान्ति वार्तामा सहजकर्ताका रूपमा पहिलो वार्ता ( सन् २००१) देखि रहेको प्रत्यक्ष सहभागिताले नागरिक समाजको रचनात्मक भूमिकालाई पुष्टि गर्दछ।

**लोकतान्त्रिक आन्दोलनमा नागरिक समाजको अग्रसरता**

नेपालको हरेक लोकतान्त्रिक आन्दोलनमा नागरिक समाजले अग्रणी भूमिका निभाएको छ। राणा शासनको

अन्त्यदेखि गणतान्त्रिक संविधानको घोषणा, सङ्घीय शासन प्रणालीको स्थापना र गणतन्त्र स्थापनासम्मको राजनीतिक आन्दोलनमा नागरिक समाजले सूचना सम्प्रेषण, अन्तर्राष्ट्रिय सम्पर्क तथा सहयोग जुटाउने र राजनीतिक शक्तिहरूलाई सवलिकरण गर्ने कार्यमा सहयोगी बन्दै आएको छ। लोकतन्त्र स्थापनाका लागि महत्वपूर्ण मानिने २०३६ सालको जनमत सङ्ग्रह, २०४६ सालको बहुदलीय शासन प्रणालीको पुर्नस्थापना र २०६२/६३ को लोतान्त्रिक आन्दोलनहरूमा नागरिक समाजले राजनीतिक शक्तिहरूसँग सहकार्य गरेको थियो। राजनीतिक, सामाजिक र आर्थिक रूपान्तरणमा नागरिक समाजको भूमिका महत्वपूर्ण हुने भएकाले यसका लागि आवश्यक सुरक्षा, स्वतन्त्रता, कानुनी शासन र मानव अधिकारमैत्री शासन व्यवस्था जरुरी हुन्छ।

नागरिक समाजले लोकतान्त्रिक शासन पद्धतिमा मात्र निर्वाध गतिविधिहरू सञ्चालन गर्न सम्भव भएका कारण लोकतन्त्रको सुनिश्चिततामा नागरिक समाजको सक्रियता अस्वाभाविक मानिदैन। यस्ता आन्दोलनमा नागरिक समाजले कतिपय अवस्थामा राजनीतिक शक्तिहरूसँग हातेमालो गर्नु सान्दर्भिक ठानिन्छ। तर, उनीहरूका गतिविधिहरू कुनै दल विशेषलाई पृष्ठपोषण गर्ने प्रकृतिका हुनुहुँदैन्। मूलत: २०६२/६३ को लोकतान्त्रिक आन्दोलन सफल बनाउन नागरिक समाजको मुख्य हात रहेको छ। राजनीतिक दलहरूको बिग्रँदो छविका बावजुद पनि उनीहरूको नेतृत्वलाई आन्दोलनमा स्थापित गर्ने, दलहरूका गतिविधिहरूलाई सवलीकरण गर्ने तथा विश्वसनीय बनाउन सहयोग गर्ने, अन्तर्राष्ट्रिय समुदायसँग सूचना आदान-प्रदानका लागि सम्पर्क सुत्रको काम गर्ने, अन्तर्राष्ट्रिय समुदायलाई लोकतन्त्रको पक्षमा परिचालन गर्ने जस्ता कार्यमा नागरिक समाजले अहम् भूमिका खेलेको छ।

साथै, लोकतान्त्रिक आन्दोलनको सफलता पश्चात् पनि शान्तिपूर्ण वार्ताको माध्यमबाट द्वन्द्वको अन्त्य गर्न, अन्तरिम संविधानको घोषणा, अन्तरिम संसदको गठनदेखि शान्ति सम्झौताको मस्यौदा र यसमा हस्ताक्षर पश्चात् कार्यान्वयन, माओवादी लडाकुको व्यवस्थापन, संविधान सभा निर्वाचन, गणतान्त्रिक र सङ्घयता सहितको संविधानको घोषणा र यसका आधारमा तिनै तहको निर्वाचन सम्पन्न गर्नमा नागरिक समाज राज्य तथा राजनीतिक दलहरूको सहकर्मीको रूपमा उभिएको छ। यसको मतलव नागरिक समाज लोकतन्त्रको संस्थागत विकास र यसको लाभ जनस्तरमा पुऱ्याउन सदैव प्रतिबद्ध रहेको छ।

**द्वन्द्वउप्रान्त समाजमा नागरिक समाजको पहल**

शान्ति प्रक्रियाको प्रारम्भ गर्न र यसका लागि आवश्यक उचित वातावरण तयार गर्न नागरिक समाजले खेलेको भूमिका अनुकरणीय छ। यसको विस्तृत अध्ययन हुनु र अभिलेखन गर्नु अत्यन्त आवश्यक छ। वार्ताको माध्यमबाट उच्चचापको सशस्त्र द्वन्द्व औपचारिक रूपमा अन्त्य गर्न र मुलुकमा शान्तिको प्रयासलाई दिगो राख्नमा नागरिक समाजको अहम् भूमिका रहेको छ। मूलत: समस्त शान्ति प्रक्रियाको सहजीकरण नागरिक समाजले नै गरेको हो। शान्ति

वार्ताको माध्यमबाट गठित युद्धविराम आचारसंहिताको अनुगमनदेखि शान्ति सम्झौताको मस्यौदा तयार गर्ने र यसलाई कार्यान्वयनमा ल्याउनमा पनि नागरिक समाजले अग्रणी जिम्मेवारी निभाएको छ।

मूलत: संविधानसभा मार्फत् गणतान्त्रिक संविधान घोषणा र यसको कार्यान्वयन नागरिक समाजको सहभागिता बिना असम्भव प्राय: थियो। विशेषगरी संविधान निर्माण प्रक्रियामा नागरिकका आवाजहरूलाई मूलधारमा ल्याउने र यसका सम्बन्धमा जनचेतना जगाउने र सिमान्तकृत समुदायका सरोकारहरूलाई संविधानसभामा पुऱ्याउने कार्यमा नागरिक समाजले नेतृत्वदायी भूमिका खेलेको पाइन्छ। यसअर्थमा नागरिक समाज संविधान निर्माणका क्रममा संविधान सभालाई जनस्तरमा पुऱ्याउन र सर्वसाधारण नागरिकका सरोकारहरूलाई संविधानमा प्रतिविम्बित गराउन नागरिक समाज अपरिहार्य थियो।

**अबको दिशा रचनात्मक संलग्नता**

नागरिक समाज स्वतन्त्र र निष्पक्ष हुनुपर्दछ। यसको भूमिका राज्यलाई जवाफदेही, जिम्मेवार र पारदर्शी बनाउने हुनुपर्दछ। नागरिक समाजले समानान्तर रूपमा राज्यलाई खबरदारी र सहयोग गर्नुपर्दछ भने नागरिकलाई जिम्मेवार बनाउन पनि अभिप्रेरित गर्नुपर्दछ। पछिल्लो चरणमा नागरिक समाजका सङ्घ-संस्थाहरूमा दलीय छायाँ देखा पर्न थालेको छ, जुन अत्यन्त गम्भीर सवाल हो। नागरिक समाजका व्यक्ति तथा संस्थाहरूमा कुनै दलसँग आस्था, विचार र दृष्टिकोण प्रत्यक्ष रूपमा प्रतिबिम्वित हुनु हुँदैन। अर्थात् यसका गतिविधिहरूमा दलीय प्रभाव अस्वीकार्य हुन्छ। मतदान प्रक्रियामा सहभागी हुनु मौलिक हक भए पनि नागरिक सङ्घ-संस्थाहरूले आफ्ना कार्यहरूमा निष्पक्षता कायम गर्न सक्नुपर्दछ र दलीयकरण हुनबाट जोगाउनु पर्दछ। तर, उनीहरूका गतिविधिहरूमा दलीय प्रतिछायाँ देखा परेको अवस्थामा नागरिक समाजका गतिविधिहरूमा प्रश्नचिन्ह उठ्न सक्तछ भने उनीहरूको विश्वसनीयता संकटमा पर्दछ।

नेपालको नागरिक समाजले मुलुकमा लोकतन्त्रको स्थापना, सामाजिक न्यायको सुनिश्चितता, कानुनी शासनको बहाली र मानव अधिकारको संवर्द्धनमा पनि महत्वपूर्ण योगदान पुऱ्याएको छ। यसर्थ, नागरिक समाजका गतिविधिहरू पूर्णत: गैरदलीय चरित्रको हुनुपर्दछ र समाजलाई सकारात्मक दिशामा सक्रिय हुने आधार स्तम्भ तयार गर्नुपर्दछ। राज्यलाई जवाफदेही बनाउन सक्रिय यस्ता संस्थाहरू स्वयंमा पनि जवाफदेही हुनुपर्दछ। यसको मतलव नागरिक समाजमा सक्रिय व्यक्ति तथा संस्थाहरू पनि राज्यको जिम्मेवार निकाय हुन्। यसको भूमिका राज्यको नीति निर्माणदेखि निर्णय तहमा अनिवार्य सहभागितासँगै यस्ता नीति-निर्णयहरूको कार्यान्वयनमा पनि सकारात्मक भूमिका हुनुपर्दछ। यसले मुलुकलाई समृद्ध बनाउन, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्न सहयोग पुऱ्याउनुका साथै सर्वसाधारण नागरिकका मानव अधिकार र नागरिक स्वतन्त्रताहरूको प्रत्याभूत गराउन मद्धत गर्नेछ।

# मानव अधिकार : राजनीतिक सभ्यताको आधार

मानव अधिकारका विषयमा फरक राजनीतिक प्रणालीहरूले स्वार्थवस फरक भाष्य गरे पनि यसको सुनिश्चित सिद्धान्त स्थापित छ र त्यसको उल्लङ्घन राज्य, समाज वा व्यक्ति कसैबाट पनि हुनु हुँदैन भन्ने हाम्रो दृढ मान्यता छ।

**(१) राज्यप्रणालीमा भिन्नता**

पछिल्लो समयका राज्यव्यस्थाका केही फरक रूपहरू छन्। जस्तो धार्मिक,परम्परागत, निरङ्कुश राजसंस्था, संवैधानिक राजसंस्थासहितको उदार लोकतान्त्रिक , सैनिक , दलबिहीन , एकदलीय , बहुलवादी बहुदलीय। यीबाहेक आजसम्म अन्य राज्यप्रणालीको रूप प्रयोगमा छैन। पहिले कुनै समय, इतिहासको कुनै कालअवधिमा धर्म गुरु र धार्मिक संस्थादेखि समाजको असङ्गठित समूहले पनि राज्य गरेका भए पनि प्रणालीगत हिसावले पछिल्लो चरणमा यी कोही छैनन्।



**प्रा. पुरुषोत्तम दाहाल**

मानव अधिकार नैसर्गिक अधिकार हो। यो अधिकारलाई संस्थागत र व्यवस्थित गराउन अन्तरर्राष्टिय घोषणा, संविदा, अभिसन्धि, र घरेलु कानुनहरूको व्यवस्था भएको छ। पूर्वीय चिन्तनमा मानव अधिकारको विषयलाई स्पष्टसँग उल्लेख गरिएको भए पनि बाध्यकारी नहुँदा कालान्तरमा त्यो सार्थक देखिएको छैन। जस्तो :

**सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः।**
**सर्वे भद्राणी पश्यन्तु माकश्चिद् दुख भाग्जना :।**

मानव समानताको अधिकारको सिद्धान्त प्रतिपादनका लागि यो भन्दा ठूलो कुनै सूत्र रहेको छैन र हुँदैन पनि। तर व्यवहारमा यो सूत्र पूर्ण कार्यान्वयन हुनसकेन। **सर्वात्मनं ह्यात्मवत्** अर्थात् सबै मानिसलाई , प्राणीलाई आफू जस्तै ठान। आफू जस्तै ठानको अर्थ हो दुख, सुख, पीडा, न्याय, अन्याय हुँदा आफ्नो अनुभव जस्तो हुन्छ अरुको पनि समान हुन्छ। यति महत्वपूर्ण सूत्रलाई मानिसहरूको विकास प्रक्रियाले बिर्सँदै लग्यो। फरक स्वार्थहरूको समूह र उपभोक्तावादी भौतिकवादको चपेटामा यी सिद्धान्त र विचारहरू त्यसै बिलाए। आधुनिक राज्यप्रणालीको स्थापनासँगै क्रमश: मानव अधिकारको विषयलाई सभ्यतासँग, व्यवहारसँग, आचरणसँग र दैनिक जीवनपद्धतिसँग जोड्ने गरी सिद्धान्तहरू प्रतिपादन हुन लागेका छन्। आवश्यकता अनुसार ती परिभाषित भइरहेका छन्।

प्रसिद्ध अस्तित्ववादी चिन्तक ज्याँ पाल सार्त्र भन्छन् : **व्यवस्था स्वयम् व्यक्तिले बनाउँछ, रहन र बाँच्नका लागि। तर, जब त्यही व्यवस्थाले व्यक्तिलाई खान लाग्छ तब उसको स्वतन्त्र चेतना क्रान्तिको पुकार गर्न**

**लाग्छ**। अर्थात् स्वतन्त्रता मानिसको मौलिक विशेषता हो, गुण हो र चरित्र हो। स्वतन्त्रता नभए घरपालुवा पशु सरह अरुको अधीनस्थ हुनुपर्ने हुन्छ। स्वतन्त्रता र सामाजिक न्याय अधिकारसँग अन्योन्याश्रित र पूरक तत्व पनि हुन्। मानव अधिकार बिना स्वतन्त्रता हुँदैन, स्वतन्त्रता बिना मानव अधिकार हुन सक्दैन। त्यस्तै, सामाजिक न्याय बेगर मानव अधिकार हुँदैन र मानव अधिकार बेगर सामाजिक न्याय संभव हुँदैन। जब यी अन्योन्याश्रित तत्वलाई निषेध गर्ने राजनीतिक प्रणाली स्थापित हुन्छ त्यसपछि मानव भित्रको विद्रोही चेत स्वतः सक्रिय हुन्छ र हुनुपर्छ। यस्तो विद्रोही चेत हिंसात्मक वा अहिंसात्मक जुन रूपमा पनि प्रकट हुन सक्छ।

**(२) विद्रोही चेतको इतिहास**

नेपालको सन्दर्भमा मानव अधिकारप्रतिको आकर्षण सैद्धान्तिक भन्दा पनि मानिसको निजात्मक तहमा त्यही विद्रोही चेतको इतिहास बनेर करिब डेढसय वर्ष यता विकसित भएको देखिन्छ। खासगरी, लखन थापाको विद्रोह, माधवराज जोशीको आध्यात्मिक उपदेश, कृष्णलाल अधिकारीको मकैको खेती व्यक्ति भित्र पलाएको विद्रोही चेतका परिणाम हुन्। त्यही चेतको अप्रत्यक्ष दवावबाट सिर्जित परिस्थितिको समीक्षा गर्दै राणा शासकहरूबाट नै विद्यालयहरूको स्थापना, सञ्चार गृहको आरम्भ, केही थोरै भए पनि विकास निर्माणको योजनादेखि विसं १९७७ असार २५ मा तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमसेरले घोषणा गरेको सती प्रथाको अन्त्य आरम्भिक पाइलाहरू हुन् परिवर्तनका। दासप्रथाको उन्मुलन पनि कोशेढुङ्गा हो मानव अधिकारको प्रसङ्गमा।

सामाजिक न्यायका लागि जातीय छुवाछुत र विभेदको अन्त्य, नारी पुरुष समानताको संघर्ष, बालविवाह प्रथाको अन्त्य र विधवा पुनर्विवाहको उद्घोष,



विपन्नहरूकाप्रति न्यायको आग्रह जस्ता अनेक विषयमा राज्यसँग प्रत्यक्ष नैतिक आवाज उठाउने र आत्मबलिदान दिने योगमाया र उहाँका सहयात्रीहरूको जीवन गाथा नेपाली माटोमा मानव अधिकार आन्दोलनको महान् र ऐतिहासिक आधार हुन्। राजनीतिक आन्दोलनले मात्रै मानव अधिकारको पक्षपोषण हुन्छ भन्ने हुँदैन। त्यसमा पनि राजनीतिक परिवर्तनका नाममा क्रुर हिंसात्मक अभियानले त मानव अधिकारका सबै सिद्धान्तको उल्लङ्घन गरिरहेको हुन्छ।

राजनीतिक अभियानको मसिनो अभ्यास प्रचण्ड गोर्खाले विसं १९८८ मा गरेको थियो। तर, विसं. १९९३ मा स्थापित र सक्रिय नेपाल प्रजा परिषद्ले चलाएको नागरिक स्वतन्त्रताको अभियान नै नेपालको मानव अधिकारको प्रथम सङ्गठित राजनीतिक पाइला मान्नु पर्ने हुन्छ। विसं १९९७ को शहीद प्रकरणबाट मानिसहरूमा विकसित विद्रोही चेतलाई ००३ मा स्थापित नेपाली कांग्रेसको पूर्वरुप अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेस, महिला आन्दोलन, जयतु संस्कृतम् आन्दोलन र त्यसपछिको नेपाली कांग्रेसको निर्माण र नेपाल कम्युनिष्ट पार्टीको स्थापनाले मानव अधिकारका विषयवस्तुहरूलाई नेपाली समाज समक्ष प्रस्तुत गरेको बुझ्नु पर्नेहुन्छ।

भारतीय स्वतन्त्रता आन्दोलन, चीनमा माओ सेतुङ्को साम्यवादी आन्दोलन, दोस्रो विश्वयुद्धको भयावह अवस्थाको त्रिवेणीमा नेपालको परिवर्तनले मूर्तरुप लिँदै थियो। दोस्रो विश्वयुद्धको अन्त्यपछि संसारमा मानव अधिकारको विषयले अन्तरराष्ट्रिय स्वरुप ग्रहण गर्‍यो। सन् १९४८ मा जब संयुक्त राष्ट्रसङ्घले मानव अधिकारको विश्वव्यापी घोषणा-पत्र जारी गर्‍यो यही घोषणाका आधारमा साना ठूला सबै देशका नागरिकहरूले आफ्ना अधिकारको कानुनी संरक्षण खोज्न लागे। मानव अधिकारका सन्दर्भमा सबैभन्दा महान् उपलब्धि यही घोषणा हो। तीस बुँदे घोषणा पत्रमा आधारित भएर यसपछि अनेक सन्धि, संविदा, सहमति र घोषणाहरूको जन्म भएको छ। कुनै क्षेत्रीयस्तरमा त कुनै अन्तरराष्ट्रिय स्तरमा। कुनै बाध्यकारी त कुनै नैतिक दवावका लागि।

**(३) असहमतिको अधिकार मानव अधिकार**

नेपालमा ००७ को अन्तरिम संविधान र ०१५ को संविधानले नागरिकहरूलाई शान्तिपूर्ण रूपले सबै प्रकारका अधिकारको प्रत्याभूतिकासाथ उपयोग गर्न प्रेरित गरेको देखिन्छ। तर, ०१७ पुस १ को कदमले नेपालमा असहमतिको अधिकार सहित सम्पूर्ण लोकतान्त्रिक अधिकारहरू प्रतिसंहरित हुन पुगे। हाम्रो चेतनाले विद्रोही स्वरूप वरण गर्नुमा बहुदलीय राजनीतिक प्रणालीको अन्त्य गरी स्थापित निर्दलीय पञ्चायतको निरंकुश स्वभाव र स्वरुप नै प्रथम कारक थियो। ०१७ पुस १ देखि ०४६ चैत्रसम्मलाई केलाउने हो भने नेपाल राजनीतिक रूपमा पूर्ण निरङ्कुश, अधिनायक र हुकुमी प्रमाणित हुन्छ। त्यो कालखण्डका अनेक क्रुर घटनाहरूको साक्षी हामी धेरै भुक्तभोगीहरू छौँ। २०१७ सालको संविधानको भाग ३ मा मौलिक हक र कर्तव्यको व्यवस्था थियो। मौलिक हकका सन्दर्भमा : वाक् तथा प्रकाशन स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, शोषण विरुद्धको हक, संवैधानिक उपचारको हक, शान्तिपूर्ण भेला हुने स्वतन्त्रता समाविष्ट थिए। तर, व्यवहारमा हेर्ने हो भने तीस वर्षको अवधिमा सबैभन्दा बढी प्रहार केन्द्रित

गरिएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि हो , सबै भन्दा बढी प्रयोग भएको कानुन हो शान्तिसुरक्षा संन्धि कानुन र सबैभन्दा बढी राजबन्दी बनाइएको समय हो। **विसं २०४२ सालमा एकै पटक एकसय पत्रपत्रिकाहरूमाथि प्रतिबन्ध** लगाइएको विगत छ। त्यही अनुपातमा पत्रकाहरू गिरफ्तारी गरिएका थिए। सत्यको मुख थुन्यो भने असत्यको थुतुनु चल्छ भन्ने उक्तिलाई चरितार्थ गर्दै राज्यप्रणालीले असत्यको मुख खुला राख्ने र आफ्ना पक्षधरहरूलाई प्रबर्द्धन गर्ने काम निरन्तर गरिरह्यो। नेपाल विषयका आलेखहरू रहने विदेशबाट प्रकाशित अखबारहरूलाई समेत बिक्री वितरणमा प्रतिबन्ध लगाउने घटनाहरू भए। कमसेकम यो कालखण्डमा पटकपटक गरी चार सय भन्दा बढी पत्रकारहरूले तेहोरो सजाय भोग्नु परेको थियो। म आफैँ पनि ०३५ पछि अनेक पटक दोहोरो सजायको भागिदार भएको थिएँ। त्यस समय जसलाई पत्रकारहरू कालो कानुन भन्ने गर्थे, जस अन्तर्गत : सम्पादक वा पत्रकारको गिरफ्तारी, प्रकाशित पत्रिका जफत, प्रेस सिलबन्दी सबै सँगै हुने गर्दथ्यो। यौटा अभियोगमा तीन सजाय हुने ती दिनहरूलाई हामीले अनेक ढङ्गले सामना गरेका थियौं। अहिले सम्झदा मन त्यसै तरङ्गित हुने गर्छ।

अनेक लेखकहरूका कृतिहरू जफत गर्ने, वैचारिक साहित्य र पत्रपत्रिकाहरूमाथि प्रतिबन्ध लगाउने काम त सामान्य थियो। मलाई सम्झना छ : बनारसबाट प्रकाशित हुने ‘तरुण’ पत्रिका नेपालमा निषेध थियो र जसले बोकेर आउँथे ती राजकाज मुद्दाको फन्दामा पर्ने गर्थे। प्रसिद्ध मानव अधिकार अभियन्ता **हृषिकेश शाहको कृति एस्सेज इन द प्राक्टिक्स् अफ गभर्नमेन्ट इन नेपालका** सबै प्रतिहरू सन् १९८२ मा बिरगञ्ज भन्सार र त्रिवि भन्सारले पूरै जफत गऱ्यो र पछि क्षतिपूर्ति पनि दिएन। यो कृतिको छपाइ विदेशमा भएको थियो। प्रसिद्ध अर्थशास्त्री **डा. देवेन्द्रराज पाण्डेको अर्थ राजनीतिक विसँगति राष्ट्र निर्माणको तगारो** नामक कृतिमाथि काठमाडौं जिल्ला प्रशासनले बन्देज लगाएको थियो। साप्ताहिक पत्रिकामा अन्तरवार्तामा प्रकट विचारलाई लिएर **प्रा.डा. लोकराज बराल, प्रा.आनन्ददेव भट्ट**जस्ता विद्वानहरूले तत्कालीन बागमती अञ्चलाधीश कार्यालयमा बयान दिनु परेको घटना मेरो स्मृतिमा छ। त्यही समयमा प्रसिद्ध साहित्यकार विचारक **पूर्णप्रसाद ब्राम्हणको कृति एक कथा प्रतिबन्धमा परेको थियो।**

वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको तत्कालीन अवस्थावारे यी केही प्रतिनिधिमूलक जानकारीहरू मात्रै हुन्। शान्तिपूर्ण भेला हुने वैधानिक व्यवस्था रहेको थियो। तर, मानव अधिकारका सन्दर्भमा एम्नेष्टी इन्टरनेशनलबाट आयोजित भेला, नेपाल मानव अधिकार सङ्गठन स्थापनाको प्रश्न, मानव अधिकार संरक्षण मञ्चको गठन सन्दर्भमा समेत प्रहरी हस्तक्षेप भयो। राजनीतिक नेताहरूले स्वतन्त्रतापूर्वक कतै पनि हिँडडुल गर्न पाउँदैनथे। अर्थात् संविधानमा व्यवस्था गरिएका मौलिक हकहरू अन्तरराष्ट्रिय समुदायका आँखामा छारो हाल्न मात्रै थिए।

**(४) निर्दलीय चरम आतङ्क**

निर्दलीय व्यवस्थाले नेपालमा सम्पूर्ण असहमतिको अधिकारलाई निषिद्ध गरेको थियो। विसं २०१८ मा जारी सार्वजनिक सुरक्षा ऐन अर्थात् शान्ति सुरक्षा ऐन स्थानीय प्रशासकको तजबिजमा जतिपटक पनि लगाउने व्यवस्था थियो। यो ऐन अन्तर्गत एकपटक ६ महिनाका लागि जेल परेको

व्यक्ति पटकपटक म्याद थपमा पर्दै वर्षौं वर्ष कालकोठरीमा बस्न बाध्य हुनसक्थ्यो। यसका अनेक उदाहरणहरू छन्। यो भन्दा पनि अत्यन्त भयावह प्रसङ्ग हो : जेल सार्ने निहुँमा कैदी बन्दीहरूको हत्या र अपराधीहरूको प्रयोग गरेर राजनीतिक नेताहरूको निर्मम हत्या। ०१७ यता दुर्गानन्द झादेखि क्या. यज्ञबहादुर थापा, भीमनारायण श्रेष्ठसम्म अनेक व्यक्तिहरूलाई मृत्युदण्ड दिइयो। **विभिन्न समयमा सरोज कोइराला, दिवान सिंह राई, योगेन्द्रमान शेरचन, केशव कोइराला, ऋषि देवकोटा आजाद, रत्नकुमार वान्तवाहरूको सुनियोजित हत्या कुनै कानुनका आधारमा नभएर अपराधवृत्तिबाट प्रेरित सत्ताको खेल थियो। जेल सार्ने निहुँमा नक्खु जेल नजिकै २०३१ मा लीलानाथ दाहाल, ठगिराज दाहाल, खगेन्द्र दाहाल, गोकर्ण कार्की, यसअघि सुखानी जङ्गलमा ०२९ फागुनमा रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइँकेल, नारायण श्रेष्ठ, वीरेन राजवंशी समेतलाई गैरन्यायिक हत्या गर्ने काम सरकारले नै गरेको थियो।** बेपत्ता पार्ने सुनियोजित घटनाहरू पनि भए त्यस समयमा। जस्तो ०४२ को बमकाण्डका निहुँमा पक्राउ परेका **डा. लक्ष्मीनारायण झा, साकेत मिश्र, सत्यनारायण साह, महेश्वर चौलागाइँ, ईश्वर लामा र पदम लामाको** अवस्था आजसम्म पनि अज्ञात छ। अनेक आयोगहरू बने तर त्यसको प्रतिवेदन सार्वजनिक भएको छैन। यस्ता अनगिन्ती घटनाहरू छन् जसका कारण असहमतिको अधिकारबाट वञ्चित नेपाली जनताले निरङ्कुश पञ्चायतकालमा भोग्नु परेको थियो। त्यस दुर्दान्त कालखण्डका हामी धेरै साक्षी आज पनि छौं। ०३१ को ओखलढुङ्गा घटनामा नियन्त्रणमा लिएर ठाउँका ठाउँ मार्ने काम भयो अनेक युवाहरूको। महेश कोइराला, राम लक्ष्मण , पूर्णबहादुर राई, अगमसिंह राईसहित अनेक सपुतहरू त्यसमा परे।

०४६ पछि मानव अधिकारको विषय महत्वपूर्ण भएको छ। संयुक्त जनआन्दोलन पश्चात् कृष्णप्रसाद भट्टराईको नेतृत्वमा गठित संयुक्त सरकारको पहलमा जारी ०४७ को संविधानले मौलिक हकलाई अखण्डित रूपमा राखेको थियो। नेपालको एकमात्र राजनीतिक नेता भट्टराई स्वतन्त्रताको कुनै सीमा हुँदैन र यसलाई बन्देज लगाउने काम गर्नु हुँदैन भन्ने मान्यता राख्नुहुन्थ्यो। सिद्धान्ततः यो सही हो। तर राज्य संयन्त्रको फरक मान्यता हुन्छ। वस्तुतः जुनसुकै राज्य प्रणालीले पनि हिंसालाई रोक्ने र आवश्यकता अनुसार नागरिकको जिउधनको सुरक्षार्थ प्रतिरक्षात्मक कानुनको निर्माण गर्ने, जातीय, धार्मिक, क्षेत्रीय हिंसात्मक घटनाहरूमाथि नियन्त्रण गर्ने, देशको स्वतन्त्र, सार्वभौम सर्वोच्चताको रक्षा गर्ने विषयमा नागरिकलाई मर्यादित बनाउन कानुन निर्माण गर्दछ र गर्नु पर्दछ। तर स्वयम् राज्य र राज्य संचालकहरू विधि र पद्धति अनुरुप चल्नु आवश्यक हुन्छ।

### (५) क्रूर हिंसाको कालखण्ड

मानव अधिकारको सर्वाधिक दुःखद अवस्था ०५२ देखि माओवादीद्वारा दश वर्षसम्म सञ्चालित सशस्त्र हिंसाको समयमा भयो। ०६३ र ६४ को मधेस आन्दोलन, गौरकाण्ड, २०७२ को टीकापुर काण्ड मानव अधिकार उल्लङ्घनका उदाहरण हुन्। त्यसको क्रुर मार अहिलेसम्म नेपाली जनताले भोगिरहेको अवस्था छ। करिब १ हजारको संख्यामा नागरिकहरू बेपत्ता छन् तिनीहरूको अत्तोपत्तो छैन, १३ हजार भन्दा बढी नागरिकहरू मारिए तिनले न्याय पाउन सकेका छैनन्। करिब पाँच हजार घाइते र

अपाङ्ग भए। हजारौँको सङ्ख्यामा नागरिक विस्थापित भएका थिए। तिनको घाउमा मल्हम लाउने काम भएको छैन। सरकारका तर्फबाट गैरन्यायिक हत्या र माओवादी सहित हिंसात्मक समूहबाट भएका अत्यन्त क्रुर पाशविक हत्याको विवरण पूर्ण भएको छैन।

**(६) २०६३ को जनआन्दोलन**

२०६३ को संयुक्त जनआन्दोलन दुई विषयमा केन्द्रित थियो : पहिलो तत्कालीन राजा ज्ञानेन्द्रको निरंकुश सोच र सपनाको अन्त्य र दोस्रो दश वर्षदेखि नेपाली जनताले भोग्नु परेको क्रुर,चरम,आततायी, चरम हिंसाबाट उन्मुक्ति। २०६२ मंसिरमा दिल्लीमा सम्पन्न १२ बुँदे सहमतिको पृष्ठभूमिमा सम्पन्न आन्दोलनले ज्ञानेन्द्र सत्ताको अन्त्य, राजसंस्थाको उन्मूलन, सङ्घीय, संसदीय लोकतान्त्रिक राजनीतिक प्रणाली, धर्मनिरपेक्ष राज्य, समानुपातिक प्रतिनिधित्वको व्यवस्था भयो। माओवादीका लडाकुलाई सेनामा समायोजन, हातहतियारको व्यवस्थापन गरी हिंसाको अन्त्य भयो। तर, संविधान अनुसारको मौलिक हकको प्रयोग, ०६३ मंसिरको बृहत् शान्ति सम्झौताले निर्देशित गरेको सिद्धान्त र सङ्क्रमणकालीन न्यायको प्रश्न भने यथावत् छ। राजनीतिका नाममा भएका अपराधहरूलाई समेत राजनीतिक भाष्य अन्तर्गत पार्दा र सहमति, सहकार्य र सहयात्राको प्रयोग गर्दा द्वन्द्वपीडितहरूका लागि परिवर्तन काकाकुलको पानी सपना जस्तो भएको छ। अब त सङ्गठित अपराध गर्नेहरूले कुनै राजनीतिक सिद्धान्तको आवरणमा जति अपराध गरे पनि उन्मुक्ति दिन कानुनको तयारी भएको सुनिँदैछ। हामी सबैका लागि यो दुःखको कुरा हो।

**(७) निष्कृय संयन्त्र**

यतिबेला, मानव अधिकारका सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोग, बेपत्ता पारिएका व्यक्ति छानविन आयोग तथा सत्य निरूपण तथा मेलमिलाप आयोग संयन्त्रगत रूपमा रहेका छन्। तर, यी आयोगहरू निस्तेज छन्। भागबण्डाको राजनीतिमा यी आयोगहरूको कुनै भूमिका स्थापित छैन। संविधानको रक्षा गर्ने र कानुनी राजको प्रत्याभूति गर्ने न्यायपालिका समेत दलीय दलदलमा चुर्लुम्म हुनपुगेको छ। चरम विकृति आजको बिडम्वना हो। आज यसैकारण गम्भीर प्रश्न भएको छ : पीडकहरूकै राज हुने हो भने, पीडितहरूले न्याय नपाउने हो भने, शान्ति र सुशासन नहुने भने, आम नागरिक निरन्तर आर्थिक र सामाजिक रूपले प्रताडित भइरहनु पर्ने भए परिवर्तनको कुनै अर्थवत्ता कसरी स्थापित हुन्छ ? निर्दलीय पञ्चायतकाल वा ०६२ सम्मको अवस्थाका आधारमा आजको तुलना हुन सक्दैन। परिवर्तनको मूल्य नागरिकले वर्तमानमा नै खोज्ने हुन्। वर्तमानले परिवर्तनको मूल्य तिर्न सकेन भने आरम्भमा भने जस्तो विद्रोही चेतले काम गर्ने निश्चित छ। यौटा ध्रुव सत्य के हो भने: बहुलवादमा आधारित बहुदलीय राजनीतिक प्रणाली बाहेक कुनै पनि प्रणालीले मानव अधिकारका सिद्धान्तको सम्मान गर्दैनन्। यसैकारण बहुलवादी बहुदलीय राजनीतिक प्रणालीको उपयोग गर्दै यसलाई समाप्त पार्ने कुनै पनि कार्यहरू निन्दनीय हुनेछन्। यसैकारण हामी मानव अधिकारको क्षेत्रमा कार्यरत व्यक्ति, संस्था, यसको वकालत गर्ने पेशा व्यवसाय वा संयन्त्रहरूले उपयोगितावादी अवसरवादप्रति सदा सचेत रहनु आवश्यक छ। मानव अधिकार राजनीतिक संस्कृति र सभ्यताको मूल आधार हो भन्ने बिर्सनु हुँदैन।

# २०४६ सालको जनआन्दोलनपछिको मानव अधिकार



अच्युत आचार्य*

२००७ सालमा स्थापित प्रजातन्त्र २०१७ सालमा राजा महेन्द्रको 'कु' पछि देश दलविहीन व्यवस्थामा फर्कियो। यो व्यवस्थालाई संवैधानिक तथा कानुनी रूप दिनका लागि राजा महेन्द्रले २०१९ सालमा पञ्चायती व्यवस्थालाई संवैधानिक बनाइ सोही बमोजिम कानुनहरूको निर्माण तथा कार्यान्वयन गरे। नेपाली जनता निर्दलीय राजनीतिक व्यवस्थाबाट करिब तीन दशकसम्म शासित हुन बाध्य भए।

पञ्चायती व्यवस्था तथा राजनीतिक प्रणालीका संस्थापक तथा सुत्रधारका रूपमा रहेका राजा महेन्द्रको २०२८ सालमा मृत्युपछि राजा वीरेन्द्रवीरविक्रम शाहदेवको शासनकालमा पञ्चायती व्यवस्थालाई परिस्कृत, सुधार तथा जनमुखी बनाउने केही कार्यहरू हुन गएको देखिन्छ। २०३६ सालमा श्री ५ वीरेन्द्रले पञ्चायती व्यवस्था कायम राखी त्यसमा समसामयिक सुधार गर्ने कि बहुदलीय शासन व्यवस्थाको स्थापना गर्ने विषयमा जनमत संग्रह गर्ने निर्णय गर[1]। उक्त जनमत सङ्ग्रहमा ५४.७९ प्रतिशत सुधारिएको पञ्चायती व्यवस्थाको पक्षमा र

४५.२१ प्रतिशत बहुदलको पक्षमा मतदान भएको घोषणा गरिए पश्चात देश पुन: एकदलीय व्यवस्थामा रहन बाध्य भयो।

जनमत सङ्ग्रह पश्चात नेपाली जनतामा एक प्रकारको राजनीतिक चेतना तथा बहुदलीय व्यवस्थाको महत्वको बारेमा चासो बढ्न गएको देखियो। जनमत सङ्ग्रह पश्चात पञ्चायती व्यवस्थामा सुधार गरिने कबुल भएकाले त्यसपश्चात भएका व्यवस्थापिका तथा स्थानीय तहका निर्वाचनहरूमा सम्पूर्ण नागरिकहरूले बालिग मताधिकारको आधारमा मतदान गर्ने व्यवस्था गरियो[2]। यो निर्वाचनले पञ्चायती व्यवस्थामा गरिएको बालिग मताधिकारको व्यवस्थाले नागरिकहरूमा बहुदलीय राजनीतिक पद्धतिको महत्व बढाउन सहयोग पुग्यो। यस बीचमा २०४२ सालमा नेपाली काङ्ग्रेसले 'सत्याग्रह' को नाममा देशका विभिन्न भागमा राजनीतिक दलहरूबाट पञ्चायती व्यवस्थाको विरोध तथा त्यसमा अवरोध पुऱ्याउने कार्यको सुरुआत भयो। विशेषगरी नेपाली काङ्ग्रेसको अगुवाइमा भएको सत्याग्रहमा अन्य दलहरूले समेत सहयोग गरेकाले अदालत, प्रशासनिक कार्यालयहरू लगायत अन्य सरकारी कार्यालयहरू तिर पनि शान्तिपूर्ण रूपमा धर्ना दिएर विरोधका कार्यक्रमहरू सञ्चालन गरी नागरिकमा चेतना थप्ने कामको थालनी भएको देखिन्छ।[3]

निरंकुश पञ्चायती व्यवस्थालाई

*लेखक काठमाडौं स्कूल अफ ल का सहप्रध्यापक तथा अधिवक्ता हुनुहुन्छ।

असफल पार्न २०४५ सालमा भारतीय सरकारबाट नाकाबन्दीको कदम चालिएको र प्रजातान्त्रिक व्यवस्थामा भारतले यस्तो नाकाबन्दी लगाउँदैन भन्ने भाष्यको प्रचारप्रसार गर्ने कार्यमा राजनीतिक दलहरू केहि हदसम्म सफल भएको समेत देखिएको थियो। नेपाली नागरिकहरूको प्रजातन्त्र पुन:स्थापना गर्ने उत्कट चाहना तथा प्रजातन्त्र तथा बहुदलीय व्यवस्थाप्रतिको लगाव तथा चेतनाले गर्दा पञ्चायती व्यवस्थाको विरुद्धमा विभिन्न कारणबाट नागरिकहरूमा आक्रोस तथा असन्तुष्टि चुलिँदै गएको थियो। नेपाली काङ्ग्रेसको वि.सं.२०४६ सालमा सम्पन्न राष्ट्रिय सम्मेलनले सोही वर्षको फागुन ७ गतेबाट प्रजातन्त्रको पुन:स्थापनाको लागि आन्दोलन गर्ने एकतर्फी निर्णय गऱ्यो। उक्त सम्मेलनले ७ बुँदे राजनीतिक प्रस्ताव पारित गरी पञ्चायत व्यवस्था बिरुद्ध देशव्यापी रूपमा आन्दोलन गर्ने निर्णय लियो र आन्दोलनको नेतृत्व गणेशमान सिंहलाई प्रदान गऱ्यो।

यही समयमा नेपालका ७ वटा बामपन्थी दलहरूले पनि वि.सं. २०४६ को माघ २७ गते बैठकबसी संयुक्त रूपमा बाममोर्चा बनाई देशव्यापिरूपमा आन्दोलन गर्ने निर्णय गरे।[४] यसबीचमा २०४६ साल फागुन ७ गते अगाडि नै बामपन्थी दल तथा नेपाली काङ्ग्रेसका नेताहरूले जनआन्दोलनलाई संयुक्त रूपमा अगाडि बढाउने र गणेशमान सिंहलाई जनआन्दोलनको सर्वोच्च कमाण्डरको भूमिका दिएको पाइन्छ।[५]

आन्दोलनमा बाममोर्चा र नेपाली काँग्रेसको संयुक्त आह्वानमा भएको आन्दोलनमा राजनीतिक दलका कार्यकर्ता मात्र होइन, पत्रकार, कलाकार, कर्मचारी, शिक्षक, चिकित्सक, विधार्थी, व्यापारी, किसान, मजदुर लगायत पेशा व्यवसायीहरू सहभागी थिए। आन्दोलनका कारण पञ्चायती सरकारले दैनिक प्रशासन सञ्चालन गर्न समेत मुश्किल भई वि.सं २०४६ चैत्र २६ गते राजा वीरेन्द्रले पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय व्यवस्थाको प्रारम्भ भएको घोषणा गरे।[६]

## जनआन्दोलनको सफलताले मानव अधिकारमा परेको प्रभाव

(क) **बहुदलीय व्यवस्थाको स्थापना** : बहुदलीय राजनीतिक प्रणाली मानव अधिकारको आधारभूत पक्ष हो। मानव अधिकारको संरक्षण तथा सम्बर्द्धनमा विभिन्न राजनीतिक विचारधारा भएका राजनीतिक दलहरू तथा बहुलवादमा आधारित शासन व्यवस्था अपरिहार्य हुन जान्छ। जनआन्दोलनको सफलता पश्चात सोही अवस्थालाई मनन् गरी यसको सुत्रपात भएको देखिन्छ।

(ख) **संवैधानिक राजतन्त्रको स्थापना**: मानव अधिकारको दृष्टिमा शासन व्यवस्था संविधान तथा कानुनको आधारमा सञ्चालन हुनुपर्दछ न कि कुनै व्यक्ति वा समूहको व्यक्तिगत विचारको आधारमा। जनआन्दोलनको सफलताले राजामा निहित असीमित तथा संविधानभन्दा माथि रहने अधिकारहरूलाई सीमित गऱ्यो।

(ग) **सार्वभौमसत्ता जनतामा निहित हुनु**: नेपालको सार्वभौमसत्ता राजामा रहने व्यवस्थालाई परिवर्तन गरी जनतामा रहने व्यवस्था गरेकाले जनताको आवाज तथा विचारहरू मुखरित हुने अवस्थाको सिर्जना हुन गयो। जसले जनता नै देशको मालिक हुने

अवस्थाको सिर्जना गऱ्यो।

(घ) **बहुदलीय प्रजातन्त्रको पुनःस्थापना :** मानव अधिकारको आधारभूत विषयको रूपमा रहेको राजनीतिक प्रकृतिका अधिकारहरूको उपयोग तथा उपभोग गर्ने कार्यहरूमा बहुदलीय व्यवस्थाको स्थापनाबाट ठूलो सहयोग पुग्न गयो। आआफ्नो राजनीतिक लगायतका अन्य आस्था तथा विश्वासको आधारमा विभिन्न बिचारधाराहरूमा आवद्ध हुने तथा त्यसमा असहमत हुने अधिकारहरूको सुनिश्चितताका लागि यस व्यवस्थाले सहजता प्रदान गऱ्यो।

(ङ) **आधारभूत मानव अधिकारको स्थापना** : मानव अधिकारको आधारभूत विषयको रूपमा रहेको राजनीतिक तथा नागरिक प्रकृतिका मौलिक अधिकारसहित स्वतन्त्र न्यायालय, कानुनको शासन, मृत्युदण्डको उन्मुलनसहित आर्थिक तथा सामाजिक अधिकारहरूको प्रत्याभूतिका लागि संविधानमा नै व्यवस्था भएको हुँदा आधारभूत रूपमा रहेका मानव अधिकारहरूको संरक्षण तथा सम्बर्द्धनको आधारहरू तयार भएको थियो।

(च) **कानुनको शासन** : मानव अधिकारको आधारभूत विषयको रूपमा रहेको कानुनको शासन तथा कानुनको सर्वोच्चताको विषयलाई पालना तथा सम्मान गर्ने संवैधानिक व्यवस्थाको थालनीसमेत भएको देखिन्छ।[७]

**संविधान निर्माणमा नागरिकहरको सहभागीता**

राजा वीरेन्द्रले राजनतिक दलका प्रतिनिधिहरू सहित समाजका विभिन्न व्यक्तिहरू सम्मिलित 'संविधान सुझाव आयोग' को गठन गरे। यो प्रक्रियाले नागरिक सर्वोच्चता, शक्तिको श्रोत जनता, जनता सार्वभौमसत्ताको मालिक पहिलोपल्ट भएको आभास दियो। तत्कालीन प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायको अध्यक्षतामा राजा, नेपाली काङ्ग्रेस तथा बाममोर्चाबाट प्रतिनिधित्व गराई संविधान सुझाव आयोगको गठन भएको थियो। यो आयोगको गठनबाट आन्दोलनरत दलहरूको संविधान निर्माण प्रकृयामा सहभागिता सुनिश्चितता भयो भने राजाद्वारा एकपक्षीय रूपमा संविधान निर्माण गर्ने प्रकृयाको पनि पहिलो पटक अन्त्य भएको थियो। त्यसैले यस संविधानमा नागरिकका मौलिक अधिकारहरूसहित उपचारको व्यवस्था, शक्ति पृथकीकरणको सिद्धान्त, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, बहुदलीय व्यवस्था, स्वतन्त्र पत्रकारिता, फौजदारी न्यायका सिद्धान्त, कानुन भित्रका राजा लगायतको व्यवस्था गरिएको पाइन्छ।[८]

**संविधानमा मानव अधिकारको रूपमा मौलक हक तथा अधिकारको व्यवस्थाहरू**

नेपाल अधिराज्यको संविधान २०४७ को घोषणा पश्चात नेपालमा चार तहको अदालतको सङ्ख्या घटाएर तीन तहको अदालत कायम गरी नागरिकको न्यायमा सरल तथा सहज पहुँच हुन गएको विश्वास गरिन्छ।[९] यस अवधिमा जारी गरिएको संविधानले राज्य शक्तिको श्रोत राजा नभइ जनता हुने भनी प्रथम पटक घोषणा गरेकाले मानव अधिकारको विषयको रूपमा रहेको नागरिकको आत्मनिर्णयको अधिकार तथा मौलिक स्वतन्त्रताहरूको निर्वाध उपभोगको वातावरण तयार गर्न मद्दत पुऱ्यायो।

## अर्न्तराष्ट्रिय मानव अधिकारसम्बन्धी कानुनहरूको अनुमोदन

कृष्णप्रसाद भट्टराईको नेतृत्वमा गठन भएको नेपाली कांग्रेस तथा बाममोर्चा सम्मिलित अन्तरिम सरकारले मानव अधिकारको प्रमुख अर्न्तराष्ट्रिय सन्धिको रूपमा रहेका राजनीतिक तथा नागरिक अधिकारसम्बन्धी अभिसन्धि १९६६, आर्थिक, सामाजिक, सांस्कृतिकसम्बन्धी अभिसन्धी १९६६, बालअधिकारसम्बन्धी महासन्धि १९८९, महिलाविरुद्धको सबैखाले भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि १९८४[10] लगायतका प्रमुख मानव अधिकारसम्बन्धी सन्धि तथा महासन्धिहरूको अनुमोदन गरिएको थियो।

## आम निर्वाचनमा राजनीतिक दलहरूको सहभागिता

२०४८ सालमा बालिग मताधिकारको आधारमा राजनीतिक दलहरूको सहभागितामा प्रजातान्त्रिक पद्धतिबाट आमनिर्वाचन सम्पन्न भयो। यो आमनिर्वाचनको सिलसिलामा राजनीतिक दलहरूका नेता तथा कार्यकर्ताहरूले राजनीतिक तथा नागरिक अधिकारहरू निर्वाधरूपमा प्रयोग गर्ने अवसर पाए। नागरिकहरू तथा मतदाताहरूले पनि आ-आफ्नो राजनीतिक विचार तथा आस्थाको आधारमा मतदान गर्ने तथा नगर्ने अवसरहरूको सिर्जना भएको थियो। यस निर्वाचनमा राजनीतिक दलका प्रतिनिधिहरूको अलावा विभिन्न पेशा तथा व्यवसायमा संलग्न भएका व्यक्तिहरू समेत सहभागी भएका थिए। नागरिक समाज तथा आम जनसमुदायहरूले समेत निर्वाधरूपमा मानव अधिकारको आधारभूत तत्वको रूपमा रहेको बिचार तथा अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण रूपमा भेला हुने स्वतन्त्रता, वाक तथा प्रकाशनको स्वतन्त्रता लगाएतको हक अधिकारको निर्वाध रूपमा उपभोग गर्ने अवसरको सिर्जना भएको विश्वास गरिन्छ।[11]

## पत्रकारिता तथा सञ्चार क्षेत्रको विकास

२०४६ सालको जनआन्दोलनको सफलतापछि निर्माण भएको संवैधानिक व्यवस्थाले विचार अभिव्यक्तिको स्वतन्त्रता, सूचनाको हक, छापाखाना तथा प्रकाशनको स्वतन्त्रताको प्रत्याभूति गरे पश्चात नेपालमा सञ्चार गृह तथा पत्रपत्रिका, रेडियोहरूको उल्लेखनीय तथा द्रुतरूपमा विकास भएको पाइन्छ। यसबीचमा हालमा सञ्चालित ठूला भनिएका सञ्चार गृहहरूको स्थापना भएको हो। सञ्चार क्षेत्रमा लोकप्रिय साधनको रूपमा रहेको पत्रपत्रिकाहरूको दर्ता, सञ्चालनमा विगतमा भएको जस्तो नियन्त्रण नभएकोले एकातिर सञ्चार क्षेत्रले निर्वाध रूपमा कार्य गर्ने अवसर सिर्जना भएको देखिएको थियो भने अर्कोतिर नागरिकको सुसुचित हुने अधिकारको पनि सम्मान तथा पालना भएको देखिएको थियो।

## सशस्त्र सङ्घर्षको सुरुआत र त्यसको असर

यसबीचमा २०४८ सालमा नेकपा (एकता केन्द्र ) को एकल महाधिवेशनमा तत्कालीन सरकारका विरुद्ध जनयुद्ध गर्नुपर्ने प्रस्ताव पारित भएको थियो। २०५१ सालमा नेकपा एकता केन्द्रमा विभाजन भई नेकपा माओवादी नाम गरेको दल छुटिएर अलगै गठन भयो र सोही दलले २०५२ साल फागुन १ गतेबाट सरकारको विरुद्धमा विभिन्न

मागहरू राखी सशस्त्र विद्रोहका घोषणा गऱ्यो। शान्ति सुरक्षा तथा अमनचयनसहित कानुन व्यवस्था बहाल गर्ने नाममा राज्यका सुरक्षा निकायहरूबाट ठूलो सङ्ख्यामा नागरिकको हत्या, यातना, गैरकानुनी थुना, बेपत्ता पार्ने लगायतका कार्य भए। नेकपा माओवादीको तर्फबाट पनि सर्वसाधारण नागरिहरू लगायत सुरक्षा निकायका परिवारका सदस्य, राजनीतिक दलका नेता कार्यकर्ता लगायतको अपहरण, हत्या, कुटपिट, अङ्गभङ्ग, आन्तरिक रूपमा विस्थापित गराउने, चन्दा असुली जस्ता कार्यहरू भई मानव अधिकार तथा मौलिक अधिकारहरूको व्यापक रूपमा उल्लङ्घन गर्ने कार्यहरू भयो।[१२] केही सीमित मात्रामा खुलेका मानव अधिकारसँग सम्बन्धित गैह्रसरकारी सङ्घ-संस्थाहरू जस्तै नेपाल मानव अधिकार सङ्गठन, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), मानव अधिकार तथा शान्ति समाज लगायत केही अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूमध्ये एम्नेष्टी इन्टरनेशनल, हयुमन राइट्स वाच लगायतले त्यस अवधिमा घटेका मानव अधिकारको अवस्थाहरूको बारेमा अनुगमन गरी प्रतिवेदनहरू सार्वजनिक गरेको अवस्था थियो। सरकार तथा सरकारी निकायका व्यक्तिहरू विद्रोही रहे भएको ठाउँमा जाननसक्ने अवस्थामा मानव अधिकार रक्षक तथा कर्मीहरू जनताको जीवन बचाउने लगायत मानव अधिकारको संरक्षण गर्ने सेतुको रूपमा रहेका विभिन्न प्रतिवेदनहरूमा उल्लेख भएको पाइन्छ।

**नेपालमा मानव अधिकार आन्दोलनको सुरुवात**

निरङ्कुश पञ्चायती व्यवस्थाको उतररार्धतिर विद्यार्थी सङ्गठनहरू, बार एसोसिएसन सहित पत्रकारहरूले केही हदसम्म मानव अधिकारको विषयमा केही बोल्ने, लेख्ने तथा केही निश्चित ठाउँहरूमा भेलाहरूको आयोजना गर्ने कार्यहरू गर्ने गरेको देखिन्छ। यद्यपि २०४६ साल अगाडिसम्म नेपालमा मानव अधिकारको विषयहरू संगठित तथा व्यवसायिक रूपमा विकास भएको देखिँदैन। २०४१ सालमा गोपाल चन्द्र गौतमको बीरगञ्ज स्थित निवासमा बद्रीप्रसाद खतिवडा संयोजक र गोपालचन्द्र गौतम, पाण्डवराज घिमिरे, यादवप्रसाद उपाध्याय, नन्दन अर्याल सदस्य रहेको "मानव अधिकार संरक्षण मञ्च" नामक संस्थाको स्थापना हुन गएको देखिन्छ। यस संस्थामा केही समय पश्चात प्रकाश काफ्ले, सुशील प्याकुरेल, मार्शलजुलुम शाक्य, पद्मरत्न तुलाधर लगायत जोडिनु भएको पाइन्छ।[१३]

त्यसैगरी, राजबन्दीहरूको रिहाइको निमित्त 'मानव अधिकार संरक्षण मञ्च', प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्च र राजबन्दी बिमोचन समितिको तत्वाधानमा वि.सं २०४३ सालबाट देशव्यापी रूपमा हस्ताक्षर अभियान सुरुवात गरिएको पाइन्छ। २०४५ साल मंसिर २५ गते विश्व मानव अधिकार दिवशको दिन पारेर ऋषिकेश शाहको अध्यक्षतामा "नेपाल मानव अधिकार सङ्गठन" को स्थापना भयो। नेपाल मानव अधिकार सङ्गठन र मानव अधिकार संरक्षण मञ्चले २०४६ सालको जनआन्दोलनमा प्रजातन्त्रको पुन:स्थापना तथा मानव अधिकारहरू बहालीको लागि महत्वपूर्ण भूमिका खेले।[१४] मानव अधिकारका विविध विषयहरूमा नागरिकहरूको परिचालन गरी जनआन्दोलनलाई महत्वकासाथ सञ्चालन गर्न नागरिकस्तरमा उल्लेख्य भूमिकाका कारण २०४७ सालमा कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रीत्वमा डा. देवेन्द्रराज पाण्डे र डा.

मथुराप्रसाद श्रेष्ठलाई नागरिक अगुवा तथा मानव अधिकारकर्मीहरूको रूपमा अन्तरिम सरकारमा मन्त्रीका रूपमा समेत समावेश गरिएको थियो। जसलाई नागरिक समाजका अगुवा तथा मानव अधिकार रक्षकहरूको सम्मानको रूपमा तत्कालिन अवस्थामा हेरिएको थियो।[१५]

**उपसंहार**

२०४६ सालको जनआन्दोलनले नेपालमा मानव अधिकारहरूको बहालीको लागि प्रमुख आधारहरू तय गरेको पाइन्छ। नेपाल अधिराज्यको संविधान २०४७ को घोषणापछि नेपालमा बहुदलीय व्यवस्था, स्वतन्त्र न्यायपालिका, मौलिक हक तथा अधिकारहरू सहित उल्लङ्घनमा संवैधानिक उपचारको व्यवस्था, निरंकुश राजतन्त्रलाई संवैधानिक तथा कानुनी निकायका रूपमा रूपान्तरण, संसदलाई सार्वभौमसत्ता सम्पन्न बनाएको, राज्यको शासनको स्रोत राजा भन्ने व्यवस्था हटाइ जनतालाई मानिएको, बन्दीप्रत्यक्षीकरणसहित अन्य असाधारण प्रकृतिका रिटहरूको व्यवस्था गरी मानव अधिकारको बहालीका लागि महत्वपूर्ण आधारको रूपमा रहेको विषयहरूको सुत्रपात गरेको पाइन्छ। उक्त संविधानमा मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ मा भएका केही महत्वपूर्ण अधिकारहरू मध्ये समानताको हक, स्वतन्त्रताको हक, छापाखाना तथा पत्रपत्रिकासम्बन्धी हक, फौजदारी न्यायसम्बन्धी हक, सम्पत्तिको हक, धर्मसम्बन्धी हकहरूलाई समावेश गरी त्यसको उल्लङ्घनमा उपचार पाउने हक समेतलाई मौलिक हकको रूपमा समावेश गरी नागरिक तथा व्यक्तिका मानव अधिकारहरूको रक्षा गर्ने अवस्थाको बिजारोपण भयो।

बहुदलीय व्यवस्थासहित खुला तथा स्वतन्त्रताको बहालीको आधारहरू तयार भएपश्चात मानव अधिकारको क्षेत्रमा क्रियाशील व्यक्तिहरूद्वारा मानव अधिकारको क्षेत्रमा कार्य गर्ने गरी गैरसरकारी सङ्घसंस्थाहरूको स्थापना हुन थाल्यो। जसले नेपालमा मानव अधिकारको विकास, संरक्षण तथा सर्म्बधनमा महत्वपूर्ण भुमिका खेलेको देखिन्छ। २०४५ सालमा कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएर मानव अधिकारको क्षेत्रमा काम गर्न थालेको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लाई २०४८ सालमा प्रकाश काफ्ले र सुशील प्याकुरेल लगायतको पहलमा संघसंस्था ऐन २०३४ मा रहेर औपचारिक रूपमा स्थापना भएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) नेपालको एक महत्त्वपूर्ण तथा सर्वपक्षीय मानव अधिकारको क्षेत्रमा काम गर्ने गैरसरकारी क्षेत्रको एक सशक्त संस्थाको रूपमा स्थापित भएको छ। २०४९ सालदेखि हालसम्म नेपालको मानव अधिकारको विषयहरू समेटेर वार्षिक रूपमा पुस्तक प्रकाशन गरी नेपालमा मानव अधिकारको अवस्थाको बारेमा लिखित रूपमा उजागर गर्दै आइरहेको छ।[१६]

२०४३ सालमा स्थापना भएको मानव अधिकार संरक्षण मञ्च[१७] २०४५ सालमा स्थापना भएको नेपाल मानव अधिकार सङ्गठनले[१८] पनि देशका सबै जिल्लाहरूमा शाखा खोलेर कार्य गरिरहेको छ र आज पनि नेपाल मानव अधिकार संगठन तथा अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) सक्रिय तथा प्रभावकारी संस्थाको रूपमा स्थापित भएका छन्।

यसका अलावा न्याय परिषद् ऐन २०४७, न्याय प्रशासन ऐन २०४८, बालबालिकासम्बन्धी ऐन २०४८, सन्धि ऐन

२०४७, वातावरण संरक्षण ऐन २०५३, श्रम ऐन २०४८, सहकारी ऐन २०४८, स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन २०४८, छापाखाना तथा पत्रपत्रिकासम्बन्धी ऐन २०४८, स्थानीय स्वायत्त शासन ऐन २०५५ जस्ता मानव अधिकारका क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष सरोकार राख्ने दर्जनौं कानुनहरूको निर्माण भएको पाइन्छ जसले मानव अधिकारको विविध क्षेत्रमा सुधारका पहलहरू गरेको अवस्थाहरू देखिरहेको छ। यही अवस्थाको आधार तथा जगबाट नै आज नेपालको हरेका क्षेत्रमा मानव अधिकारको क्षेत्रमा काम गर्नको लागि आधार तयार भएको मान्न सकिन्छ।

**सन्दर्भ सामग्री**

[1]. अधिकारी,बम बहादुर, आधुनिक नेपालको इतिहास, प्रकाशन डिकुरा पव्लिकेशन, २०७५, पृष्ठ ३५१
[2]. ऐ. ऐ. नं. १
[3]. ऐ. ऐ. नं. ३
[4]. भट्ट, भीमदेव, नेपालको प्रशासनिक इतिहास, सोपान मासिक, २०७५, पृ. २११
[5]. भट्ट, भीमदेव, नेपालको प्रशासनिक इतिहास, सोपान मासिक, २०७५, पृ. २१३
[6]. भट्ट, भीमदेव , नेपालको प्रशासनिक इतिहास, सोपान मासिक, २०७५, पृ. २४८
[7]. धारा ११, नेपाल अधिराज्यको संविधान २०४७
[8]. सिंह, टोपबहादुर, नेपालको संवैधानिक इतिहास र संवैधानिक अभिलेख, पैरवी प्रकाशन २०७६ काठमाडौं, पृ. ४७
[9]. अधिकारी, विश्वदीप, नेपालको कानुनी इतिहास तथा न्याय व्यवस्था रिट तथा नजीरसहित, मधुवन प्रकाशन २०७९-८० पृ. १२१
[10]. www.lawcommission.gov.np
[11]. सिंह, टोपबहादुर, नेपालको संर्वधानिक इतिहास र संवैधानिक अभिलेख, पैरवी प्रकाशन २०७६ काठमाडौं, पृ. ४७
[12]. सिंह, टोपबहादुर, नेपालको संवैधानिक इतिहास र संवैधानिक अभिलेखहरू, पैरवी प्रकाशन २०७६ काठमाडौं, पृ. ४७
[13]. गौतम, राजेश, मानव अधिकारको ऐतिहासिक अवधारणा, अनौपचारिक क्षेत्र सेवा केन्द्र, २०५२, पृ. ९१
[14]. गौतम, राजेश, मानव अधिकारको ऐतिहासिक अवधारणा, अनौपचारिक क्षेत्र सेवा केन्द्र, २०५२, पृ. ९४
[15]. गौतम, राजेश, मानव अधिकारको ऐतिहासिक अवधारणा, अनौपचारिक क्षेत्र सेवा केन्द्र, २०५२, पृ. ९५
[16]. https://www.insec.org.np/history
[17]. गौतम, राजेश, मानव अधिकारको ऐतिहासिक अवधारणा, अनौपचारिक क्षेत्र सेवा केन्द्र, २०५२, पृ. ९५
[18]. https://www.huronnepal.org/

# पञ्चायतकालीन मानव अधिकार विमर्श !

आधुनिक युगको सबैभन्दा महत्वपूर्ण अवधारणा मानव अधिकार हो। मान्छेका आधारभूत आवश्यकता नै मानव अधिकारका विषयवस्तु हुन्। जसलाई अधिकारको रूपमा व्याख्या गरिएको छ। मानव अधिकारलाई राज्य र व्यक्तिबिचको सम्बन्ध भनिन्छ। जनता र राज्यबिचको अन्तर्सम्बन्धका विषयवस्तु प्रकृतिबाटै निर्धारित विषयवस्तु हुन्छन्। संयुक्त राष्ट्रसङ्घले सन् १९४८ मा घोषणा गरेअनुसार विश्वका मानवमात्रले उपभोग गर्न पाउनुपर्ने आधारभूत सामाजिक, आर्थिक र नागरिक हक तथा स्वतन्त्रता, व्यक्तिको जीवन, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौतामा निहित अधिकार नै मानव अधिकार हो। राज्यको दायित्व सम्मान, संरक्षण र परिपूर्ति गर्ने हुन्छ। राज्यले दायित्व परिपूर्ति गर्दा भेदभावरहित नीति अख्तियार गर्नुपर्छ। विभेदरहित व्यवस्था, समानता, स्वतन्त्रता, मर्यादा, सम्मानलगायतका विषय मानव अधिकारको मुलभूत विषय हुन्।

नेपालमा २००४ सालको वैधानिक कानुनदेखि हालसम्म बनेका संविधानमध्ये २०७२ सालमा बनाइएको संविधानले नै सबैभन्दा बढी मानव अधिकारका विषयवस्तु समेटेको छ। संविधानको भाग ३ मा ३१ ओटा धारामा मानव अधिकार र नागरिक कर्तव्यलाई लिपिबद्ध गरिएको छ। २००७ साल र २०१५ सालमा जारी संविधानमा प्रजातान्त्रिक व्यवस्था भए पनि २०१७ सालमा जारी संविधानमा भने सम्पूर्ण अधिकार राजामा मात्रै राखिएको थियो। पञ्चायतकालमा बनाइएको संविधानमा मानव अधिकारका विषयवस्तु थिएनन्। त्यतिबेला त राजनीतिक दलसमेत प्रतिबन्धित थिए। जसबाट सहजै बुझ्न सकिन्छ कि वाक स्वतन्त्रताको कतै गुन्जायसै थिएन। मानव अधिकारका अन्य प्रावधानको उपभोग त झन् परको विषय रहन पुग्यो।



रमेशप्रसाद तिमल्सिना

प्रजातन्त्रको स्थापनापछि राजनीतिक उतारचढाव झनै बढ्यो। २००७ सालमा प्रजातन्त्र स्थापना भएको भए पनि निर्वाचन भने २०१५ साल फागुन ७ गतेबाट मात्रै सुरू भएको थियो। पहिलो आम निर्वाचनमा ४२ प्रतिशत मतदाताले मतदान गरेका थिए। विभिन्न चरणमा गरी चैत २८ गते ४५ दिन लगाएर मतदान कार्य सकिएको थियो। मतको अन्तिम परिणामको घोषणा भने २०१६ साल वैशाख २८ गते भएको थियो। मानव अधिकारका दृष्टिकोणले प्रतिनिधि चुनेर शासन गर्ने परिपाटीलाई उत्तम मानिन्छ। प्रजातन्त्रमा मानव अधिकारको उपभोग हुने हुँदा निर्वाचनलाई मानव अधिकारको अभ्यासका रूपमा लिने गरिएको हो। चुनावमा नेपाली कांग्रेस, नेपाल राष्ट्रिय कांग्रेस, नेपाल प्रजापरिषद् (आचार्य गुट), संयुक्त प्रजातान्त्रिक पार्टी नेपाल, नेपाल प्रजातान्त्रिक महासभा, नेपाल राष्ट्रवादी

गोरखा परिषद्, नेपाल प्रजापरिषद् (मिश्र गुट), नेपाल कम्युनिस्ट पार्टी र तराई कांग्रेसले निर्वाचनमा भाग लिएका थिए। त्यतिबेलाका दस्तावेजमा मानव अधिकार भन्ने शब्दावलीको प्रयोग नगरिएको भए पनि दल खोल्ने, प्रचार गर्ने, चुनाव हुने यी सबै मानव अधिकारका विषयवस्तु हुन्।

२०१७ साल पुस १ गतेको शाही घोषणाबाट संसद् भङ्ग गर्दा राजाले चार ओटा प्रमुख आरोप लगाएका थिए। भ्रष्टाचार गरेको, राष्ट्रहितभन्दा पार्टीहित हेरेको, शान्तिसुरक्षा कायम गर्न नसकेको र अराष्ट्रिय तत्वलाई प्रोत्साहन गरेको प्रमुख आरोप थिए। सरकार सम्हालेको डेढ वर्षमा नै गरिएको मुल्याङ्कन वस्तुपरक थिएन। यो त राजालाई 'अस्वीकार्य' प्रजातन्त्रलाई स्वीकार्नुको पीडाको बदला थियो। यी आरोप आरोपमात्रै थिएनन् प्रजातन्त्र हत्या गर्ने प्रमुख हतियार थिए। ठूलो बलिदानीबाट २००७ साल फागुन ७ गते स्थापना गरिएको प्रजातन्त्रको घाँटी निमोठ्ने मन्त्र थिए। शाही घोषणामार्फत राजनीतिक दललाई मात्र

## नेपालमा प्रजातन्त्र पुनःस्थापना र इन्सेक अभियानको प्रारम्भ

नेपालमा भएका राजनीतिक परिवर्तन तथा अधिकार प्राप्तिको सङ्घर्षमा मानिसहरूलाई बलपूर्वक बेपत्ता बनाउने र त्यसप्रति जबाफदेहिताविहीन हुने संस्कृति जस्तै बनेको देखिन्छ। २००७ सालको क्रान्ति र त्यससँग जोडिएका बेपत्ता तथा बलप्रयोगप्रति तत्कालीन राज्यसत्ता अनुत्तरित रह्यो। दण्डहीनताको अभ्यास २०१७ साल पश्चातको राजनीतिक प्रणालीमा संस्थागत हुँदै गयो। २०४६ मा भएको प्रजातन्त्र प्राप्तिको आन्दोलन, त्यसपूर्वका घटना र सम्बन्धित प्रक्रियामा बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था पत्ता लगाउन इन्सेकले अभियान सुरु गरेपश्चात तत्कालीन सरकारका तर्फबाट निर्माण गरिएको समितिमा इन्सेकका तत्कालीन महासचिव प्रकाश काफ्ले मनोनित हुनु भएको थियो। इन्सेकले गरेको प्रयास समेतले गठन भएको त्यस समितिलाई नेपालमा जवाफदेहिता सुनिश्चित गर्न नागरिक संग्लनताको सुरुवात मान्न सकिन्छ। संस्थापकहरू सुशील प्याकुरेल र प्रकाश काफ्लेले मानव अधिकारलाई इन्सेकले गाउँ घरसम्म पुऱ्याउनुपर्ने र त्यस अभियानले मात्र जनअधिकारको आन्दोलन सफल हुने बताउनु भएको थियो।

लोकतान्त्रिक प्रणालीमा मानव अधिकारमैत्री विधिको शासनमार्फत सुनिश्चित गर्नु पर्ने सामाजिक न्यायका लागि राज्यको जबाफदेहिताको खोजी गर्न जागरण अभियान चलाउनेमध्ये इन्सेकले अग्रणी अभियानको रूपमा आफूलाई विकास गरेको छ। जनताको घरदैलोमा मानव अधिकार सचेतना फैलाउन देशभर मानव अधिकार समूहहरू बनाउने र उनीहरूलाई त्यहीं मानव अधिकार संस्था दर्ता गर्न लगाउने कार्यको नेतृत्व इन्सेकले गरेको थियो। इन्सेकको स्थापना प्रजातन्त्रको पुनःस्थापना पछि भएको भए पनि यसको पृष्ठभूमि पञ्चायतकालमा नै तयारी गरिएको थियो।

प्रतिबन्ध लगाइएको थिएन। हुर्कँदै गरेको मानव अधिकारको अभ्यासलाई समेत प्रतिबन्ध लगाइएको थियो। २०१५ फागुन १ मा राजा महेन्द्रद्वारा घोषणा गरिएको संविधानले व्यवस्था गरेको दुई सदनात्मक व्यवस्थापिका (महासभा (माथिल्लो सदन) र प्रतिनिधिसभा (तल्लो सदन))लाई भङ्ग गरेर २०१७ पुस १ गते निर्दलीय पञ्चायतको स्थापना गरे। एक सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरेर सम्पूर्ण अधिकार राजामा ल्याएपछि अभ्यासमा आउन लागेका मानव अधिकारका व्यवस्थाको समेत हत्या भयो।

पञ्चायतकालमा मानव अधिकार सम्झँदा पनि कारबाही होला भन्ने डर थियो। तर, त्यतिबेलाका निडर युवा सुशील बन्धु ( प्याकुरेल) प्रकाशक र प्रकाश काफ्ले सम्पादक भएर २०२८ सालमा नै प्राची नामक पत्रिकामार्फत मानव अधिकारका बारेमा जनमत निर्माणको अभियान प्रारम्भ गरेका थिए। नेपालमा मानव अधिकारकै बारेमा यो नै पहिलो अभियान थियो। तर, प्रगतिशील विचारधाराबाट प्रभावित प्रकाश-सुशीलले साहित्यिक लेख रचनाबाट पञ्चायतलाई धक्का दिनका लागि प्राचीको प्रकाशन गरेको बुझ्न सकिन्छ।

विश्वव्यापी रूपमै विशेष गरेर पश्चिमा देशका सरकारले कम्युनिष्ट पार्टीलाई मानव अधिकारको मामलामा अनुदार भएको आरोप लगाउँदै आएका छन्। तर, नेपालमा भने कम्युनिष्ट पार्टीका नेता स्व. मदन भण्डारी र माधव नेपालले मानव अधिकारलाई सामाजिक न्यायसँग जोडेर राजनीतिक, आर्थिक र सांस्कृतिकलगायत सामाजिक अधिकारहरू सुरक्षित गर्नका लागि एउटा अभियान थाल्नुभयो। त्यो अभियान अन्तर्गत २०४१ सालमा मदन भण्डारी र माधव नेपालहरूको अगुवाइमा मानव अधिकार संरक्षण मञ्च (फोपुर) गठन भयो। उहाँहरूको अगुवाइमा गठन गरिएको भए पनि नेतृत्वमा भने उहाँहरू हुनुहुन्थेन। यो नै नेपालको इतिहासमा मानव अधिकारकै लागि गठन गरिएको पहिलो मानव अधिकार संस्था हो। यो संस्थाले मानव अधिकार उपभोगको सन्दर्भमा, पञ्चायतको दमनको विरूद्धमा राष्ट्रिय अन्तर्राष्ट्रिय जनमत सिर्जना गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको यसका संस्थापकमध्येका एक वरिष्ठ मानव अधिकारकर्मी सुशील प्याकुरेल बताउनुहुन्छ।

नेकपा माले निकटका व्यक्तिहरूले बद्रीप्रसाद खतिवडाको अध्यक्षतामा गोपाल गोतामे उपाध्यक्ष रहेर प्रकाश काफ्ले र सुशील प्याकुरेललगायतका वामपन्थी पृष्ठभूमिका अधिकारकर्मीले फोपुर गठन गर्नु भएको हो। केही समयपछि डाक्टर मथुरा श्रेष्ठ यस संस्थाको अध्यक्ष हुनु भएको थियो। त्यसको डेढ दुई वर्षपछि हृषिकेश शाहको अध्यक्षतामा मालेनिकट बाहेकका बामपन्थी र प्रजातान्त्रिक धारका अधिकारकर्मीले नेपाल मानव अधिकार सङ्गठन गठन गरे। पञ्चायतकालीन कठोर सङ्घर्षका दिनमा राजनीतिक अधिकारलाई मुल मुद्दा बनाएका व्यक्तिहरू अब मानव अधिकारको अर्को मोर्चाबाट पनि पञ्चायतलाई धक्का दिन थाले। यो मोर्चाले पञ्चायतकालको उत्कर्षमा विषेशगरी राजबन्दी रिहाइको लागि प्रमुख भूमिका खेल्यो। २०४६ को आन्दोलनमा एकदमै महत्वपूर्ण भूमिका निर्वाह गरेको कुरा अन्तरिम सरकारको मन्त्रिपरिषद्बाट पनि थाहा पाउन सकिन्छ। नेपालको मानव अधिकार आन्दोलन राजनीतिक आन्दोलन सँगसँगै अघि बढ्यो। राजनीतिक स्वतन्त्रता कुण्ठित गरेको परिप्रेक्ष्यमा मानव अधिकारको आन्दोलन उठेकाले राजनीतिक आन्दोलनको

सहयात्री भएको हो। त्यसो त नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र-१९६६ ले राजनीतिक अधिकारलाई निकै प्राथमिकतामा राखेको छ। मानव अधिकार आन्दोलनसमेतको सहकार्यमा भएको जनआन्दोनल सफल भयो। प्रजातन्त्र पुन:स्थापनाको आन्दोलनमा मानव अधिकार क्षेत्रको योगदानको कदर गर्दै कृष्णप्रसाद भट्टराईको नेतृत्वमा गठन भएको पहिलो अन्तरिम सरकारमा मानव अधिकार सङ्गठनहरूको प्रतिनिधिका रूपमा डा. मथुरा श्रेष्ठलाई स्वास्थ्यमन्त्री र देवेन्द्रराज पाण्डेलाई अर्थ राज्यमन्त्रीको जिम्मेवारी दिइएको थियो।

'पञ्चायत' पञ्चायत मात्रै थिएन यो त निर्दलीय शासन व्यवस्था थियो। एकतन्त्री व्यवस्था। राजाको खटनपटन। राजाकै आदेश। राजाकै सेवा र राजाकै गुनगान ! जनताको कुनै ठाउँ थिएन। ठाउँ थियो त राजाको भक्तिगानका लागि मात्रै थियो। जनतालाई प्रमुख बनाउनका लागि प्रजातन्त्रको विकल्प थिएन। तर, पञ्चायत ढाल्न ३० वर्ष लाग्यो। विभिन्न तयारी र मोर्चाबाट आन्दोलन र अभियानपछि २०४६ सालमा पञ्चायतको अन्त्य भयो। पञ्चायतको अन्त्य नै मानव अधिकार प्रत्याभूतिको प्रस्थानविन्दु बन्न पुग्यो। र, २०४७ सालमा जारी संविधानमा मानव अधिकारका विषयवस्तुलाई समेटिएको छ।

सुशील प्याकुरेल भन्नुहुन्छ-'प्रकाश काफ्लेको भनाइ थियो ...जब मानव अधिकार घरघरमा पुग्दैन तबसम्म आम नागरिकले मानव अधिकार उपभोग गर्न पाउँदैनन्'। त्यसैले मानव अधिकारको चेतना भनेको घरघरमा हुनुपर्छ। यो सरकारले मात्रै गर्ने काम होइन। हरेक व्यक्ति मानव अधिकारप्रति सचेत हुनुपर्छ।' २०४६ सालको जनआन्दोलनमा बाममोर्चाका तर्फबाट साहना प्रधानले र नेपाली कांग्रेसका कृष्णप्रसाद भट्टराईले संयुक्त आन्दोलन गर्न बनाइएको सहमतिमा मानव अधिकारको शब्दावली राख्नु भएको पनि प्याकुरेल स्मरण गर्नुहुन्छ। त्यो पहिलो दस्तावेज हो जहाँ राजनीतिक पार्टीहरूले पनि मानव अधिकारको मागलाई लिएर आन्दोलनमा होमिए। त्यसैले नेपालको मानव अधिकार आन्दोलन भनेको राजनीतिक आन्दोलन पनि हो। प्रजातान्त्रिक आन्दोलन सँगसँगै हातेमालो गरेर हिँडेको आन्दोलन हो।

प्रजातन्त्र भनेको मानव अधिकारको प्राप्ति र विकास गर्ने एउटा औजार हो। यदि प्रजातन्त्र छैन भने कानुनको शासन हुँदैन। त्यसो भएको हुनाले हाम्रो पहिलो सर्त प्रजातन्त्र नै हो। प्रजातान्त्रिक आन्दोलनमा मानव अधिकारकर्मीहरू जहिले पनि अग्रपङ्क्तिमा छन्। नेपाल एउटा यस्तो देश हो जसको कम्युनिष्ट पार्टीको स्थापना हुँदा पनि मानव अधिकारप्रतिको सम्मान दर्शाइएको घोषणापत्रमा उल्लेख छ। अरु देशसँग हामीहरूले दाँजिन जानु पर्दैन। हामी अरु देशभन्दा माथि छौँ। मानव अधिकारको विषय हाम्रो संवैधानिक मान्यता मात्रै होइन, हाम्रो देशमा भएका तमाम राजनीतिक दलहरू, त्यसमाथि हतियार उठाएर हिंसात्मक आन्दोलन गर्छु भनेर हिँडेको राजनीतिक दलले समेत मानेको विषय हो। त्यसकारण नेपालका लागि मानव अधिकार सर्वव्यापी र सर्वप्रिय छ।

*(लेखक : इन्सेक अनलाइनका सम्पादक, हुनुहुन्छ ।)*

# अपहरित नेपाल प्रहरीलाई ८८ दिनपछि मुक्त गराउँदा

माओवादी लडाकुले रोल्पास्थित इलाका प्रहरी कार्यालय, होलेरीमा ०५८ असार २८ गते आक्रमण गरे। ठूलो संख्यामा रहेका माओवादी लडाकुसँग प्रहरीको जोर चलेन। इन्सपेक्टर मदन गुरुङको नेतृत्वमा रहेको ७६ जना प्रहरीलाई माओवादी लडाकुले कब्जामा लिए। सो क्रममा भएको दोहोरो गोली प्रहारमा एक जना प्रहरीको मृत्यु भयो भने ६९ जना प्रहरीलाई कब्जामा लिई होलेरी नजिकैको सेवा केन्द्रमा राखे।



भोला महत

कब्जामा लिइएका प्रहरीहरूलाई माओवादीहरूले नुवागाँउतर्फ लगे। ठूलो सङ्ख्याका प्रहरीहरू माओवादीले अपहरण गरेपछि खैलाबैला मच्चियो। कब्जामा रहेका प्रहरीलाई अपहरणमुक्त गराउन प्रयत्नहरू हुन थाले। कब्जामा रहेका प्रहरीका आफन्त र प्रहरी सङ्गठनले समेत हामी मानव अधिकारकर्मीलाई अनुरोध गरे।

सो घटनाका सन्दर्भमा पनि कब्जामा परेको दिनदेखिनै प्रहरीको जीवन रक्षाका लागि पहल शुरु गरियो। जे जस्तो सम्पर्क थियो त्यसैलाई अधिकतम प्रयोग गर्दै युद्धरत पक्षलाई जीवन रक्षाका लागि सार्वजनिक अपिलका साथै माओवादी पक्षसँग प्रत्यक्ष तथा परोक्ष सम्पर्क गरी कब्जामा रहेका प्रहरीको जीवन रक्षाका लागि अनुरोध गरियो।

धेरै घटनामा स्थानीयस्तरमा सहजकर्ताको भूमिका निर्वाह गरेका कारण कब्जामा रहेका प्रहरीलाई छुटाउन सहज र हिम्मत बढ्नु स्वभाविक थियो। सोहीअनुसार म लगायत केही पत्रकार साथीहरू, सुर्खेतबाट केही मानव अधिकारकर्मी र बाँकेबाट साहित्यकार नरेन्द्रजंग पिटर लगायतका मानव अधिकारकर्मीले पहल थाल्यौँ। सरकार हतियारका माध्यमद्वारा माओवादी कब्जामा रहेका आफना प्रहरीहरूलाई छुटाउन चाहान्थ्यो भने हामी मानव अधिकारकर्मीहरू जेनेभा महासन्धिलाई मुख्य आधार बनाएर माओवादी कब्जामा रहेकाहरूको रिहाइका लागि स्वयम् सशस्त्र माओवादीहरूसँग प्रत्यक्ष परोक्ष संवाद गरियो। दिनहरू बित्दै गए। तर, मुक्त हुने सम्भावना भने देखिएन। हाम्रा हजारौँ प्रयासहरू पनि सफल हुन सकिरहेका थिएनन्। तर पनि हामी निरास थिएनौँ। हाम्रो दायित्व र कर्तव्यलाई बोध गर्दै सक्रियका साथ लागिरह्यौँ। कब्जामा रहेकाहरू सकुशल होला भन्ने नै थियो।

कब्जामा परेको दुई महिना बितिसक्दा समेत उनीहरूको रिहाइ सम्भव भएन। तत्कालीन सरकारलाई अप्ठयारोमा पार्न वा सौदाबाजीका लागि दरिलो रूपमा धेरैको सङ्ख्यामा कब्जामा रहेका प्रहरीहरू दरिलो आधार बनेको हुन सक्ने भएकाले नै होला सोचेभन्दा छिटो रिहाइ हुन सकेनन्।

माओवादी सशस्त्र द्वन्द्वको बेला मानव अधिकार र मानवीय सवालमा कार्यरत आईसीआरसीसमेत क्रियाशील रहेकाले

हामीले आईसीआरसीको माध्यमद्वारा पनि रिहाइका लागि पहलकदमी अगाडि बढायौँ।

हामीले कब्जामा रहेकाको मुक्तिकालागि पहल गरिरहेका थियौँ त्यसरी नै सुरक्षाकर्मीले हाम्रो निगरानी गरिरहेका हुन्थेँ। हामी कहाँ जान्छौँ, कसलाई भेट्छौँ, कुन माध्यमबाट कसरी भेटछौँ ? हाम्रा प्रत्येक गतिविधिको निगरानी तत्कालीन सेना वा सुरक्षाकर्मीहरुको दिनचर्या नै हुन्थ्यो यी सबै कुराको हेक्का हामीलाई हुन्थ्यो। एकातिर माओवादीले शंकाको दृष्टिले हेर्न अर्कातिर राज्यका सुरक्षा निकायले माओवादी निकट भनेर बुझ्ने यी दुवै गलत बुझाइका कारण हामी मानव अधिकारकर्मीलाई आफ्नो कर्ममा बाधा आइरहन्थे। यो घटनाका सन्दर्भमा पनि लगातार महिनौं दिनका प्रयासहरूमा यस्तै अडचनहरू आएका थिए।

हाम्रो अथक प्रयास र माओवादीको कब्जामा रहेका प्रहरीलाई सकुसल छाड्ने माओवादीले निर्णय भएपछि अपहरणको ८८ दिनपछि सुर्खेत जिल्लाको साविकको राकम जमुने भन्ने ठाउँबाट म लगायत पत्रकार मानव अधिकारकर्मी र आईसीआरसीको रोवहरमा उनीहरूलाई माओवादीले आफ्नो कब्जाबाट मुक्त गरे। सशस्त्र द्वन्द्वका समयको यो घटना प्रतिनिधिमूलक घटना मात्र हो। यस्ता सयौँ घटनाहरु जो राज्यपक्ष र माओवादी पक्षबाट गिरफ्तार वा अपहरण परेका हुन्थे उनीहरूको जीवन रक्षामा हामी लागिरहन्थ्यौँ।

*(लेखक : इन्सेक, लुम्बिनी प्रदेश कार्यालय, नेपालगञ्जका संयोजक हुनुहुन्छ ।)*


**मुलुकको मानवअधिकार स्थितिबारे वास्तविक जानकारी लिन इन्सेकद्वारा प्रकाशित**

- मानवअधिकार वर्षपुस्तक (नेपाली र अंग्रेजी)
- मानवअधिकार सङ्गालो
- मानवअधिकारको ऐतिहासिक अवधारणा
- मानवअधिकार-प्रहरी-कानुन
- मानवअधिकार घोषणापत्र (सचित्र)
- नेपालमा जातीय छुवाछूत
- राजनीतिक महिला परिचय
- प्राची द्वैमासिक
- मानवअधिकार स्थितिसूचक (त्रैमासिक)
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान
- मानवअधिकार : ठूला नौ महासन्धि
- इन्सेकको दुई दशक
- उनीहरू कहाँ छन् ? (अङ्ग्रेजी, नेपाली)

**लगायत् अन्य सामयिक प्रकाशनहरू खोजी-खोजी पढौं।**

# सशस्त्र द्वन्द्वः केही अनुभूतिहरू

मानव अधिकार र सामाजिक न्यायका लागि काम गर्ने प्रबल इच्छा भएका कारण मैले २०५२ सालदेखि इन्सेक आवद्ध संस्था मानव अधिकार तथा जनसेवा केन्द्र, डोटीमा कार्यक्रम संयोजकको जिम्मेवारीमा रही २०५६ सालसम्म काम गरेँ। मानव अधिकार मानिसको जन्मजात पाउने अधिकार हो भन्ने सर्वसम्मत मान्यता भएता पनि समाजमा मानव अधिकार नौलो विषय हो भन्ने बुझाइ रहेको थियो। राजनीतिक अधिकारका बारेमा सामान्य जानकारी भएता पनि नागरिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारबारे नागरिकहरूमा खासै चेतना थिएन। सामाजिक अन्धविश्वास तथा जातीय र लैङ्गिक विभेद स्वभाविक प्रकृया हो भन्ने बुझाइ समाजमा व्याप्त थियो।



खड्कराज जोशी

डोटी जिल्लामा रहेर काम गरेको अनुभवका आधारमा इन्सेकले २०५९ साल माघ महिनादेखि तत्कालीन क्षेत्रीय कार्यालय, धनगढीको संयोजकको जिम्मेवारी दियो। मैले इन्सेक क्षेत्रीय कार्यालयमा काम गर्ने अवसर त पाएँ तर, त्यस समयमा देशमा सशस्त्र द्वन्द्व चरम अवस्थामा थियो। सुदूरपश्चिम अति प्रभावित क्षेत्र बनेको थियो काम गर्ने सहज वातावरण थिएन। इन्सेकका अग्रजहरूबाट प्राप्त ज्ञान सीप र क्षेत्रीय कार्यालयमा कार्यरत साथीहरू, जिल्ला प्रतिनिधिहरू तथा अन्य शुभचिन्तकको सहयोगमा संस्थाले दिएको जिम्मेवारी निर्वाह गर्न र द्वन्द्वका कारण पीडामा परेकाहरूलाई सहयोग गर्न सफल भएको अनुभूति भएको छ।

असहज परिस्थितिका बाबजुद पनि नागरिकको जीउधनको रक्षाका लागि निरन्तर प्रयासहरू भए। राज्य र विद्रोही पक्षबाट गिरफ्तारी तथा अपहरणमा परेका व्यक्तिहरूको जीवन रक्षा गर्नु त्यतिबेला मुख्य काम जस्तै थियो। २०६१ साउन १६ गते माओवादीलाई सहयोग गरेको आरोपमा गिरफ्तार गरी अवस्था अज्ञात रहेका पर्यावरण संरक्षण एवम् वन पैदावार व्यवसायी सङ्घ, कैलालीका अध्यक्ष कमानसिंह धामीको अवस्था थाहा पाउन तत्कालील शाही नेपाली सेना तेघरी ब्यारेकका कर्णेल रामशरण कार्कीले सेनासँग कुरा गर्दा 'धेरै सोधखोज गरेमा हाम्रो बन्दुकले मानव अधिकारवादी नचिन्ने' धम्की दिएका थिए। तर पनि हाम्रो प्रयास जारी रह्यो र निज कर्णेल कार्कीले मलाई फोन गरी 'कमानसिंह धामी सैनिक हिरासतमा' रहेको स्वीकार गरे। कानुनी प्रकृया पूरा गरी कमानसिंह धामी मुक्त भए। धामीको अवस्था थाहा पाउन गरिएको प्रयास र सेनाबाट आएको धम्कीले घरपरिवार तथा शुभचिन्तकहरूलाई पनि चिन्तित बनाएको थियो। त्सबेला, यस्ता घटनाहरूसँग सामना गर्नु दैनिकी थियो।


सुदूरपश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयका निर्देशक दामोदर गौली र निजका पत्नीलाई २०६१ साल जेठ २ गते निर्देशनालयको नाममा रहेको सरकारी गाडीमा धनगढीबाट दीपायल जाँदै गरेको अवस्थामा सहजपुर गाविस हाल चुरे गाउँपालिका अर्न्तगत भासु मन्दिर नजिकबाट माओवादी कार्यकर्ताले अपहरण गरे। गाडीमा आगजनी भयो। गाडीमा सवार शिक्षा निर्देशक दामोदर गौलीलाई आफूसँगै लैजाने र निजको पत्नी र चालकलाई छोडिदिने माओवादी कार्यकर्ताले बताए पनि निर्देशककी पत्नीले आफू पनि पतिसँगै जाने अडान लिएकी थिइन्। दुवै जनालाई माओवादी कार्यकर्ताले जङ्गलको बाटो हुँदै अज्ञात

स्थलतर्फ लगे। शिक्षा निर्देशक गौलीको अपहरणको खबर बाहिर आएपछि परिवारका सदस्य तथा शिक्षा मन्त्रालयका प्रवक्ता लवप्रसाद मैनालीले फोन गरी गौलीलाई अपहरण मुक्त गर्न पहलकदमी गरिदिन आग्रह गरेका थिए। निर्देशक गौलीलाई अपहरण मुक्त गर्न यस क्षेत्रको माओवादी नेता खगराज भट्टसँग आग्रह गरेँ। पटक-पटकको संवादपछि गौली दम्पतीलाई अपहरणमुक्त गर्न माओवादी सहमत भयो। गौली दम्पतिलाई २०६१ जेठ १९ गते डोटी र कैलालीको सिमाना बर्छैनमा माओवादी नेता खगराज भट्टले इन्सेकको नेतृत्वमा गएको मानव अधिकारकर्मीको टोलीलाई जिम्मा लगाए। सोही दिन हामी हामी गौली दम्पतिलाई लिएर धनगढी आयौँ। जेठ २० गते इन्सेक क्षेत्रीय कार्यालय, धनगढीमा पत्रकार सम्मेलन गरी तत्कालीन कैलाली जिल्ला शिक्षा अधिकारी रामहरिदास श्रेष्ठलाई जिम्मा लगाएका थियौँ।

सशस्त्र द्वन्द्वको समयका यस्ता धेरै घटना छन् जुन मानसपटलमा अमेट भएर बसेका छन्। जस्तोसुकै अवस्थामा पनि मानिसको बाँच्न पाउने अधिकार कसैले हनन् गर्न पाउँदैन भन्ने मान्यताकासाथ निष्पक्ष भएर काम गरेमा मानव अधिकार रक्षकको दायित्व पूरा हुन्छ भन्ने ठान्दछु।

*(लेखक : इन्सेक सुदूरपश्चिम प्रदेश* कार्यालय, धनगढी संयोजक हुनुहुन्छ ।)

---



# गोन्जालो बारे हृषिकेश शाह

श्री एबमेल गुजम्यान (गोन्जालो) लाई पकाउ गर्ने सरकारको अधिकार क्षेत्रको कुरा भएता पनि जुन किसिमले उहाँ पक्राउ परेपछि उहाँसग व्यवहार गरियो, त्यसबाट उहाँले कानून बमोजिम इन्साफ पाउने बातावरण नै रहेना सैनिक अदालतले त्यो भन्दा उपल्लो सैनिक अदालतमै मात्र पुनराबेदन ४८ घण्टा भित्र मात्र लाग्ने परिबन्द गरी मुद्दा किनारा गरेबाट इन्साफको बाटो बिपरित काम भएको छ। त्यसमा पनि जनमत संकलनको आडमा यो मुद्दामा मृत्यु दण्ड पुर्नबहाली गरी लागु गराइयो भने न्यायको उपहास शिवाय केही हुदैन। यस्तो कारबाही तुरुन्त अन्त गरियोस भनी ने. माथि संघ पेरुका अधिकारी बर्ग संग आग्रह गर्दछ।

हृषीकेश शाह
अध्यक्ष

नेपाल मानब अधिकार संगठन, मंसीर १, २०४९

**नेपालका सुरुवातकालिन मानव अधिकारकर्मी ऋषिकेश साह समसामयिक विषयहरूमा आफ्नो धारणा अभिव्यक्त गर्न सधैँ सक्रिय हुनुहुन्थ्यो ।**

# राष्ट्रिय मानव अधिकार आयोग गठनमा नागरिक समाजको भूमिका

प्रजातन्त्र र मानव अधिकार एक सिक्काका दुई पाटा हुन्। प्रजातन्त्रविना मानव अधिकार सम्भव छैन। २०४६ को संयुक्त आन्दोलनले ३० वर्ष लामो निरङ्कुश पञ्चायती व्यवस्था ढाल्यो योसँगै मुलुकमा प्रजातन्त्तको पुन:स्थापना भयो। नेपाली कांग्रेसमा नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वका अन्तरिम सरकार गठन भयो। जसमा नेपाली कांग्रेस, वाममोर्चा र नागरिक समाजका प्रतिनिधिको सहभागिता रह्यो।

नेपालको संविधान २०४७ ले प्रजातन्त्र र मानव अधिकारको सुनिश्चितता गऱ्यो। सन् १९९१ मा चार ओटा मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिलाई नेपालले अनुमोदन गऱ्यो। जसले गर्दा मानव अधिकारको अभियानमा लागिरहेका मानव अधिकारकर्मीहरूमा उत्साह थपेको थियो।



कृष्ण गौतम

सरकारी प्रतिबद्धता व्यवहारमा देखा परेन। मानव अधिकार उल्लङ्घन गम्भीर घटनाहरू देखा पर्न थाले। बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुन:स्थापनासँगै मानव अधिकार आयोगको स्थापना हुनुपर्ने माग उठेको थियो। यही मागलाई लिएर नेकपा एमालेका सांसद सुवास नेम्वाङले २०४९ फागुन ३ गते नेपालको संसदमा पहिलो पटक मानव अधिकार आयोगसम्बन्धी एक राष्ट्रिय सङ्कल्प प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। त्यतिबेला नेपाली कांग्रेसको सांसदहरूले आयोग आवश्यकता नरहेको बताउँदै प्रस्तावनालाई अस्वीकार गरेका थिए। २०५२ भदौ २६ गते नेपाली कांग्रेसको नेतृत्वमा बनेको संयुक्त सरकारले मानव अधिकार आयोग विधेयक-२०५२ अगाडि ल्यायो।

यसैबीच नेपालका मानव अधिकार संस्थाहरू अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), बाल मजदुर सरोकार केन्द्र (सिविन), यातना पीडित सरोकार केन्द्र (सिभिक्ट), मानव अधिकार संरक्षण मञ्च (मासम), नेपाल मानव अधिकार सङ्गठन, इन्हुरेड इन्टरनेशनल लगायत संस्थाहरूले पनि मानव अधिकार आयोग गठनसम्बन्धी मागलाई देशव्यापी बनाए। सबैतिरबाट माग उठ्न थालेपछि ती मागहरूलाई सकारात्मक रूपमा लिँदै प्रमुख राजनीतिक दलहरूले आयोगसम्बन्धी प्रक्रिया अगाडि बढाए। नेकपा एमालेले प्रारम्भिक मस्यौदासमेत तयार गरी सार्वजनिकीकरण गऱ्यो भने नेपाली कांग्रेसका सांसद महेश आयाचार्यले संसदको दशौं अधिवेशनबाट गैरसरकारी विधेयकको रूपमा पेश गरेको मानव अधिकार आयोग गठनसम्बन्धी विधेयकलाई संसदबाट पारित गरियो। र २०५३ पुस २४ गते पूर्ण रूपमा ऐनको रूप धारण गऱ्यो। त्यस वर्ष पनि पारित ऐन बमोजिम मानव अधिकार आयोग गठन गर्न जोडतोडले आवाज उठेता पनि सरकारले आलटाल नै गरिरह्यो।

मानव अधिकार आयोग ऐन २०५३ पुस २४ गतेदेखि लागू भएको भए पनि आयोग गठन नभएपछि मानव अधिकार आयोग गठन गरी पाऊँ भनी अधिवक्ताद्वय



*मानव अधिकार आयोग गठनको माग गर्दै आयोजित विरोध र्‍यालीमा इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेल तथा मानव अधिकारकर्मीहरू*

रवीन्द्र भट्टराई र हेमाङ्ग शर्मा दिएको रिट निवदेनउपर २०५६ असार २९ गते सर्वोच्च अदालतले मानव अधिकार आयोग गठन गर्नका लागि आदेश जारी गरेको थियो। नागरिक समाज, मानव अधिकारकर्मी सबैले निरन्तर आवाज उठाइरहँदा पनि आयोग गठन हुन सकेन।

एक महिने नागरिक आन्दोलन भए पनि तत्काल गठन भएन आयोग, डिम्बना नै मान्नु पर्छ। १९ दिनको जनआन्दोलन व्यवस्था परिवर्तन भएको इतिहास भएको देशमा संसदबाट ऐन पारित भएको लामो समयसम्म पनि आयोग गठन भएन।

२०५३ पुस २४ गते मानव अधिकार आयोग ऐन बनी सकेको अवस्थामा पनि लामो समयसम्म आयोग गठन नहुनु अर्कोतर्फ २०५२ फागुन १ गते देखि नेकपा माओवादीद्वारा जनयुद्धका नाममा सुरु सशस्त्र सङ्घर्ष र यसलाई दमन गर्न राज्य पक्षबाट सुरु गरियो। कारबाहीका दिनहुँ हत्या, हिंसा, अपराध, बेपत्ता पार्ने घटना बढ्दै गइरहेको थियो। राज्यले "किलोसेरा टु" नामक अप्रेसन सुरु गरी कारबाही अगाडि बढायो। यसले अवस्थाका हत्या हिंसा बन्द गर्न र मानव अधिकार आयोग गठन गर्ने दबाबमूलक कार्यक्रम महसुस गरी नेपालका क्रियाशील ११ वटा मानव अधिकार संस्थाहरूले संयक्त रूपमा सडक आन्दोलन गर्नु पर्‍यो। २०५५ भदौ महिनामा भएको एक महिने दबाबमूलक कार्यक्रम जसलाई आन्दोलनको रूपमा लिन सकिन्छ। त्यो एउटा विस्तृत र बृहत् नागरिक आन्दोलन थियो। शान्तिपूर्ण आन्दोलनमा विभिन्न गतिविधि समावेश भएको थियो। पत्रकार सम्मेलन, ज्ञापनपत्र बझाउने, प्रधानमन्त्रीदेखि विपक्षी दलमा नेतासँग भेटघाट, सडक प्रवेशमा, राजनीतिक दलका कार्यालयहरू घेराउ, कोणसभा, भोक हड्ताल, मानव अधिकार उल्लङ्घनमा घटनाहरूको स्थलगत अध्ययन गर्ने सम्मका गतिविधिहरू पनि यस आन्दोलनमा भएका थिए। आन्दोलनको बलमा २०५७ जेठ १३ गते राष्ट्रिय मानव अधिकार आयोग गठन गर्‍यो।


सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश नयनबहादुर खत्री अध्यक्षतामा गठित ५ सदस्यीय उक्त आयोगमा सदस्यहरूमा समाजसेवी डा. गौरीशंकर लालदास, पूर्व सचिव इन्दिरा राणा, मानव अधिकार आन्दोलनका अगुवा सुशील प्याकुरेल र कपिल श्रेष्ठ रहनु भएको थियो। स्थापनाकालमा न्युन स्रोत साधनका बावजुद मानव अधिकार आयोगले उल्लेख्य कार्यहरू गर्न सफल भयो।

*(लेखक इन्सेकका सूचना अधिकारी हुनुहुन्छ ।)*

# प्रकाश काफ्लेले निर्देशन गर्नु भएको मार्ग

इन्सेकका तत्कालिन निर्देशक तथा सुपरिचित मानवाधिकारवादी कार्यकर्ता प्रकाश काफ्ले भौतिक रूपमा यस संसारमा हुनुहुन्न भन्ने कुरालाई अब साँचो मान्नै पर्छ। यस नमीठो सत्यले अचानक धेरै कल्पनाहरुलाई भत्काई दिएको छ, धेरै सपनाहरुलाई उचाई दिएको छ। परन्तु हरेक कुरोको एउटा सीमा हुन्छ। साउन सोह्रको महाकालले पनि भत्काउन नसकेको एउटा राजपथ छ– प्रकाश काफ्लेले देखाउनु भएको, निर्देशन गर्नु भएको एउटा राजमार्ग। वहाँले स्थापित गर्नु भएको एउटा मूल्य, एउटा आदर्श– जसलाई कालले पनि खोस्न सकेको छैन।

मानव अधिकारको क्षेत्रमा वहाँले स्थापित गर्नु भएको मूल्यले गर्दा नै नेपालमा मानव अधिकारको सुस्पष्ट अवधारणा विकसित हुन सक्यो। वाद र विवादको घेरा भन्दा माथि उठेर वहाँले यस क्षेत्रमा एउटा ध्वजा नै गाड्नु भएको छ। त्यस क्रममा वहाँ कतिपल्ट भाँचिनु भयो तर दोब्रिनु भएन।



निर्भिक र निष्पक्ष दृष्टिले गर्दा नै आज वहाँ समयले साथ नदिए पनि आफ्नै कीर्तिको उज्यालोमा चम्किरहनु भएको छ। मृत्युले वहाँमाथि असमयमा धावा बोल्यो तर वहाँ अमर हुनुहुन्छ।

विश्व मानव अधिकारको आन्दोलनमा म्याग्नाकार्टालाई नै आदि अभियान मानिन्छ। नेपालमा मानवाधिकारको दिशा निर्दिष्ट आन्दोलनको शुरुवातकर्ताहरूको चर्चा गर्ने हो भने प्रकाश काफ्ले नै अग्रीम पक्तिमा पर्नु हुन्छ। म्याग्नाकार्टा जारी भएपछिका दिनहरूमा बेलायती संसदद्वारा पारित वील अफ राइट्स, अमेरिकी संविधान र फ्रान्सको विधान सभाद्वारा पारित नागरिक अधिकारको घोषणापत्र आदिने विश्व जनसमुदायलाई यस दिशामा सचेत बनाउँदै लग्यो। उन्नाइसौ शताब्दीको उत्तरार्धमामात्र विश्वका जनताले लिखित अवधारणामा मात्र भए पनि आफ्नो पंक्तिलाई प्रजाबाट जनताको स्तरमा उकास्न सके। तर यसै धर्तीका हामी नेपालीले त्यसपछि पनि धेरै पर्खनु पर्‍यो।

विश्वमा मूलतः मार्क्सवादको जन्म र प्रसार पश्चात मानव अधिकार सम्बन्धी अवधारणाले फरक धरातल खोज्न थाल्यो। रुसको अक्टुबर क्रान्तिपछि त यस सम्बन्धी अवधारणामा व्यावहारिक प्रभाव पर्न थाल्यो। शोषित वर्ग र अल्पसङ्ख्यक जातिको आत्म निर्णयको अधिकार एवं आर्थिक समानताको अधिकार प्रति आँखा चिम्लिएर साँचो मानव

अधिकारको रक्षा गर्न सकिदैन भन्ने त्यस क्रान्तिले अघि सारेको मान्यताने दोस्रो विश्व युद्धको समाप्ति सँगै ठूलो महत्त्व पनि पाएको थियो।

आजभन्दा चैवालीस वर्ष पहिले संयुक्त राष्ट्र संघले मानव अधिकारको विश्वव्यापी घोषणा अघि सारे पश्चात पहिलो चोटी मानवाधिकारका सम्बन्धमा सापेक्षित सर्वमान्य अवधारणाको अस्तित्व देखापरेको थियो। राष्ट्रसंघले सोह्र वर्ष पछि नागरिकको राजनैतिक अधिकार र आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी दुई छुट्टाछुट्टै संविदाहरू जारी गरेर मानव अधिकारलाई मक आधारभूत ढंगले लागु गर्नुपर्ने आवश्यकता दर्शाएको थियो। तर नेपालको सरकारले विगत जनआन्दोलन पश्चातमात्र त्यसमा हस्ताक्षर गर्‍यो।

विश्वव्यापी रूपमा मानव अधिकारको एउटा स्पष्ट अवधारणा निकै अघि बढी सक्दा पनि हाम्रो देशको स्थिति बेग्लै थियो। राष्ट्रिय चेतना लामो समयसम्म त्यस्तै रह्यो। स्व. काफ्ले सहितको नयाँ पुस्ताले त्यो सून्यता तोड्न सक्रियताको आँधी चलाउनु परेको थियो। चेतनाको अभाव र अशिक्षाको पासोमा परेका नेपाली वास्तवमा ०४६ सम्म नै 'प्रजा' रहेका थिए। गोरखाका लखन थापाले जङ्गबहादुरकै पालामा नागरिक हकको कुरा उठाएर शहादत प्राप्त गरेको भएपनि नेपालीले धेरै पछिसम्म नागरिकहरुको अधिकार पनि हुन्छ भन्ने कुरा थाहापाउनै पाएनन्। राजनैतिक अधिकारको कमी सम्बत १९९३ मा राजधानीका केही अगुवा युवाहरूले महसुश गरेर प्रजापरिषद्को गठन गरेका थिए। ००३ सालमा नेपाली राष्ट्रिय कांग्रेस पनि राजनीतिक अधिकार खोस्नकै निम्ति अघि सरेको थियो। त्यस्तै ००६ सालमा गठित नेपाल कम्यूनिष्ट पार्टीको पहिलो घोषणापत्रमा पनि 'पूर्ण नागरिक स्वतन्त्रता' लाई छुट्टै बुँदामा समावेश गरी त्यसमा जोड दिइएको थियो। तर चार दशकपछि नागरिक हकको कुरा उठाउने आदि पुरुष टंक प्रसाद आचार्यलाई साथलिदै प्रकाश काफ्ले र अन्य युवाहरु नै अघि बढ्नु पर्‍यो। विविध राजनीतिक पार्टीहरु माझ राजनैतिक स्वतन्त्रताको निम्ति साझा सहमति हुन सकेपनि मानवाधिकारका सम्बन्धमा सबैमा तादात्मयता हुन सकेन। आफ्नो मानव अधिकार मात्र हनन भइरहेको देख्ने प्रवृत्ति सबै कोणमा आज पनि बलशाली छ। यस दृष्टिले हेर्दा संवत १९९४ मा शुक्रराज शास्त्रीको अध्यक्षतामा गठित नागरिक अधिकार समितिलाई नै नेपालको पहिलो मानवाधिकार संगठन मान्नु पर्ने पनि देखिन्छ। तर अत्यन्त छोटो अवधिमै त्यो संस्थाको अस्तित्व हराए पश्चात अति नामो समयसम्म नेपालमा विशुद्ध मानवाधिकार संगठन नै देखा परेन। त्यतिबेलाको चेतनाको धरातलमा उभिएको त्यो संस्था मूलतः मानवाधिकारको कुरो उठाउने संस्था नै थियो भन्नु अत्युक्ति नहोला। तर त्यसको उद्देश्य सफलिभूत तुल्याउन, मासमले मात्र सक्यो, त्यसका निम्ति प्रकाश काफ्ले।

२०१२ सालमा नेपाल संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गर्‍यो, तर नागरिक हकका सवालमा भने सरकारले अतिकति पनि उदारता देखाउनु आवश्यक ठानेन। सत्र सालमा सात सालले दिएको सीमित नागरिक हकमाथि पनि गुठाराघात भएपछि त विश्वका मानव अधिकारवादी संघसंस्थाहरूको कालो खातामा नेपालको नाम बारम्वार चढ्न थाल्यो।

देशको त्यस्तै निस्सासिंदो परिवेशमा मानव अधिकारको सुस्पष्ट अत्याधुनिक र वैज्ञानिक अवधारणाकासाथ संवत ०४१ मा मानव अधिकार संरक्षण मञ्चको स्थापना भएको थियो र त्यसको धुरीमा स्व. प्रकाश काफ्ले। त्यो यस्तो कालरात्रीको समय थियो जति बेला

मानव अधिकारको पञ्चायती सूत्रहरु घोकाउन मै सारा राज्य मन्त्र व्यस्त थियो। त्यतिबेला विश्व मानवाधिकार दिवसका दिन गृहमन्त्रीले रेडियोबाट वक्तव्य त दिन्थे तर जनताले कहिले टंक प्रसाद आचार्यको प्राङ्गणमा त कहिले क्याम्पस प्राङ्गणमा खुम्चिएर मानवाधिकारको कुरा गर्नु पर्थ्यो।

राजधानीमा ०४६ को मानव अधिकार दिवस त्रि-चन्द्र क्याम्पसमा मनाइएको थियो। त्यहाँ बोल्दै बरिष्ठ अधिवक्ता लक्ष्मण अर्यालले भन्नु भएको थियो- 'मुलुकको संविधान नै यस्तो छ कि ११ देखि १६ सम्मको धाराले जनतालाई अधिकार दिए जस्तो देखिन्छ तर धारा १७ ले ती सबै अधिकारलाई खोसेको छ।' त्यतिबेलासम्म धेरै जागरुक नागरिकहरुले संविधानको चिरफार गरेर यस प्रकार आलोचना गर्न थालिसकेका थिए। ऋषिकेश शाहले पनि पञ्चायतद्वारा मानव अधिकारको उल्लङ्घन भएको कुरा महशुस गरी २०४५ मा नेपाल मानव अधिकार संगठनको स्थापना गर्नु भएको थियो। तर नेपालमा मानवाधिकार दिवस मनाउने परम्पराको सुरुवात सम्वत २०४१ देखि मानव अधिकार संरक्षण मञ्चले नै गरेको थियो र त्यस मञ्चको न्युक्लियसमा हुनुहुन्थ्यो स्व. काफ्ले।

चाहे झापाको मेची किनारमा दश कदम परबाट प्रहरीदारा विद्यार्थी लक्ष्मी पाण्डेको हत्या हुँदा होस्, चाहे भक्तपुरका कामरेड रोहित र वहाँका सहयोगीहरुमाथि कर्ण ह्योजुको हत्या पश्चात भएको सरकारी ज्यादति होस् स्व. प्रकाश काफ्लेले तत्कालीन सत्तादारा भएका अमानवीय कामहरूको अग्रीम पंक्तिमा उभिएर, तथ्यगत भर्त्सना गर्नु भएको थियो। जनआन्दोलनमा वहाँले खेल्नु भएको अविस्मरणीय भूमिकाको त राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमै मूल्याङ्कन भइरहेकै छ।

जनताको अनुमोदनलाई सदैव उच्च सम्मान प्रदान गर्न सकेमात्र प्रजातन्त्र बलियो हुन सक्छ भन्ने मान्यता राख्ने स्व. काफ्लेले पञ्चायती कालदेखि हालै सम्पन्न स्थानीय निर्वाचनसम्मको प्रत्यक्ष र परोक्ष पर्यवेक्षण गर्नु भएको थियो। र वहाँ सधै यस क्षेत्रमै हुने चुनावी धाँधलीहरूबाट चिन्तित हुनुहुन्थ्यो। बंगलादेशको गत आम चुनावमा पनि वहाँले सकृयताकासाथ अन्तर्राष्ट्रिय पर्यवेक्षकको हैसियतमा पर्यवेक्षण कार्यमा भाग लिनु भयो। नेपालको संविधानलाई सक्दो प्रगतिशील बनाउन वहाँले तत्कालीन संविधान सुझाव आयोगलाई राष्ट्रिय अन्तर्राष्ट्रिय र व्यक्तिगत सल्लाह समेत जुटाई दिएर सहयोग गर्नु भएको थियो।

पछिल्लो समयमा वहाँ मानव अधिकारका निम्ति आफैमा संस्था बनिसक्नु भएको थियो। वहाँलाई मानवाधिकारका अर्थमा राजनीतिक बन्धन भन्दा पृथक तर प्रतिबद्धता र आदर्शका हिसाबले अत्यन्त अनुशासित मानिन्थ्यो। मानवाधिकारका निम्ति प्रजातान्त्रिक विकल्पको खोजी गर्न वहाँले जीवनको अन्त्यतिर विश्वका वरिष्ठतम मानवाधिकारवादीहरूलाई एउटै थलोमा भेला भई बृहद छलफल चलाउन घच्घच्याइ रहनु भएको थियो।

म्याक्सिम गोर्कीले कुनै ठाउँ भनेका छन्- 'आज भन्दा अढाई हजार वर्ष अगाडि जुन मुर्दाको दर्शनले सिद्धार्थलाई बुद्ध बनाएको थियो त्यो मुर्दा के साच्चै निर्जिव थियो। त्यो मुर्दा थिएन, त्यो त कपिलवस्तुका हज्जारौ प्राणीहरूभन्दा सजीव थियो।' प्रकाश काफ्ले पनि भौतिक रुपमा निर्जिव हुनु भएको छ तपापि आफ्ना कीर्तिहरूमा वहाँ हाँसिरहनु भएको हामी देख्नेछौ। हामीले केवल वहाँले छोडेर जानु भएका ज्यावलद्वारा वहाँले बाँकी राखी दिनु भएको रोडा फुटाउन थाल्नु पर्दछ। हामी वहाँका सहयोद्धाहरूले यतिखेर यही प्रण गर्नु परेको छ।

*(साभार : भदौ-असोज २०४९, वर्ष १, अङ्क १ को सम्पादकीयबाट)*

# जिल्ला प्रहरी कार्यालय, सिरहामा प्रहरी जवानमाथि भएको कुटपिट घटनाको स्थलगत प्रारम्भिक अध्ययन प्रतिवेदन

**घटना मितिः** २०८० असार २५ गते
**स्थलगत अध्ययन मितिः** २०८० असार २९ गते
**अध्ययनको उद्देश्यः**

- स्थलगत अध्ययन गरी घटनाको सत्य तथ्य बाहिर ल्याउनु।
- पीडितको न्यायका लागि सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउनु।

**स्थलगत अध्ययन टोलीको नामावलीः**

१. राजु पासवान, प्रदेश संयोजक, इन्सेक मधेश प्रदेश
२. अनीता चौधरी, सिरहा जिल्ला संयोजक, ओरेक
३. बरुण बस्याल, कार्यक्रम फोकल पर्सन, इन्सेक मधेश प्रदेश
४. दुर्गा परियार, सिरहा जिल्ला प्रतिनिधि, इन्सेक

**पृष्ठभूमि**

सिरहा जिल्लाको सदरमुकाम सिरहास्थित जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान महोत्तरी जिल्ला जलेश्वर नगरपालिका-९ निवासी २६ वर्षीय अनु रायलाई इन्स्पेक्टर ३३ वर्षीय हेमन्त राईले कुटपिट गरी यातना दिएको घटना विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालहरूमा सार्वजनिक भएपछि उक्त घटनाको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेश र ओरेक सिरहा प्रतिनिधिले २०८० असार २९ गते स्थलगत अध्ययन गरेका थिए। अध्ययन टोलीले घटनास्थल, पीडित प्रहरी जवान, आरोपित लगायत सरोकारवालसँग छलफल गरी यो प्रारम्भिक प्रतिवेदन तयार गरेको हो।



**घटना विवरण**

महोतरी जिल्ला जलेश्वर नगरपालिका-९ घर भई हाल जिल्ला प्रहरी कार्यालय, सिरहामा कार्यरत २६ वर्षीय प्रहरी जवान अनु राय २०८० असार २४ गते सिरहा जिल्लाको मिर्चैया बजारमा ड्युटी गरी राती ३ बजे कार्यालयमा फर्किएको र आराम गरी ड्यूटी गरेर पुन असार २५ गते राती १०



*घटनाको बारेमा जिल्ला प्रहरी कार्यालयका एसपी टेकुनन्द इवा लिम्बुसँग जानकारी लिँदै*

बजेको लागि पनि हबल्दार मेजर धर्मदेव यादवले डयूटीमा खटाएकाले हबल्दारसँग गुनासो गर्दा हबल्दारले इन्स्पेक्टर हेमन्त राईसँग कुरा गर्न भन्नु भएको रहेछ।

इन्स्पेक्टरसँग कुरा गर्न प्रहरी जवान राय पुग्दा इन्स्पेक्टर राईले अपशब्द बोली गालीगलौज गरेपछि किन गाली गरेको भनी सोध्दा कुट्न थालेपछि प्रहरी कार्यालय बाहिर भागेको र इन्स्पेक्टरको आदेशमा केही प्रहरीहरूले प्रहरी जवान रायलाई नियन्त्रणमा लिई हतकडी लगाई इन्स्पेक्टर नजिक पुऱ्याउँदा थप्पड र बुटले कुटपिट गरी स्वास्थ्य जाँच गर्न लगेको र परीक्षणका क्रममा मादक पदार्थ सेवन गरेको प्रमाणित नभएपछि तीन दिनसम्म लगातार परीक्षण गरेको लगाएको पीडितको भनाइ रहेको छ।

असार २५ गते रातीदेखि असार २६ गते दिनभरिसम्म थुनामा राखेको र असार २७ गते नेपाल प्रहरीका मधेश प्रमुख डिआइजी निरीक्षणको क्रममा जिल्ला प्रहरी कार्यालयमा पुगेका बेला हिरासतमा नराख्न निर्देशन दिए पनि असार २७ गते १२ बजेदेखि ६ बजेसम्म थुनामा राखेको पीडित प्रहरी जवान रायको आरोप रहेको छ।

आरोपित इन्स्पेक्टर ३३ वर्षीय हेमन्त राइले आफू बेलुका ड्युटीमा जान कार्यालयमा आएको र होहल्ला सुनेपछि बाहिर आई हेर्दा प्रहरी जवान अनु रायले होहल्ला गरिरहेको, मर्ने मार्ने भन्दै सेन्ट्रीको बन्दुक खोस्ने प्रयास गरेको र बाहिर मर्छु भन्दै हिँडेपछि उनलाई नियन्त्रणमा लिई स्वास्थ्य परीक्षण गर्न पठाएको र बढी होहल्ला गर्दा बाँया खुट्टाले एक बुट हिर्काको तर यातना नदिएको बताए।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख तथा डिआईजी जनक भट्टराई जिल्ला प्रहरी कार्यालयको निरीक्षणमा असार २७ गते पुगेका थिए। कुटपिट घटनाको जानकारी हुनासाथ प्रदेश प्रहरी कार्यालयका डिएसपी ज्ञानकुमार महतोको नेतृत्वमा छानबिन समिति बनाइएको छ। उक्त समितिले निष्पक्ष तरिकाले प्रविधिको प्रयोग गरेर छानविन गरेको र छानविनको प्रतिवेदन निष्पक्ष तवरले सम्बन्धित निकायलाई पेश गर्ने समितिका संयोजक महतोको भनाइ रहेको छ।

**पीडित तथा सरोकारवालाहरूको भनाइ**

***अनु राय, प्रहरी जवान, जिल्ला प्रहरी कार्यालय (पीडित प्रहरी जवान)***

सिरहा जिल्ला मिर्चैया नगरपालिकामा भएको आन्दोलनमा शान्ति सुरक्षाका लागि २०८० असार २४ गते खटिएको र राती ३ बजे फर्किएर जिल्ला प्रहरी कार्यालय सिरहा आएको र आराम

गरेर डयूटी गरेर पुन असार २५ गते राती १० बजेको लागि पनि हबल्दार मेजरले डयूटीमा खटाएकोले हबल्दार मेजरसँग गुनासो गर्दा हबल्दार मेजरले इन्स्पेक्टर हेमन्त राईसँग कुरा गर्न भन्नु भयो। इन्सपेक्टर राईसँग कुरा गर्दा आफुलाई अपशब्द बोली गालीगलौज गरेपछि आफूले किन गाली गरेको भनि प्रतिकार गर्दा कुटपिट गर्न थालेपछि आफू कार्यालय बाहिर भागेको र इन्स्पेक्टरको आदेशमा केही प्रहरीहरूले मलाई नियन्त्रणमा लिई हथकडी लगाएर इन्स्पेक्टर नजिक ल्याए। इन्स्पेक्टर राईले पुनः मलाई थप्पड र बुटले कुटपिट गरी स्वास्थ्य परीक्षण गर्न लगेको र सो क्रममा मादक पदार्थ सेवन गरेको प्रमाणित नभएपछि तीन पटकसम्म स्वास्थ्य परीक्षण गरियो। असार २५ गते राती हिरासत तथा थुनामा राखेको, असार २६ गते दिनभरि राखेको र असार २७ गते प्रदेश प्रहरीका डिआइजी जनक भट्टराइको निरीक्षण थियो, डिआइजीले हिरासतमा नराख्न निर्देशन दिए पनि असार २७ गते १२ बजेदेखि ६ बजेसम्म प्रहरी हिरासतमा राखेको थियो। मलाई अहिले कुनै ड्युटी दिइएको छैन।

***हेमन्त राई, इन्स्पेक्टर, जिल्ला प्रहरी कार्यालय, सिरहा***

असार २५ गते बेलुका डयूटीमा जान कार्यालयमा आएको थिएँ। होहल्ला सुनेपछि बाहिर आई हेर्दा प्रहरी जवान अनु रायले हो हल्ला गरिरहेको, मर्ने मार्ने भन्दै सेन्ट्रीको बन्दुक खोस्ने प्रयास गरेको र बाहिर मर्छु भन्दै हिँडेपछि केही अनर्थ गर्‍यो भने सङ्गठनको बदनाम हुने भएकोले डयूटीमा रहेको अन्य प्रहरीहरूलाई नियन्त्रणमा लिन पठाएको र भाग्ने क्रममा लडेर घाइते भएको हो। मैले कुनै अपशब्द बोलेको छैन। मैले पनि असईबाट जागिर सुरुआत गरेको हुँ। मैले ग्राउण्डमा काम गर्ने जुनियर प्रहरी साथीहरूका समस्याहरू राम्रोसँग बुझेको छु। आगामी दिनमा प्रहरी सङ्गठनमा आफ्नो पद बढुवासमेत हुने र विभिन्न अवसरहरू प्राप्त हुने भएको हुँदा यातना दिने सोच्ने कुरै भएन। प्रहरीले नियन्त्रणमा लिएपछि डिएसपी सरलाई जानकारी गराएर मेडिकल गर्न पठाएको हो। बढी हो हल्ला गर्दा बाँया खुट्टाले उसको पिठ्युँमा एक बुट हिर्काएको तर यातना दिएको चाहिँ होइन। हामीले प्रहरी जवानहरूलाई हरेक ६ महिनामा उत्तरमा (हाइवे तर्फ) कार्यरतलाई दक्षिण र दक्षिणमा (बोर्डर) कार्यरत प्रहरीहरूलाई अदली बदली गर्ने गरेकोमा अनु रायलाई पनि मिर्चैया पठाउँदा त्यहाँ जाँदिन बरु जागिर छोड्ने भने पछि गरिबको बच्चा हो किन जागिर छोड्छौ भनेर सिरहामा नै राखेको हो।

***रविन्द्रराज पाण्डे, डिएसपी, जिल्ला प्रहरी कार्यालय सिरहा***

पीडित भनिएका प्रहरी जवान अनु रायले मादक पदार्थ सेवन वा अन्य केही नशालु पदार्थ सेवन गरी होहल्ला गरी सेन्ट्रीको बन्दुक खोस्ने प्रयास गरेपछि इन्स्पेक्टर हेमन्त राईले प्रहरीहरू मार्फत नियन्त्रणमा लिएर घटनाको जानकारी गराएपछि मेडिकल गरी नियन्त्रणमा राख्न आदेश दिएको हो। इन्स्पेक्टर राईले कुनै किसिमको यातना नदिएको र यो प्रहरी जवान आफै विवादित मान्छे हो, प्रहरी बर्दीमै मादकपदार्थ चोरेको आरोपमा निलम्बनमा परेको थियो। प्रदेश कार्यालयबाट डिएसपी ज्ञानकुमार महतोको कमाण्डमा घटनाको छानविन टोली आएको छ। घटनाको छानविनको क्रममा आएको प्रतिवेदनको आधारमा दोषीलाई कारबाही हुन्छ।

***ज्ञानकुमार महतो, डिएसपी, प्रदेश प्रहरी कार्यालय (घटना छानविन समितिका संयोजक)***

घटना थाहा पाएपछि घटनाको छानविनको लागि आएको हुँ। हाम्रो टोलीले

घटनाको निष्पक्ष तरिकाले छानविन गरिरहेक छ। छानविन प्रतिवेदन मधेश प्रदेश प्रहरी कार्यालयमा पेश गर्नेछु।

***टेकुनन्द इवा लिम्बु, एसपी, जिल्ला प्रहरी कार्यालय, सिरहा***

नेपाल प्रहरीमा धेरै सुधार भएको छ। अहिले प्रहरीले कसैलाई कुटपिट गर्दैन। प्रहरीले अरुलाई त कुट्दैन झन् आफ्नै प्रहरीलाई यातना दिने कुरै भएन। मधेश प्रदेश प्रहरी कार्यालयको छानविन समितिले दिएको प्रतिवेदनको आधारमा दोषी जो कोही भए पनि कारबाही प्रकृया अगाडि बढाउँछौं।

**निष्कर्ष**

सिरहा जिल्लाको सदरमुकाम सिरहा माडरस्थित जिल्ला प्रहरी कार्यालयमा प्रहरी जवान महोत्तरी जिल्ला जलेश्वर नगरपालिका-९ निवासी २६ वर्षीय अनु रायलाई असार २५ गते राती हात पछाडि पारी हथकडी लगाएर कुटपिट गरेको पाइयो। पीडित प्रहरी जवान रायले आफूलाई इन्स्पेक्टर ३३ वर्षीय हेमन्त राइको निर्देशनमा हतमा हथकडी लगाएर कुटपिट गरी यातना दिएको इन्सेक नेतृत्वको टोलीलाई बताए।

प्रहरी जवान अनु रायले प्रहरी कार्यालय भित्र होहल्ला गरेको देखेपछि डयूटीमा रहेको अन्य प्रहरीहरूलाई नियन्त्रणमा लिन लगाएको घटनामा संलग्न भनिएको आरोपित इन्स्पेक्टर राईको भनाइ रहको छ। तसर्थ प्रहरी संगठन भित्रै प्रहरीबिच नै सामाजिक सञ्जाल र सञ्चार माध्यममा समेत घटना सार्वजनिक भएको र इन्सेक नेतृत्वको टोलीले पनि दुबै पक्षको कुरा सुन्दा घटना भएकै देखिन्छ।

## मानव अधिकार शताब्दी पुरुष डा. गौरीशङ्कर लाल दास



सिराहा जिल्लाको इनर्वामा जन्मनु भएका डा. गौरीशङ्कर लाल दास यही वर्ष असोज १६ गते १ सय वर्षमा प्रवेश गर्दै हुनुहुन्छ। राष्ट्रिय मानव अधिकार आयोगका संस्थापक आयुक्त तथा २३ औं प्रकाश मानव अधिकार पुरस्कारबाट २०७४ सालमा सम्मानित व्यक्तित्व डा. दासलाई मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा उहाँको सकृयता कायम रहोस् भन्ने शुभकामना व्यक्त गर्दछौं।

२०११ सालदेखि चिकित्सा पेशाबाट व्यावसायिक जीवन प्रारम्भ गर्नुभएका डा. दासले नेपालमा क्षयरोग निवारणका लागि उल्लेख्य योगदान गर्नुभएको छ। डा. दास ज्येष्ठ नागरिक अधिकार अभियन्ता, मानव अधिकारकर्मी र कुशल प्रशासकका रूपमा सुपरिचित हुनुहुन्छ। २०५२ सालदेखि २०६३ सालसम्म नेपालमा भएको सशस्त्र द्वन्द्वको समयमा मानव अधिकार र मानवीय कानुनको परिपालनामा द्वन्द्वरत पक्षलाई जिम्मेवार बनाउन वकालत गर्नुभएका डा. दासले त्यसबेला कैयन् अवसरमा मानव अधिकार उल्लङ्घनका घटनाको अनुगमन र अनुसन्धान कार्यमा संलग्न हुनुहुन्थ्यो। सो क्रममा इन्सेकले उहाँसँग सहकार्य गर्ने अवसरसमेत पाएको थियो।

मानव अधिकार आयोगको आयुक्तबाट सेवा निवृत्त हुनुभएपछि डा. दास ज्येष्ठ नागरिकका अधिकारका सवालमा क्रियाशील रहँदै आउनु भएको छ। उहाँको सकृयतामा भएका वकालतका कारण ज्येष्ठ नागरिकका अधिकार संरक्षणमा राज्यले चासो बढाएको पाइन्छ। मानव अधिकार संरक्षण तथा संवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएका शताब्दी पुरुष डा. दासको सुस्वाथ्यको कामना गर्दछौं।

स्मृति

# फेरि पनि प्रकाशकै सम्झनामा



नेपालको मानवअधिकार आन्दोलनका अथक योद्धा प्रकाश काफ्लेको दुःखद् निधन भएको ३१ वर्ष बितेको छ। भारतको सर्वोच्च अदालतका भूतपूर्व प्रधानन्यायाधीश पी. एन. भगवतीको अध्यक्षतामा गठित साउथ एशियन टास्क फोर्स अन जुडिसियरी फर ह्युम्यान राइट्सको श्रीलंकामा भएको बैठकमा भाग लिएर ०४९ साउन १६ गते स्वदेश फर्किँदा उहाँ चढ्नुभएको थाई एयरलाइन्सको विमान नुवाकोटको घोप्टेभीरमा दुर्घटनाग्रस्त हुन पुगी उहाँको दुःखद् निधन भएको थियो।

# २९ औँ "प्रकाश मानव अधिकार पुरस्कार" सामाजिक अभियन्ता रुकय्या खातुनलाई




यस वर्षको प्रकाश मानव अधिकार पुरस्कार शोषण तथा विभेद मुक्त समाज निर्माणको अभियानमा दुई दशक भन्दा बढी समयदेखि क्रियाशील तौलिहवा, कपिलवस्तुकी ४५ वर्षीया रुकय्या खातुनलाई प्रदान गरिने भएको छ । इन्सेक कार्यसमितिको २०८० साउन ९ गते सम्पन्न बैठकले संस्थाका सल्लाहकार तथा संस्थापक अध्यक्ष सुशील प्याकुरेलको संयोजकत्वमा गठित पाँच सदस्यीय पुरस्कार छनोट समितिको सिफारिसका आधारमा उहाँलाई २९ औँ "प्रकाश मानव अधिकार पुरस्कार"बाट सम्मानित गर्ने निर्णय गरेको हो ।

इन्सेकका संस्थापक महासचिव स्व. प्रकाश काफ्लेको २०४९ साउन १६ गते नुवाकोटको घोप्टेभिरमा भएको थाइएयर दुर्घटनामा निधन भएको थियो । नेपालको मानव अधिकार र सामाजिक न्यायको अभियानमा काफ्लेले पुऱ्याउनु भएको योगदानको स्मरण गर्दै उहाँको स्मृतिलाई चिरस्थायी बनाउने उद्देश्यका साथ इन्सेकले "प्रकाश मानव अधिकार पुरस्कार" प्रदान गर्दै आएको छ । नेपालको राजनीतिक, शैक्षिक, स्वास्थ्य तथा सामाजिक लगायतका क्षेत्रबाट अधिकारउन्मुख चेतनामा आधारित भएर विशिष्ट योगदान गरेका व्यक्तित्वलाई "प्रकाश स्मृति दिवस"को अवसर पारेर पुरस्कृत गरिँदै आएको छ । यो पुरस्कारबाट यसअघि वरिष्ठ पत्रकार स्व. विनयकुमार कसजु, वरिष्ठ समाजसेवी स्व.दयावीरसिंह कंसाकार, डा. गौरीशंकरलाल दास, दलित अधिकारकर्मी रामरतिदेवी राम, महिला अधिकारकर्मी बसन्तीदेवी झा, वरिष्ठ पत्रकार नारायण शर्मालगायत २८ जना सम्मानित भइसक्नु भएको छ ।

सम्माननीय प्रधानन्यायाधीश हरिकृष्ण कार्कीको प्रमुख आतिथ्यमा २०८० साउन १६ गते काठमाडौँमा सम्पन्न हुने एक समारोहमा श्री खातुनलाई सम्मान गर्ने कार्यक्रम रहेको छ । पुरस्कृत व्यक्तित्वलाई सम्मानपत्रसहित ५० हजार नगद प्रदान गर्ने गरिएको छ ।

# हाम्रा राजनीतिक दल र जनप्रतिनिधिहरू जनअपेक्षा पूरा गर्ने दायित्वमा इमान्दार उत्रन सक्नुपर्छ

पूर्वसभामुख **दमननाथ ढुङ्गाना** नेपालको मानव अधिकार लोकतन्त्र तथा नागरिक स्वतन्त्रता सुपरिचित वरिष्ठ व्यक्तित्व हुनुहुन्छ। दश वर्ष लामो सशस्त्र द्वन्द्वका क्रममा उहाँले स्व. पद्मरत्न तुलाधारको नेतृत्वमा सशस्त्र द्वन्द्वरत पक्षलाई शान्ति प्रकृयामा ल्याउन मध्यस्थकर्ताका रूपमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो। प्रस्तुत छ अग्रज मानव अधिकारकर्मी ढुङ्गानासँग नेपालको मानव अधिकार अवस्थाका बारेमा रमेशप्रसाद तिमल्सिनाले गर्नु भएको कुराकानीको सम्पादित अंश।



**पञ्चायतकालमा मानव अधिकारको अवस्था कस्तो थियो ? पञ्चायतकालमा मानव अधिकारका उपभोग गर्न सम्भव थियो ?**

हलेदो भनेपछि किन कोट्याउनु ? यसो भने जस्तै कुरा हो यो। आधुनिक राज्य भनेको मानव अधिकार प्रत्याभूत राज्य हो। राज्य व्यवस्था मानवीय हुनै पर्दछ। ऐतिहासिक सन्दर्भका रूपमा बाहेक त्यस्तो व्यवस्थाको के कुरा गर्नु जुन सही मानेमा मानवीय व्यवस्था नै थिएन। किनभने त्यसमा मानव अधिकारका कतिपय आधारभूत पक्ष इन्कार गरिएका थिए। शान्तिपूर्ण सङ्गठन गठन तथा सञ्चालनको हकलगायत कतिपय वैयक्तिक स्वतन्त्रता निषेधित थिए। देशको मूल कानुन, २०१९ सालको त्यो संविधान सर्वथा राजाको इच्छा तथा तजबिजमा बनेको तथा चलेको थियो। त्यसमा विधिवत विरोधको हक मान्य थिएन।

२०१७ साल पुस १ गतेदेखि ०४७ सालको उज्यालो अनुभूति नभएसम्मको त्यो कालखण्ड, राजनीतिक दलहरूमाथिको प्रतिबन्ध फुक्का नभएको अर्थमा, विरोधी सङ्गठित नहुन् भन्ने नै राज्यको मुल नीति भएको प्रष्ट बुझिन्थ्यो। आधुनिक राज्यमा आतङ्ककर्ताहरू बाहेक सिद्धान्तत शान्तिपूर्ण तथा उदार मूल्य मान्यताप्रति प्रतिबद्ध राजनीतिक दलमाथि समेत रोक लगाउनु भनेको मानव अधिकारको मुटुमै प्रहार गर्नु सरह हो।

राजनीतिक दलको टिकटबाट निर्वाचित भएर आए पनि, सार्वभौम जनताको सर्वोच्च संस्थाको महान् जिम्मेवारी सम्हाल्न थालिसकेपछि माननीयहरू वा अरु कसैले पनि सभामुखलाई पार्टीको चश्माले हेर्ने गर्नु हुँदैन। यस्तो पूर्वाग्रह राख्ने काम विल्कुलै गर्नु हुँदैन। सभामुख स्वभावतः तटस्थ, निष्पक्ष छ, सबै माननीयलाई समान व्यवहार गर्न तथा सबैको साझा विश्वासको सभामुख हुन सङ्कल्पित छ भन्ने धारणा तथा विश्वासमा सहकार्य अघि बढ्ने वातावरण बनाउन सबै लाग्नै पर्दछ। समष्टिमा सभाको प्रतिष्ठा भनेकै माननीयहरू तथा सभामुखबिचको सदाशय तथा उदाहरणीय सहकार्यबाट आम जनता माझ बन्ने एउटा छवि वा मान्यता हो।

जे होस्, आज ती सबै इतिहासका कुरा भइसके। वर्तमानमा विशेष चनाखो हुनुपर्ने विषय भने एउटै छ। त्यस्ता कालरात्री कुनै पनि रङ्रूप तथा बहानामा नदोहोरिउन्। आजका हाम्रा दल र जनप्रतिनिधिहरू वर्तमान अग्रगमनले जगाएका जनअपेक्षाहरू पूरा गर्ने दायित्वका कुरामा इमान जमानमा खरो उत्रन सकुन्।

**प्रजातान्त्रिक आन्दोलनमा मानव अधिकारकर्मीले के कसरी सहयोग पुऱ्याएका थिए ?**

२०१७ साल पुस १ गतेपछिको कालखण्ड, मोटामोटी रूपमा भन्नुपर्दा, लगभग सात वर्ष (०२४ साल) सम्मको अवधि कठोरभन्दा पनि कठोर थियो। देशमा मानव अधिकार प्रचलन अथवा स्वतन्त्रता उपभोगका अर्थमा कानुनी राज्यको नामोनिसान थिएन भने पनि हुन्छ। त्यतिबेला राजाको शासनको विरोधी अथवा अराष्ट्रिय तत्वका नाममा जोसुकैलाई जस्तोसुकै व्यवहार गर्न सकिन्थ्यो। दलहरू प्रतिबन्धित मात्र थिएनन्, दलीय नेता तथा कार्यकर्ताहरू जेलमा, निर्वासनमा, सिथिल या समर्पणको मनस्थितिमा थिए। राज्यको दवदबा उत्कर्षमा थियो। त्यस्तो जोखिमका घडिमा पनि बौद्धिक क्षेत्रका चेतनशील व्यक्तिहरू, खासगरी शिक्षक तथा केही पत्रकारले निष्पट्ट अध्याँरोमा पनि उज्यालोको झिल्को देखाउने काम गरेका थिए। यसका अतिरिक्त क्रमश देशव्यापी तथा अझ प्रभावकारी रूपमा २०२० को दशकदेखि स्वतन्त्र विद्यार्थी युनियन आन्दोलन र २०३० को दशकदेखि बन्दी विमोचन संस्था, एम्नेष्टी इन्टरनेशनल जस्ता दर्ता नभएका संस्था तथा केही मानव अधिकारवादी समूहहरूले वातावरण खुकुलो बनाउने दिशामा उल्लेखनीय भूमिका खेलेकै हुन्। तिनताक व्यवस्थासँग असहमत हुने अथवा सार्वजनिक रूपमै व्यवस्था विरोधी हुने भन्नु नै मुख्यरूपमा यिनै थिए।

यस पङ्क्तिमा, निर्दलीय संविधान अन्तर्गत नै भएपनि, २०२४ र २०२८ सालका स्नातक निर्वाचनहरूले सत्ताको त्रास कम गर्ने दिशामा केही हदसम्म भएपनि वातावरण हलुको बनाइ दिने गरी

गरेको योगदानको पनि यथास्थानमा उच्च मुल्याङ्कन गर्नै पर्दछ।

**प्रजातन्त्र प्राप्तिलगत्तै मानव अधिकारसम्बन्धी महासन्धिहरूमा नेपाल पक्ष राष्ट्र भयो। यसमा राजनीतिक सुझबुझले काम गरेको हो कि अधिकारकर्मीले पैरवी पनि गरेका थिए ?**

नेपालको राजनीतिको यो एउटा बिडम्वना/दुर्भाग्य नै भन्नु पर्दछ कि २००७ सालको युगान्तकारी राजनीतिक परिवर्तनसँगै प्राप्त भइसकेको राजनीतिक सङ्गठनको हक (बहुदल) प्राप्त गर्न पनि हामी जनताले पुनः २९ वर्षसम्म कठोर सङ्घर्ष गर्नु पर्‍यो। तीनै सङ्घर्षको प्रतिफल नेपाली कांग्रेस तथा वाममोर्चाको मञ्जुरीबाट कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रित्वमा २०४७ वैशाख ६ मा अन्तरिम सरकार गठन हुँदा जनपक्षका लागि त्यो स्वयम्मा ठूलो आशा भरोसाको घडी भएथ्यो। यस निमित्त पनि कि राज्य मानव अधिकारप्रति अनुदार हुँदा व्यक्तिले के कस्तोसम्म यातना भोग्नुपर्दछ भन्ने सम्बन्धमा भट्टराईजी स्वयम् भुक्तभोगी हुनुहुन्थ्यो। प्रतिनिधि सभाको सभामुख हुँदा पनि २०१७ साल पुस १ गतेको शाही कदमको सिलसिलमा पक्राउ मात्र नपरी बिना आरोप, बिना न्यायिक सुनुवाइ लगातार १० वर्षको कारागार जीवन असाधारण अडानसाथ जस प्रकार उहाँले व्यतित गर्नु भएको थियो। त्यसबाट विश्व मानव अधिकार समुदायको नजरमा पनि एउटा मिसाल सरह मान्यता उहाँले हासिल गरिसक्नु भएथ्यो। यसवापत एमनेष्टी इन्टरनेशनले उहाँलाई ...विशिष्ट बन्दीको सम्मान' पनि अर्पण गरिसकेको थियो। यस पृष्ठभूमिमा थप प्रष्ट गरिरहन नपर्ला कि भट्टराईजी स्वयम्को प्रतिबद्धताका अतिरिक्त, हाम्रो देशको मानव अधिकारवादी समुदाय, राजनीतिक दल तथा लोकतान्त्रिक परिवर्तनलाई साथ दिने सबैको सद्भावना तथा सत्प्रयासबाट ०४७ सालको लोकतान्त्रिक परिवर्तन लगत्तै हामी पनि मानव अधिकार महासन्धिको हस्ताक्षरकर्ता मुलुकको गौरव हासिल गर्न समर्थ भएका हौं।

**०४८ सालको निर्वाचनमा यहाँ सभामुख हुनुभयो। प्रतिनिधि सभा सञ्चालनका केही रोचक प्रसङ्ग पनि छन् कि ?**

किन नहुनु ? थुप्रै छन्। यीमध्ये पहिलो उलेख्य प्रसङ्ग यो बराबर अर्को कुन होला ? नेपालको राजनीतिका दुई मुख्यधार नेपाली कांग्रेस र वामपन्थी ( कम्युनिष्ट) धारको प्रतिनिधित्व गर्दै गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री तथा मनमोहन अधिकारी प्रतिनिधि सभामा प्रतिपक्षको मुख्य नेता हुनु। साथै, २०१७ सालपछिको युवा सङ्घर्षको प्रतिनिधि पात्रका रूपमा सार्वभौम संसदको पहिलो निर्वाचित सभामुख म हुन पुग्नु। यस यथार्थलाई ...रोचक' भन्नु भन्दा "लोकतन्त्र संस्थागत गर्ने आशाप्रद अवस्था" भन्नु अझ उपयुक्त होला।

**प्रतिनिधि सभा संचालनका संसदमा सभामुखले बिर्सन नहुने विषय के के हुन् ?**

सभा सञ्चालन गर्दा होस्, सभा बाहिर अथवा जहाँसुकै किन नहोस्, आफ्ना बोली, वचन, व्यवहार, आचरणबाट यस्तो धारणा बन्ने कामबाट सभामुख प्रथमत बिल्कुलै टाढा रहने गर्नु पर्दछ ताकि कुनै पनि माननीयले अथवा अन्य कसैले पनि, निजलाई यो वा त्यो पार्टीको प्रतिनिधिका

रूपमा हेर्ने ठाउँ वा आधार भेट्दै नभेटुन्।

एकतर्फी रूपमा सभामुख मात्र त्यस्तो हुन खोजेर पुग्दैन। राजनीतिक दलको टिकटबाट निर्वाचित भएर आए पनि, सार्वभौम जनताको सर्वोच्च संस्थाको महान् जिम्मेवारी सम्हाल्न थालिसकेपछि माननीयहरू वा अरु कसैले पनि सभामुखलाई पार्टीको चश्माले हेर्ने गर्नु हुँदैन। यस्तो पूर्वाग्रह राख्ने काम विल्कुलै गर्नु हुँदैन। सभामुख स्वभावतः तटस्थ, निष्पक्ष छ, सबै माननीयलाई समान व्यवहार गर्न तथा सबैको साझा विश्वासको सभामुख हुन सङ्कल्पित छ भन्ने धारणा तथा विश्वासमा सहकार्य अघि बढ्ने वातावरण बनाउन सबै लाग्नै पर्दछ। समष्टिमा सभाको प्रतिष्ठा भनेकै माननीयहरू तथा सभामुखबिचको सदाशय तथा उदाहरणीय सहकार्यबाट आम जनता माझ बन्ने एउटा छवि वा मान्यता हो।

सभामुख आफ्नो सभाको नियम, परम्परा, पहिलेका रुलिङ, संविधानलगायत अन्य देश सम्बद्ध विषयबारे पनि यथासम्भव अधिकाधिक सुसूचित, सजग तथा तन्दुरुस्त हुनैपर्ने हुन्छ। सभा वा संसदप्रति आस्थावान् यस्तो सभामुख सर्वस्वीकार्य एम्पाएर वा कुशल पाइलट सरह आफ्नो जिम्माको सबै काम, अरुलाई बढी भन्दा बढी चित्त बुझाइ, सहजै सम्पन्न गर्न सक्ने हुन्छ। सभालाई सही मानेमा आमजनताको मनमनको आशा भरोसाको केन्द्र बनाउँदै जान सक्ने हुन्छ।

सभामुखका जिम्माका तथा सभामुखबाट अपेक्षा गरिने जति काम हुन्छन् ती सबै काम समष्टिमा एक प्रकारको न्यायिक प्रकृतिका काम हुन्छन्। यसर्थ सदनमा सत्तापक्ष, प्रतिपक्ष वा अरु जो जति सदस्य किन नहुन्, ती सबैलाई उपलब्ध समय जिम्मेवारी तथा विषयको गम्भीरता अनुसार बाँडेर यथासम्भव कसैले गुनासो गर्ने ठाउँ नराखी, कार्य व्यवस्था समिति यथासम्भव सहमतिमुखी हुने गरी सञ्चालन गरी, नियम तथा कार्यसूची अनुसार, स्तरीय तथा मर्यादाजनक तरिकाले, आमजनताको विश्वास बढाउने गरी सदन सञ्चालन गर्नु सभामुखको मुख्य कर्तव्य हुन्छ।

उपरोक्त परिप्रेक्ष्यमा सभाको अध्यक्षता एक किसिमले सभामुख एक्लैले आफ्नो क्षमताको भरमा सम्पन्न गर्नुपर्ने भएतापनि, सम्बन्धित सबैलाई सदनप्रति उत्तरदायी तथा सभा जीवन्त बनाउने मूल काम कर्तव्य भने समग्रमा सभामुखको नेतृत्वमा 'टिम वर्क' का रूपमा सम्पन्न गरिने प्रकृतिको काम हुन्छ। यो सरोकारवाला सबैले स्वीकार तथा पालना गर्नैपर्ने विषय हुन्छ। यसको मतलव हो( सभाका पदाधिकारीमध्ये पनि खासगरी दलीय सचेतकहरूका अतिरिक्त उपसभामुख, प्रधानमन्त्री, प्रतिपक्षका नेता, संसदीय समितिका अध्यक्षहरू, संसद सचिवालय इत्यादि सबका सब अङ्ग प्रत्यङ्गकाबिच परस्पर सहयोगको मधुर वातावरण विकास गर्ने काममा पनि सभामुखको अहम् भुमिका हुन्छ। सभामुखमा सहजकर्ता, समन्वयकर्ता र मध्यस्थकर्ताको असाधारण तथा परिणाममुखी खुबी हुनु अझ श्रेयस्कर मानिन्छ। यसरी सबै मिल्दा मिलाउँदा निचोडमा सार्वभौम संसद, निर्माता, आमजनता ढुक्क हुने बलियो आधार बन्ने गर्दछ कि हाम्रो हकहित संरक्षण गर्ने प्रथम तथा अन्तिम अभिभावक ऊ त्यहाँ छ- प्रतिनिधि सभा, संसद छ।